
कात्तिक - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २६, अङ्क १३ | २०७४, कात्तिक १–१५ | पूर्णाङ्क ६०७ |
|---|---|---|


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नहकुल सुवेदी** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **कायम मुकायम रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | १ | इजलास नं. ९ | १ |
| संयुक्त इजलास | १० | इजलास नं. १० | ३ |
| इजलास नं. १ | ४ | इजलास नं. ११ | २ |
| इजलास नं. २ | ३ | इजलास नं. १२ | २ |
| इजलास नं. ३ | १६ | इजलास नं. १३ | ३ |
| इजलास नं. ४ | ४ | इजलास नं. १४ | ३ |
| इजलास नं. ५ | २ | इजलास नं. १५ | १ |
| इजलास नं. ६ | २ | इजलास नं. १६ | २ |
| इजलास नं. ७ | ३ | इजलास नं. १७ | ३ |
| इजलास नं. ८ | ६ | इजलास नं. १८ | ३ |
| जम्मा | ५१ | एकल इजलास | १ |
| | | जम्मा | २४ |

**कूल जम्मा ५१ + २४ = ७५**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, कात्तिक – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - ३** |
| १. | अख्तियारको दुरूपयोग गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. शरदचन्द्र शर्मा गजुरेलसमेत | |
| **संयुक्त इजलास** | | | **३ - १२** |
| २. | डाँका | नेपाल सरकार वि. दुर्गाबहादुर तामाङसमेत | |
| ३. | अपहरण तथा शरीर बन्धक एवम् जबर्जस्ती करणी | खेमनारायण ढकाल वि. नेपाल सरकार | |
| ४. | भ्रष्टाचार | नेपाल सरकार वि. अजयकुमार श्रीवास्तवसमेत | |
| ५. | भ्रष्टाचार | नेपाल सरकार वि. सदानन्द झासमेत | |
| ६. | भ्रष्टाचार | नेपाल सरकार वि. हरि बखतीसमेत | |
| ७. | भ्रष्टाचार | नेपाल सरकार वि. राजकुमार वि.क.समेत | |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चंखे पुलामी मगर | |
| ९. | कर्तव्य ज्यान तथा रहजनी चोरी | नेपाल सरकार वि. डम्बरबहादुर शाहीसमेत | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मीनबहादुर वि.क. | |
| ११. | लागु औषध डाएजेपामसमेत | श्याम लामा वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **१२ - १५** |
| १२. | उत्प्रेषण / परमादेश | प्रभुप्रसाद कलवार वि. सम्मानीय राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत | |
| १३. | कर्तव्य ज्यान | महेन्द्र पासी वि. नेपाल सरकार | |
| १४. | कर्तव्य ज्यान | जोखु अहिर वि. नेपाल सरकार | |
| १५. | लागु औषध (खैरो हेरोइन) | शिशिरजंग शाह वि. नेपाल सरकार | |
| **इजलास नं. २** | | | **१५ - १८** |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विनोद साह तेली | |
| १७. | विना इजाजत वन पैदावर | नेपाल सरकार वि. पदमबहादुर भूल | |
| १८. | डाँका चोरी तथा ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. राजेन्द्र कठरियासमेत | |
| **इजलास नं. ३** | | | **१८ - २९** |
| १९. | परमादेश | विपना बस्नेतसमेत वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| **२०.** | कर्तव्य ज्यान | रामचन्द्र रामदास *(वि.क.)* वि. नेपाल सरकार |
| **२१.** | कर्तव्य ज्यान | रिक्तबहादुर खत्री वि. नेपाल सरकार |
| **२२.** | उत्प्रेषण / परमादेश | चन्दा सुराना दुगड वि. बैंक अफ काठमाडौं लिमिटेडसमेत |
| **२३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. अन्नपूर्ण योगीसमेत |
| **२४.** | कर्तव्य ज्यान | मनोज खड्का वि. नेपाल सरकार |
| **२५.** | लागु औषध | शम्भु राजवंशी वि. नेपाल सरकार |
| **२६.** | उत्प्रेषण / परमादेश | सिता दर्लामी मगर *(दुरा)* वि. नेपाल सरकारसमेत |
| **२७.** | उत्प्रेषण | अनुजकुमार श्रेष्ठ वि. हिमालयन बैंक लि. कमलादी, काठमाडौंसमेत |
| **२८.** | उत्प्रेषण / परमादेश | टिकाराम तामाङ वि. मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडासमेत |
| **२९.** | नक्सा पास र मिलापत्र विरूद्ध घर निर्माण कार्य रोक्का गरिपाऊँ | कर्णप्रसाद देव भण्डारीसमेत वि. श्रीमती जयलक्ष्मी राजोपाध्या |

| | | |
|---|---|---|
| **३०.** | कर्तव्य ज्यान | सुकबहादुर गुरूङ वि. नेपाल सरकार |
| **३१.** | कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. गणेशबहादुर दनुवार |
| **३२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. सार्की कामी |
| **३३.** | कर्तव्य ज्यान | चितुवा भन्ने सरोज राई वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **२९ - ३१** |
| **३४.** | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सुकबहादुर परियारसमेत |
| **३५.** | निर्णय दर्ता बदर सार्वजनिक बाटो कायम | राम बेलास केवटसमेत वि. सुदामा केवट |
| **३६.** | बन्दी प्रत्यक्षीकरण | भूपेन्द्रबहादुर बस्नेत वि. सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारासमेत |
| **इजलास नं. ५** | | **३१ - ३३** |
| **३७.** | कर्तव्य ज्यान | कुमार माइला भन्ने हिक्मतबहादुर क्षेत्री वि. नेपाल सरकार |
| **३८.** | कर्तव्य ज्यान | मिकु भन्ने सर्वजित सिंह वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| **इजलास नं. ६** | | **३३ - ३५** |
| ३९. | उत्प्रेषण / परमादेश | विश्वप्रसाद पनेरू वि. लोक सेवा आयोग, अनामनगरसमेत |
| ४०. | कर्तव्य ज्यान | दलबहादुर पौडेल वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **३५ - ३७** |
| ४१. | कर्तव्य ज्यान | विष्णुबहादुर आलेमगर वि. नेपाल सरकार |
| ४२. | लागु औषध (खैरो हेरोइन) | गुडन महतो वि. नेपाल सरकार |
| ४३. | उत्प्रेषण / परमादेश | सिकेन्द्रप्रसाद यादव वि. शम्भुप्रसाद राउतसमेत |
| **इजलास नं. ८** | | **३७ - ३९** |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बाबुकाजी ग्याङ्गी मगर |
| ४५. | अंश | दिपेन्द्र बहादुर शाह वि. शैलेन्द्र शाहसमेत |
| ४६. | कर्तव्य ज्यान | धिरेन्द्रप्रसाद कर्ण, वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **३९ - ४०** |
| ४७. | जबरजस्ती करणी | अर्जुन ऋषिदेव वि. नेपाल सरकार |
| **इजलास नं. १०** | | **४० - ४१** |
| ४८. | उत्प्रेषण / प्रतिषेध | जेवरी कल्वार वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंसमेत |
| ४९. | रिसवत (भ्रष्टाचार) | शंकरप्रसाद तमल्सिना वि. नेपाल सरकार |
| ५०. | उत्प्रेषण | दिलिपकुमार श्रेष्ठ वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवारसमेत |
| **इजलास नं. ११** | | **४१ - ४३** |
| ५१. | ठगी | नेपाल सरकार वि. तेजबहादुर शाहीसमेत |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पदमी घर्ती |
| **इजलास नं. १२** | | **४३ - ४४** |
| ५३. | वैदेशिक रोजगार | नेपाल सरकार वि. रामचन्द्र अधिकारी |
| ५४. | घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ | कृष्ण कुमारी सुवेदी वि. हरिकृष्ण ढुंगेल |
| **इजलास नं. १३** | | **४४ - ४७** |
| ५५. | कर्तव्य ज्यान | मानबहादुर कुमाल वि. नेपाल सरकार |
| ५६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. करण लामिछाने मगरसमेत |
| ५७. | लुटपिट | राजिन्द्र चौधरीसमेत वि. अरविन्द झा |
| **इजलास नं. १४** | | **४७ - ४९** |
| ५८. | उत्प्रेषण / परमादेश | खुशीलाल साह वि. यातायात व्यवस्था विभाग, मीनभवन काठमाडौं |

| | | |
|---|---|---|
| ५९. | अंश चलन | लक्ष्मी पोखरेल वि. केन्द्रप्रसाद पोखरेलसमेत |
| ६०. | अंश | सफिकुन निसा जोलाहा अन्सारी वि. लियाकत अली जोलाहसमेत |
| **इजलास नं. १५** | | **४९ - ५०** |
| ६१. | उत्प्रेषण | सिमा अग्रवाल वि. नेपाल बैंक लिमिटेड, इन्द्रचोकसमेत |
| **इजलास नं. १६** | | **५० - ५१** |
| ६२. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | खिलनाथ सेढाईसमेत वि. नेपाल सरकार |
| ६३. | गैर नागरिक मोही लगत कट्टा | मकसुद मियाँ वि. राजिन्द्र राउत कुर्मी |
| **इजलास नं. १७** | | **५१ - ५४** |
| ६४. | भ्रष्टाचार | चन्द्रबहादुर वली वि. नेपाल सरकार |
| ६५. | भ्रष्टाचार | नारायणबहादुर घर्तीमगर वि. नेपाल सरकार |
| ६६. | भ्रष्टाचार | बबिता खनाल वि. नेपाल सरकार |
| **इजलास नं. १८** | | **५४ - ५६** |
| ६७. | जग्गा खिचोला घर उठाई चलन | रामप्रसाद चौधरीसमेत वि. चन्दर देवी चौधरीसमेत |
| ६८. | बन्दी प्रत्यक्षीकरण | रामगोबिन्द चौधरी वि. जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरसमेत |
| **एकल इजलास** | | **५६** |
| ६९. | उत्प्रेषण / परमादेश | मेघराज लम्साल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |

## पूर्ण इजलास

**मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CF-००४५, अख्तियारको दुरूपयोग गरी भ्रष्टाचार गरेको, नेपाल सरकार *वि. शरदचन्द्र शर्मा गजुरेलसमेत*

प्राविधिक जाँच प्रतिवदेन तयार गरिएका आरोपपत्रमा उल्लिखित सवारी साधनहरू यातायात व्यवस्था कार्यालय, भेरीमा दर्ता भएको भन्ने देखिँदैन । उक्त सवारी साधनहरू यातायात व्यवस्था कार्यालय, भेरीअन्तर्गत सञ्चालनमा रहेको र प्राविधिक जाँचका लागि ती सवारी साधनहरू कार्यालयमा लगेको भन्ने तथ्य कुनै पनि प्रमाणबाट पुष्टि हुन सकेको अवस्था छैन । सवारी साधनको नामसारी दर्ता गर्दा सवारी साधन सम्बन्धित कार्यालयमा लैजानु पर्ने भन्ने कानूनी व्यवस्था भइरहेको अवस्थामा सो कानूनी व्यवस्थाको विपरीत ३३ थान सवारी साधनहरूको एकै पटक प्राविधिक जाँच प्रतिवेदन तयार गरी झुट्टा चलानी नम्बर राखी पठाएको देखिँदा प्रतिवादी ऋषिराम खरेलसँगको मिलेमतोमा यी पुनरावेदक प्रतिवादी हरिप्रसाद श्रेष्ठसमेतको वादी दाबीको भ्रष्टाचारजन्य कसुर अपराधमा प्रत्यक्ष संलग्नता रहेको पुष्टि हुन आउने ।

प्रतिवादीमध्येका ऋषिराम खरेलले सवारी साधन नामसारी दर्ता गर्नको लागि निवेदनसाथ पेस गरेका कागजातहरू आधिकारिक भए नभएको र कानूनी प्रक्रिया पूरा भए नभएको भन्ने सम्बन्धमा जाँच गरी नामसारी दर्ताको लागि टिप्पणी उठाउने, निर्णयको लागि टिप्पणी पेस गर्ने र निर्णय गर्ने पदीय दायित्त्व भएका यी पुनरावेदक प्रतिवादीहरू रामप्रसाद अर्याल, शरदचन्द्र शर्मा गजुरेल, शुक्रप्रसाद पोख्रेल, देवेन्द्रप्रसाद अधिकारी र लालबहादुर बुढाथोकी आफ्नो कर्तव्यप्रति उदासिन रहेको देखियो । सन् १९८२ मा लिलाम भएको भनी लामो समय पछि मिति २०५३।४।३० को सिफारिस पेस भएको, ३३ थान सवारी साधनहरूमध्ये कुनै पनि सवारी साधन कार्यालयमा नल्याई अन्य कार्यालयको प्राविधिक जाँच प्रतिवेदन मात्र पेस भएको, सवारी साधन कार्यालयमा नल्याउनुको कारण उल्लेख नभएको, २०५३ सालको सिफारिस लिएर २०५५ सालमा मात्र नामसारी दर्ताको लागि निवेदन दिएको अवस्थामा समेत यी पुनरावेदक प्रतिवादीहरूले कानून तथा विभागीय निर्देशनको पालना नगरी ऋषिराम खरेलका नाममा सवारी साधनहरू नामसारी दर्ता गरेको र त्यसबाट सरकारी राजश्वमा हानि नोक्सानी पुगेको अवस्था हुँदा यी पुनरावेदक प्रतिवादीहरूले भ्रष्टाचारजन्य कसुर गरेको तथ्य निर्विवाद देखिने ।

सवारी साधनको सरूवा एवम् नामसारी दर्ता गर्दा सम्बन्धित सवारी साधन अनिवार्य रूपमा सरूवा नामसारी दर्ता गर्ने कार्यालयमा ल्याएको हुनुपर्ने देखिन्छ । साथै सवारी साधनको ठाउँसारी एवम् नामसारी गर्दा सम्बन्धित कार्यालय, बुझेर मात्र गर्नुपर्ने भन्ने विभागीय निर्देशनसमेत भएको देखिँदा सवारी साधनको सरूवा एवम् नामसारी दर्ता गर्दा सवारी नामसारीको लागि सिफारिस गर्ने कार्यालय बुझेर मात्र गर्नुपर्ने दायित्त्व सम्बन्धित कर्मचारीमाथि रहेको अवस्था देखिन्छ । पुनरावेदक प्रतिवादीहरूले सम्बन्धित कानून तथा विभागीय निर्देशनसमेतको उल्लङ्घन गरी नक्कली कागजातको आधारमा विवादित ३३ थान सवारी साधनहरू नामसारी दर्ता गर्ने गरी गरेको कार्यमा यी पुनरावेदक प्रतिवादीहरूको बद्नियत रहेको तथ्य स्थापित हुन आउने ।

सन् १९८२ मा एम.आर.एम. इलेक्ट्रिकल डिभिजनबाट लिलाम भएका सवारी साधन सावुद अवस्थामा रही रहेको भन्ने ठोस प्राविधिक प्रतिवेदन कहिँकतैबाट पेस भएको छैन । लिलाममा सकार गरिएका यी सवारी साधनहरू यति लामो अवधिसम्म

नाससारी नगरी राख्नु पर्ने तथ्यगत आधार छैन । वास्तवमा लिलाम गरी प्राप्त भएको गाडीहरू चालु हालतमा भए समयमा नै राजस्व तिरी नामसारी दर्ता गर्न सक्नु पर्ने हुन्छ । लिलामबाट प्राप्त भएको गाडी प्रस्तुत विवादित गाडीहरू हुन् भनी कुनै प्रमाणले पुष्टि गर्न सकेको छैन । सरकारी कार्यालयको किर्ते नक्कली पत्रहरू बनाई सो आधारबाट नामसारी दर्ता हुन गएको छ । यति लामो अवधिको लिलामी गाडीको नामसारी गर्दा सो सम्बन्धमा निवेदकले पेस गरेको सरकारी कार्यालयहरूको पत्र ठीक भए नभएको र सम्बन्धित कार्यालय, बुझ्नु पर्ने विभागीय परिपत्रको निर्देशन पालना गर्नेतर्फ पुनरावेदक प्रतिवादीहरूले चासो नदेखाउनु नै बदनियत रहेको पुष्टि हुन आएको हुँदा निजहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू श्रीराम बानिया, ज्ञानप्रसाद आचार्य, शालीग्राम कोइराला, नारदप्रसाद भट्टराई, जीवनाथ नेपाल, संगीता आचार्य, विनोदकुमार यादव, भिमबहादुर बस्नेत, युवराज कोइराला, शालीग्राम बजगाई, रामप्रसाद आचार्य र बाबुराम ढकालको बयान कागज हेर्दा निजहरू टिप्पणी उठाउनु पर्ने वा त्यसलाई समर्थन वा सदर गर्नुपर्ने कानूनबमोजिमको जिम्मेदारी प्राप्त कर्मचारी भएको होइन भन्ने तथ्यमा विवाद रहेको देखिँदैन । निजहरूको त्यस्तो कागजातमा सही पर्नु वा नपर्नुबाट नामसारीको प्रक्रियामा कुनै अनुकूल वा प्रतिकूल असर पर्ने स्थितिसमेत देखिँदैन । टिप्पणीमा निजहरूले सहीछाप गर्दा वा नगर्दा गाडीहरू नामसारी दर्तामा फरक पर्ने भन्ने पनि होइन । प्रतिवादीमध्येका श्रीराम बानिया प्राविधिक कर्मचारी भएको र निजले प्राविधिक जाँच गर्ने कुरासम्ममा कानूनी कर्तव्य निर्वाह गर्नुपर्ने हुन्छ । निजले विवादित गाडीको प्राविधिक जाँच गरेको भन्ने देखिँदैन । निज प्राविधिक कर्मचारी भए पनि उपरोक्त सवारी साधनहरूको प्राविधिक जाँच प्रतिवेदन निजबाट तयार भएको हो भन्ने प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । निजले पनि टिप्पणीमा पुछ्रे सहीसम्म गरेको अवस्था छ । यी प्रतिवादीहरू सवारी साधनको नामसारी दर्ताको लागि टिप्पणी उठाउँने वा निर्णयको लागि पेस गर्ने पदीय कर्तव्य तथा दायित्त्व भएका कर्मचारी नभएको र निजहरूको टिप्पणीमा सही हुनु र नहुनुको कुनै प्रयोजन नै नहुने हुँदा निज कर्मचारीहरूलाई केवल टिप्पणीमा सही गरेको भन्नेसम्मको आधारमा मात्र कसुरदार ठहर गर्न मिल्ने देखिएन । साथै प्रतिवादी दयाराम यादवले भनेबमोजिम आफूले गरेको हो भनी प्रतिवादी ऋषिराम खरेलले प्रतिवादी दयाराम यादवलाई पोल गरेको देखिन्छ तथापि निजको उक्त पोल अन्य कुनै स्वतन्त्र प्रमाणबाट समर्थित भएको नदेखिँदा सहअभियुक्तको पोलकै भरमा मात्र प्रतिवादी दयाराम यादवलाई कसुरदार ठहर गर्न मिल्नेसमेत नदेखिने ।

मुद्दा चलेको सवारी साधनको हकमा पनि मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयबमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको देखियो । यसरी राजश्व बिगोको हकमा सो सवारी साधनको मूल्य कायम गरी सोको लाग्ने राजश्व बुझाएर सवारी साधन लैजान पाउने कुरामा नेपाल सरकार र मुद्दा चलाउने अख्तियार दुरूपयोग अनुसन्धान आयोग नीतिगतरूपमा सहमत भई निर्णयसमेत गरेको हुँदा प्रतिवादीहरूबाट राजश्वको बिगो असुल गरी दाबीबमोजिम जरिवाना गर्नुपर्ने अवस्था देखिन नआउने ।

अतः माथि विवेचना गरिएका आधार कारण र प्रमाणहरूबाट प्रतिवादीमध्येका शरदचन्द्र शर्मा गजुरेल, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, देवेन्द्रप्रसाद अधिकारी, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी र शुक्रप्रसाद पोख्रेललाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिम र प्रतिवादी ऋषिराम खरेललाई सोही ऐनको दफा ८ बमोजिमको कसुरमा सोही ऐनको

दफा २९(२) बमोजिम जनही रू.५०००।- जरिवाना गर्ने र प्रतिवादीहरू श्रीराम बानिया, ज्ञानप्रसाद आचार्य, शालीग्राम कोइराला, नारदप्रसाद भट्टराई, जिवनाथ नेपाल, संगीता आचार्य, विनोदकुमार यादव, भिमबहादुर बस्नेत, युवराज कोइराला, शालीग्राम बजगाई, रामप्रसाद आचार्य, बाबुराम ढकाल र दयाराम यादवले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालतको मिति २०६४।३।३२ को फैसला मिलेको देखिँदा सदर हुने।

पुनरावेदक वादी नेपाल सरकारको तथा पुनरावेदक प्रतिवादीहरू शरदचन्द्र शर्मा गुजरेल, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, देवेन्द्रप्रसाद अधिकारी, लालबहादुर बुढाथोकी र शुक्रप्रसाद पोख्रेलको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहर गरी यस अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायबाट व्यक्त भएको राय कायम हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल फागुन १९ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०५०९ र ०७१-CR-०७६६, डाँका, *नेपाल सरकार वि. दुर्गाबहादुर तामाङसमेत र नेपाल सरकार वि. नन्दबहादुर थापा मगर*

प्रस्तुत मुद्दामा प्रतिवादीहरू जीवन भन्ने दुर्गाबहादुर तामाङ, राजकुमार नगरकोटी, मिनबहादुर थापा मगर र नन्दे भन्ने नन्दबहादुर थापा गरी चार जना भई जाहेरवालाको घरमा गई हातहतियार देखाई घरका परिवारलाई नियन्त्रणमा लिई धनमाल चोरी गरेको भन्ने देखिन आयो। मुलुकी ऐन, चोरीको महलको कानूनी व्यवस्थाको रोहमा हेर्दा डाँकाको कसुर हुनका लागि चार जनाभन्दा बढ्ताको जमातबाट जबर्जस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको हुनुपर्ने देखिन्छ। यसरी कानूनले नै डाँकाको वारदात हुनका लागि चार जनाभन्दा बढीको समूहबाट जबर्जस्ती चोरी भएको हुनुपर्ने व्यवस्था गरेको अवस्थामा चारजना मात्रको समूहबाट जाहेरवालाको घरमा गई हातहतियार देखाई डर त्रासमा पारी धनमाल चोरी गरी लगेको कार्यलाई डाँकाको वारदात भन्न मिल्ने नभई मुलुकी ऐन, चोरीको महलको ४ नं.बमोजिम जबर्जस्ती चोरीको कसुर गरेको मान्नुपर्ने देखिँदा पुनरावेदन अदालत, पाटनबाट उक्त कसुरलाई डाँकाको कसुर कायम नगरी जबर्जस्ती चोरीको कसुर कायम गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीहरूले चोरी लगेको बिगो रू.१६,६०,०००।- कायम गरी सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा प्रतिवादीहरूमध्ये प्रतिवादी जीवन भन्ने दुर्गाबहादुर तामाङको सँगसाथबाट जम्मा रू.१९,७५४।- बराबरको धनमाल बरामद भएको भन्ने मिसिल संलग्न प्रमाणबाट खुल्न आएको पाइयो। १६,६०,०००।- बराबरको धनमाल प्रतिवादीहरूले चोरी गरी लगेका भनी जाहेरीमा खुलाइएको भए पनि प्रतिवादीहरूबाट जम्मा रू.१९,७५४।- बराबरको धनमालमात्र बरामद भएको र प्रतिवादीहरूद्वारा चोरी गरेको भनिएको अन्य धनमाल प्रतिवादीहरूबाट यो यसलाई बेचबिखन गरेको वा मासेको भन्ने वादी पक्षबाट कुनै ठोस प्रमाण पेस हुन सकेको नदेखिँदा जाहेरी दरखास्त र अभियोगको आधारमा मात्र प्रतिवादीहरूले जाहेरीमा उल्लेख गरेबमोजिमकै धनमाल चोरी गरेका रहेछन् भन्न मिल्ने देखिएन। अतः प्रतिवादीहरूबाट बरामद भई आएको बिगोलाई नै बिगो कायम गर्ने गरी सुरू तथा पुनरावेदन

अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी रमेश भन्ने लोकबहादुर थापालाई सफाइ दिएको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा जाहेरवालाले दिएको किटानी जाहेरी दरखास्त एवम् अभियोग पत्रमा रमेश भन्ने लोकबहादुर थापा भन्ने उल्लेख नभई रमेश थापामात्र उल्लेख भएको देखिन्छ । प्रतिवादी लोकबहादुर थापाको बयानमा रमेश थापा भन्ने व्यक्ति आफू नभएको भनी खुलाएको र निजले पेस गरेको नागरिकताको प्रतिलिपिबाट निजको नाम लोकबहादुर थापा नै रहेको भन्ने देखिन्छ । लोकबहादुर थापा नै रमेश थापा हुन् भनी अभियोजन पक्षबाट तथ्ययुक्त प्रमाण पेस हुन सकेको पनि नदेखिएको अवस्थामा केवल वतन र उमेर मिलेकै आधारमा मात्र अभियोग पत्रमा उल्लेख गरेका रमेश थापा नै लोकबहादुर थापा हुन् भन्न मिलेन । नाम नै फरक परेको अवस्थामा वतन र उमेर मिलेकै आधारमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुन जान्छ । शङ्काको आधारमा लोकबहादुर थापा र रमेश थापा एउटै व्यक्ति हुन् भनी व्याख्या गर्नु पनि फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुने हुँदा लोकबहादुर थापालाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको देखिन आउने।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्थासमेतको आधारमा प्रतिवादीहरू जीवन भन्ने दुर्गाबहादुर तामाङ, राजकुमार नगरकोटी तथा मिनबहादुर थापाले डाँका गरेको ठहर गरेको हदसम्म सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी प्रतिवादीहरू जीवन भन्ने दुर्गाबहादुर तामाङ, राजकुमार नगरकोटी तथा मिनबहादुर थापा मगरले जाहेरवालाको रू.१९,७५४।- बिगो बराबरको धनमाल मुलुकी ऐन, चोरीको महलको ४ नं. अनुसार जबर्जस्ती चोरी गरेको ठहर गरी निज प्रतिवादीहरूलाई चोरीको महलको १४(२) नं. अनुसार जनही १$^{१}/_{२}$ (डेढ महिना) कैद र बिगोको डेढीले हुने रू. २९,६३१। (उनान्तीस हजार छ सय एकतीस रूपैयाँ) जरिवाना हुने ठहर गरी तथा अर्का प्रतिवादी लोकबहादुर थापा मगरलाई सफाइ दिने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।४।२५ मा भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

वारदात भएको भनिएको मिति र समयमा आफ्नै घर रामेछापमा रहेको, नाम नन्दे भन्ने नभई नन्दबहादुर थापा मगरमात्र रहेको, जाहेरवालाको घरमा चोरी डाँका नगरेको र पोखरामा २१ महिना जेल परेको कारण जबर्जस्ती अभियोग लगाइएको एवम् सहप्रतिवादी मिनबहादुर थापासँग चिनजान भएको भनी बयान गरेको पाइयो । अन्य सहप्रतिवादीहरूसँग चिनजान नभएको भनी बयान गरे पनि अन्य प्रतिवादीहरू जीवन भन्ने दुर्गाबहादुर तामाङ, मिनबहादुर थापासमेतले मौकाको बयानमा नन्दबहादुरलाई पोल गरेको देखिन्छ । अदालतमा कसुरमा इन्कार रहे पनि सो इन्कारी बयानलाई पुष्टि गर्ने तथ्ययुक्त प्रमाण प्रतिवादी नन्दे भन्ने नन्दबहादुर थापा मगरले गुजार्न सकेको देखिएन । जाहेरवालाको किटानी जाहेरी एवम् सहप्रतिवादीहरूको पोल बयानसमेतको आधारमा उक्त वारदातमा प्रतिवादी नन्दे भन्ने नन्दबहादुर थापा मगरको संलग्नता रहेको भन्ने नै देखिने।

प्रतिवादी नन्दे भन्ने नन्दबहादुर थापा मगरलाई हुने सजायको हकमा हेर्दा प्रस्तुत मुद्दा डाँका मुद्दा नभई जबर्जस्ती चोरीको महलको ४ नं.बमोजिम जबर्जस्ती चोरी मुद्दा रहेको र प्रतिवादीहरू जीवन भन्ने दुर्गाबहादुर तामाङ, राजकुमार नगरकोटी तथा मिनबहादुर थापालाई ऐ. महलको १४(२) नं. बमोजिम जनही १$^{१}/_{२}$ (डेढ महिना) कैद हुने र बिगोको हकमा बरामद भएको बिगो रू.१९,७५४।- (उन्नाइस हजार सात सय चवन्न रूपैयाँ) को ढेडीले हुने रू.२९,६३१।

(उनान्तीस हजार छ सय एकतीस रूपैयाँ) जरिवाना हुने ठहर भएको हुँदा समान स्तरका प्रतिवादी नन्दे भन्ने नन्दबहादुर थापा मगरको हकमा समेत चोरीको १४(२) नं. बमोजिम १$^{१}/_{२}$ (डेढ महिना) कैद र बिगो रू.१९,७५४।- (उन्नाइस हजार सात सय चवन्न रूपैयाँ) को ढेडीले हुने रू.२९,६३१।- (उनान्तीस हजार छ सजय एकतीस रूपैयाँ) जरिवाना हुने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।१६ मा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।४।२५ र २०७१।१।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भाद्र ५ गते रोज १ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-११०६ र ०६८-CR-११२५, अपहरण तथा शरीर बन्धक एवम् जबर्जस्ती करणी, *खेमनारायण ढकाल वि. नेपाल सरकार र नेपाल सरकार वि. खेमनारायण ढकालसमेत*

वारदातमा प्रतिवादीहरू चन्द्री ढकाल तथा राजेन्द्र ढकालसमेतको संलग्नता थियो भन्ने पुनरावेदक वादी नेपाल सरकारको जिकिरका सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादी खेमनारायण ढकालले पीडित परिसर "ख" लाई मानिस लगाई अपहरण गरे गराएको अवस्था देखिन्छ। पीडित परिसर "ख" सँग प्रतिवादी खेमनारायण ढकालले विवाह गरी निजको घर चितवन लगी केही दिनमात्र चितवनमा राखी पुनः काठमाडौं ल्याएको भन्नेमा दुवै पक्षको मुख मिलेको नै देखियो। पीडितका सासू तथा जेठाजु नाताका व्यक्ति रहेका प्रतिवादीहरू चन्द्री ढकाल र राजेन्द्र ढकालले अधिकारप्राप्त अधिकारी एवम् अदालतमा समेत कसुर गरेकोमा इन्कार रहेका र उक्त वारदातमा यी प्रतिवादीहरूको यो यसरी संलग्नता रहेको भनी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोजन पक्षबाट तथ्ययुक्त प्रमाण पेस हुन सकेको नदेखिई पीडितलाई चितवन घरमा रहेको समयमा प्रतिवादीहरू चन्द्री ढकाल तथा राजेन्द्र ढकालसमेतले मानसिक पीडा दिएका भन्नेसम्म आधारमा प्रतिवादी बनाइएको देखिन्छ। पीडितको मौकाको कागज एवम् बकपत्रसमेतमा प्रतिवादी खेमनारायण ढकालका साथी हौँ भन्ने व्यक्तिहरूले अपहरण गरेका भनी खुलाएको भए पनि अन्य प्रतिवादीहरूसमेतले निजलाई अपहरण गर्न लगाएको भनेका भन्न सकेको पाइएन। परिस्थितिजन्य प्रमाणबाट समेत प्रतिवादीहरू चन्द्री ढकाल तथा राजेन्द्र ढकालको उक्त वारदातमा संलग्नता रहेको नदेखिँदा निजहरूलाई दोषी ठहर गर्न मिलेन। अभियोगबाट सफाइ पाउने नै देखिने।

प्रतिवादीलाई जबर्जस्ती करणीतर्फको समेत कसुरदार ठहर हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादी खेमनारायण ढकालले पीडितलाई अपहरण गरी जबर्जस्ती करणीसमेत गर्नु भनी अह्राएका थिए भन्ने वादी पक्षबाट तथ्युक्त प्रमाण पेस गर्न सकेको पाइएन। पीडितलाई अपहरण गरेपछि अपहरणमा संलग्न व्यक्तिहरूले जबर्जस्ती करणी गरेका भन्ने पीडितको मौकाको कागज एवम् बकपत्र, घाजाँच प्रतिवेदनसमेतबाट देखिन्छ। प्रत्यक्षदर्शीको रूपमा रहेकी पीडितले अपहरण गर्ने व्यक्तिहरूले खेमनारायणले अपहरण गर्न अह्राएका भनेका हुन् भनी खुलाएको भए पनि निजहरूले अपहरण गरी जबर्जस्ती करणीसमेत गर्न लगाएको भनी उक्त अपहरणमा संलग्न व्यक्तिहरूले भनेका थिए भन्न सकेको देखिँदैन। पीडितलाई जबर्जस्ती करणी गर्ने भनिएका मुख्य अभियुक्तहरू फरार रहेको अवस्थामा अपहरण गर्न लाए अह्राएको भन्ने आधारमा प्रतिवादीले खेमनारायण

ढकालले नै पीडितलाई जबर्जस्ती करणीसमेत गर्न लगाएका थिए भनी अनुमानको भरमा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादी खेमनारायण ढकाललाई जबर्जस्ती करणीतर्फको कसुरमा समेत दोषी ठहर गर्न मिल्ने नदेखिने।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था, प्रमाण तथा आधारबाट प्रतिवादीहरू चन्द्री ढकाल तथा राजेन्द्र ढकाललाई कसुरबाट सफाइ दिई र प्रतिवादी खेमनारायण ढकाललाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ४ नं. को कसुरमा ऐ. ३ नं. ले पाँच वर्ष कैद र पच्चीस हजार रूपैयाँ जरिवाना गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी ऐ. को ४ नं. को कसुरमा ऐ. को ३ नं. ले पाँच वर्ष कैद र पच्चीस हजार रूपैयाँ जरिवाना एवम् ऐ. को १२ नं.बमोजिम ४ दिनको प्रतिदिनको रू.१,०००।- का दरले रू.४,०००।- (चार हजार रूपैयाँ) क्षतिपूर्तिसमेत प्रतिवादी रामहरि भन्ने खेमनारायण ढकालबाट पीडितले भरी पाउने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।८।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-१३५५, भ्रष्टाचार, *नेपाल सरकार वि. अजयकुमार श्रीवास्तवसमेत*

महिला स्वास्थ्य स्वयम् सेविकाको लागि आधारभूत तालिम तथा मिटिङ र हेल्थ पोस्टका इन्चार्जहरूका लागि मिटिङलगायतका कार्यक्रम सञ्चालनको लागि आ.व. २०६५।०६६ का लागि जिल्ला जनस्वास्थ्य कार्यालय, तनहुँबाट परिवार नियोजन सुपरभाईजर अजयकुमार श्रीवास्तवले रू.७,००,९४०।- पेश्की लिएकोमा तोकिएअनुसारका कार्यक्रम सञ्चालन नगरी बनावटी बिल भरपाई तयार गरी रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मुख्य अभियोग मागदाबी रहेको देखिन्छ। तोकिएअनुसारका कार्यक्रम सम्पन्न भएको र बिल भरपाई दुरूस्त रहेको भनी कार्यक्रम र बिल भरपाइको आन्तरिक लेखापरीक्षण भई उक्त कार्यक्रमहरू सम्पन्न भएको भनी जिल्ला विकास समितिबाट कार्यक्रम Approve भएको पनि देखिन्छ। साथै कार्यालयका स्टोरकिपर कमल बहादुर के.सी.ले तोकिएका कार्यक्रमहरूलाई आवश्यक पर्ने सामान खरिद गरी दाखिला गरेको समेत देखिएकोमा निजउपर अनुसन्धान भई मुद्दा दायर भएको देखिँदैन। आ.व. २०६५।०६६ को लागि स्वीकृत भएको कार्यक्रम सोही आर्थिक वर्षमा नै सम्पन्न भएको भनी बिल भरपाई पेस भई पेश्की फछ्र्योटसमेत भई सोबमोजिम आन्तरिक लेखा परीक्षणलगायतका कार्य सम्पन्न भएकोमा लामो समयपश्चात् २०७१।११।१५ आएर परेको उजुरीका आधारमा अनुसन्धान भई प्रस्तुत मुद्दा दायर भएको देखिन्छ। बिल भरपाई तयार भएको लामो समयपछि रेखा तथा लेखा विशेषज्ञबाट रेखा तथा लेखा जाँच भएकोमा लेखा तथा रेखा जाँच गर्ने विशेषज्ञ नै स्पष्ट हुन सकेको देखिँदैन। यसरी रेखा तथा लेखा विशेषज्ञ नै स्पष्ट हुन नसकेको भनी उल्लेख भएको प्रतिवेदनका आधारमा मात्र प्रतिवादीहरूले रकम हिनामिना गरेको भनी निष्कर्षमा पुग्नु न्यायोचित हुने नदेखिने।

मिसिल संलग्न प्रमाण कागजहरूबाट प्रतिवादीहरूले कुनै कार्यक्रम नै सञ्चालन नगरी झुठ्ठा बिल भरपाई तयार गरी पेश्की लिएको रकम फछ्र्योट गरी भ्रष्टाचार गरेको भन्ने प्रमाणित हुन सकेको नदेखिनुका साथै कार्यक्रमबापतका बिल भरपाईहरूको आन्तरिक लेखापरीक्षण भएकोलाई अभियोजन पक्षले अन्यथा भन्नसमेत नसकेको देखिँदा शङ्काको भरमा आरोप दाबीअनुसार भ्रष्टाचार ठहर गर्न नमिल्ने भनी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर

गरी विशेष अदालतबाट भएको फैसला अन्यथा भयो भन्ने पुनरावेदक / वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उल्लिखित आधारतथ्य र विवेचनासमेतका आधारमा यी प्रत्यर्थी / प्रतिवादीहरूले तोकिए अनुसारका कुनै पनि कार्यक्रम नै नगरी झुठ्ठा बिल भरपाई तयार गरी पेश्की फछ्यौंट गरी भ्रष्टाचार गरेको भन्ने आरोपित कसुर शङ्कारहित तवरबाट प्रमाणित हुन सकेको नदेखिँदा प्रत्यर्थी / प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी विषेश अदालत, काठमाडौंबाट मिति २०७२।५।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७३ साल मंसिर १९ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-०५९०, भ्रष्टाचार, *नेपाल सरकार वि. सदानन्द झासमेत*

विद्यालयको नाममा निकासा भएको रकमलाई सरकारको आधिकारिक निकायले बेरूजु देखाई असुलउपर गर्न सम्बन्धित निकायलाई सूचनासमेत गरी सोहीअनुरूप बेरूजु दाखिला गरेको देखिँदा सरकारी हानि नोक्सानी भएको पुष्टि हुन नसकेको हुँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालतबाट भएको फैसलालाई अन्यथा भयो भन्न सकिने अवस्था नदेखिने।

अत: उल्लिखित आधार, तथ्य र विवेचनासमेतका आधारमा अभियोग दाबीको रकम श्री राम प्रा.वि. मिर्जापुर ६ पर्साबाट बेरूजु रकम दाखिला भइसकेको र अब बाँकी बेरूजु नरहेको भन्ने देखिन आएकोले यी प्रतिवादीहरूबाट असुलउपर हुनुपर्ने रकम बैंक दाखिला भइसकेको भन्ने देखिएको र पुकार सामुदायिक अध्ययन केन्द्रका नाममा बेरूजु कायम नभएको भन्ने देखिएकोले यी प्रत्यर्थी / प्रतिवादीहरूले आरोपित कसुर गरेको भन्ने प्रमाणित हुन सकेको नदेखिँदा वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसकी प्रत्यर्थी / प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी विषेश अदालत, काठमाडौंबाट मिति २०७२।२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल मंसिर १९ गते रोज १ शुभम्।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-१०८१, भ्रष्टाचार (सरकारी जग्गा व्यक्तिको नाउँमा दर्ता), *नेपाल सरकार वि. हरि बखतीसमेत*

निवेदक शक्तिबहादुर खत्रीले आफ्नो घर जग्गा चिडियाखानामा परेको कारणबाट नगर पञ्चायतले निजलाई जग्गा उपलब्ध गराई नक्शा पास गराई घर निर्माण गरी खानेपानी, विद्युतसमेतको सुविधा लिई भोग चलन गरी बसेको व्यक्तिको भोग चलन गरेको जग्गाको दर्ता गर्ने कारवाहीका सन्दर्भमा प्रस्तुत भ्रष्टाचारको कसुरको आरोप रहेको देखिन्छ। निवेदक शक्तिबहादुर खत्री र निजका हकवालाले ४५ वर्षदेखि निरन्तररूपमा भोगचलन गरी आएको देखिएको र उक्त जग्गा दर्ता गर्ने क्रममा यी प्रतिवादीहरूले यति रकम लिनु खानु गरेको भन्ने नदेखिएको र प्रतिवादीहरूको बदनियत रहेको भन्ने प्रमाणित हुन सकेको नदेखिँदा प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालतबाट भएको फैसला अन्यथा भयो भन्न सकिने अवस्था देखिन नआउने।

अत: उल्लिखित आधार, तथ्य र विवेचनासमेतका आधारमा अभियोग दाबीबमोजिम प्रत्यर्थी / प्रतिवादीहरूले बदनियत राखी भ्रष्टाचार

गरी सार्वजनिक जग्गा दर्ता गरी आरोपित कसुर गरेको प्रमाणित हुन सकेको नदेखिँदा वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसकी प्रत्यर्थी / प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी विषेश अदालत, काठमाडौंबाट मिति २०७२।५।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मंसिर १९ गते रोज १ शुभम्।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-०४१७, विद्यालयको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. राजकुमार वि.क.समेत*

राष्ट्रिय अनुसन्धान विभागको मिति २०७१।१।२ को पत्रबाट विद्यालय सञ्चालनमा रहेको भन्ने प्रतिवेदन, मिसिल संलग्न जिल्ला शिक्षा कार्यालय, सर्लाहीको च.नं. १६९४ मिति २०६७।१।१५ को विद्यालय सञ्चालन अनुमतिसम्बन्धी पत्रलगायत कक्षा अपग्रेडसम्बन्धी पत्र तथा जिल्ला शिक्षा कार्यालय, सर्लाहीको च.नं.२४५७ मिति २०७२।१।३ को रामचन्द्र सतिमाई प्राथमिक विद्यालय हेमपुर-४ मा मापदण्डभन्दा न्यून विद्यार्थी भएकाले जिल्ला शिक्षा समितिको निर्णयअनुसार श्री जानकी जनता उच्च मा.वि. मा समायोजन गरिएको भन्ने व्यहोरा उल्लेख भएको मिसिल संलग्न पत्रसमेतबाट देखिएकोले उक्त विद्यालयको स्थापना नभएको र अस्तित्वमा नै नरहेको विद्यालयमा रकम निकासा गरेको भन्ने अभियोग दाबी प्रमाणित हुन सक्ने नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले हिनामिना वा हानि नोक्सानी गरेको भनिएको रकमको खर्च नियमसम्मत नभएको भनी बेरूजु कायम गरी बेरूजु असुलउपर गर्न सम्बन्धित निकायबाट निर्देशन भएको र सो निर्देशनबमोजिम बेरूजु भएको रकममध्ये केही रकम प्रतिवादीहरूबाट बैंक दाखिला भएको र केही रकम नियमानुसार नियमित भएको अवस्था देखिन्छ । उक्त व्यवस्थाअनुसार बेरूजु कायम भएको रकमलाई भ्रष्टाचार गरेको भनी परिभाषित गर्न मिल्दैन । बेरूजु भनेको खर्च गर्ने अख्तियारवालाले असल उद्देश्यकासाथ खर्च गर्दागर्दै पनि प्रक्रियागतरूपमा रीत नमिलेको, नियमित हुन नसकेको, कानून एंव नियमसम्मत नभएको भन्ने मानिने।

भ्रष्टाचार ठहर हुनको लागि खर्च गर्ने अख्तियारवालाले खराब नियत राखी आफूलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कार्य गरेको हुन्छ र त्यसरी गरिएको खर्चसमेत अनियमित हुन्छ । प्रस्तुत मुद्दामा भ्रष्टाचार भएको भनिएको रकम विभागीय स्तरबाट बेरूजु ठहऱ्याई बेरूजु दाखिला गर्न लगाई बेरूजु कायम भएको रकम असुलउपर भइसकेको छ । यसरी विद्यालयको नाममा निकासा भएको रकमलाई सरकारको आधिकारिक निकायले बेरूजु देखाई असुलउपर गर्न सम्बन्धित निकायलाई सूचनासमेत गरी सोहीअनुरूप बेरूजु दाखिला गरेको देखिँदा सरकारी हानि नोक्सानी भएको पुष्टि हुन नसकेको हुँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालतबाट भएको फैसलालाई अन्यथा भयो भन्न सकिने अवस्था नदेखिने।

अत: उल्लिखित आधार, तथ्य र विवेचनासमेतका आधारमा अभियोग दाबीको रकम रामचन्द्र सतिमाई प्रा.वि. हेमपुर ४ बाट बेरूजु रकम दाखिला भइसकेको र अब बाँकी बेरूजु नरहेको भन्ने देखिन आएकोले यी प्रतिवादीहरूबाट असुलउपर हुनुपर्ने रकम बैंक दाखिला भइसकेको र विद्यालय समायोजन भएको भन्ने देखिएबाट समेत विद्यालय हुँदै नभएको भन्ने अवस्था नदेखिएकोले यी प्रत्यर्थी / प्रतिवादीहरूले आरोपित कसुर गरेको भन्ने प्रमाणित हुन सकेको नदेखिँदा वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसकी प्रत्यर्थी / प्रतिवादीहरूले आरोपित

कसुरबाट सफाइ पाउने ठहर गरी विषेश अदालत, काठमाडौंबाट मिति २०७२।२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मंसिर १९ गते रोज १ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चंखे पुलामी मगर*

मिसिल संलग्न प्रमाणहरूको विश्लेषण गर्दा गर्भ तुही बिरामी अवस्थामा रहेकी श्रीमतीलाई मौकामा उपचार नगराई कुटपिट गरेका कारण बढी रगत बगी संक्रमण हुन गई निजको मृत्यु हुन गएको देखिन्छ। घटना विवरणमा कागज गर्ने व्यक्तिहरू तथा जाहेरवालाको बकपत्र, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतबाट निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान समर्थित भइरहेको देखिँदा प्रतिवादी चंखे पुलामी मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐजनको १३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू सिन्धुली जिल्ला अदालतले गरेको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसलालाई परिवर्तन गर्नुपर्ने नदेखिने।

मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कम सजायको राय व्यक्त गर्दा वारदात हुँदाको अवस्थामा के कस्ता कारणको विद्यमानता रहेको छ भन्ने कुराहरू खुलाई न्यायकर्ताले सजाय घटाउने राय व्यक्त गरेको हुनुपर्दछ। मिसिलमा एकप्रकारको तथ्यगत अवस्था हुँदाहुँदै मिसिलमा भएको तथ्यलाई एकातर्फ पन्छाएर राय व्यक्त गर्न मिल्ने अवस्था देखिँदैन। न्यायकर्तालाई चित्तमा लाग्ने भन्ने कुरा तथ्यभन्दा बाहिर गएर हुन सक्दैन। तथ्यलाई एकातर्फ पन्छाएर मनोगत आधारमा हचुवाको भरमा राय व्यक्त गर्न नमिल्ने।

मृतक श्रीमती बिना सूचना घर छाडी हिड्ने गरेकीसमेतको कारणले पति पत्नीको बढ्दो अविश्वास र असमझदारीबाट कुटपिट गर्दा श्रीमतीको मृत्यु हुन गएको एवम् कुटपिट गर्दा कुनै जोखिमी हतियारको प्रयोग गरेकसमेत नदेखिएको अवस्थामा निजलाई माथि भएबमोजिम सजाय गर्दा चर्को पर्न जाने लागेकोले निज प्रतिवादी चंखे पुलामी मगरलाई पुनरावेदन अदालत, जनकपुरले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा ऐजनको १३(३) नं. बमोजिम सजाय हुने ठहर गरी अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने गरी व्यक्त गरेको रायसहितको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।१२।२१ को फैसला मनासिब नै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल असार ७ गते रोज ३ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-०१३९, कर्तव्य ज्यान तथा रहजनी चोरी, *नेपाल सरकार वि. डम्बरबहादुर शाहीसमेत*

प्रतिवादीमध्येका भद्रबहादुर शाहीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको मौकाको बयान व्यहोरा एवम् जाहेरवाला, प्रहरीमा कागज गर्ने एवम् मौकामा कागज गर्ने व्यक्तिहरूको अदालतसमक्षको बकपत्रसमेतबाट अपराधको चरणहरूलाई मालाकाररूपमा पुष्ट्याइँ गरेको देखिन्छ। त्यसैगरी घटनास्थल लास जाँच मुचुल्कामा रगत यत्रतत्र ढुङ्गामा लतपतिएको देखिनु, मृतकको रगत लागेको जुत्ता एउटा एकातिर अर्को अर्कोतिर रहेको देखिनु, लासको फोटो र शव परीक्षण प्रतिवेदनमा "The cause of death is head trauma blunt force injury to head" भन्नेसमेत व्यहोरा उल्लेख भएको देखिनुसमेतका मिसिल संलग्न प्रमाणहरूबाट मृतकको

मृत्यु प्रतिवादीहरूको कर्तव्यबाट नै भएको थप पुष्ट्याईं हुन आएको पाइने।

प्रतिवादीहरूलाई लागेको रहजनी चोरीको कसुरको अभियोगको सम्बन्धमा हेर्दा राष्ट्रिय वाणिज्य बैँक दैलेखबाट रू ४ लाख १२ हजार टेकबहादुर थापाले नै रूपैयाँ बुझेको मिसिल सामेल रहेको जानकारी पत्रबाट देखिन्छ भने वारदातको जरिया नै उक्त रूपैयाँ भएको भन्ने घटनाक्रमहरूले पुष्ट्याईं गरिरहेको छ । प्रतिवादीहरू डम्बरबहादुर शाही र प्रेमबहादुर शाही घटना वारदात भए लगत्तै भागी फरार भई बेपत्ता भई आफ्नो सफाइ पेस गर्ने प्रयास गरेको समेत देखिँदैन। मृतकसँग सम्पर्कमा रहेकी हंशा गुरूङलगायतका व्यक्तिहरूले अदालतमा आई गरेको बकपत्रसमेतबाट वारदातको जरिया नै मृतकसँग रहेको उक्त रकम नै रहेको पुष्टि हुन आएकोले प्रतिवादीहरूले अभियोग दाबीअनुसार रहजनी चोरी गरेको पुष्टि हुन आउने।

प्रस्तुत मुद्दामा घटना वारदातका सम्बन्धमा प्रत्यक्षदर्शी साक्षीको अभाव रहेको देखिन्छ । सामान्यतया जघन्य अपराधमा चस्मदीद गवाहको अभाव हुनु सामान्यजस्तै हुन्छ । अन्य स्वतन्त्र प्रमाणहरूबाट कसुर स्थापित हुन्छ हुँदैन त्यो नै मुख्य हुन्छ । विभिन्न घटनाक्रमहरूबाट अपराध भएको मालाकाररूपमा पुष्टि भइरहेको अवस्थामा चस्मदिद गवाह नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूले सफाइ पाउने आधार बन्न सक्दैन। जघन्य प्रकृतिका अपराधहरू कसुरदारले लुकेरै गर्ने हुँदा त्यसलाई अन्यथा मान्न मिल्ने नदेखिने।

अतः माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट मृतक टेकबहादुर थापाको मृत्यु प्रतिवादीहरू डम्बरबहादुर शाही र प्रेमबहादुर शाहीसमेतको कर्तव्यबाट भएको मिसिल संलग्न परिस्थितिजन्य प्रमाण, प्रतिवादी भद्रबहादुर शाहीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान, जाहेरवाला तथा प्रहरीमा एवम् मौकामा कागज गर्ने व्यक्तिहरूको अदालतसमक्ष भएको बकपत्र, घटनास्थल तथा लास प्रकृति मुचुल्का शव परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि हुन आएको देखिँदा यी प्रतिवादीहरू डम्बरबहादुर शाही र प्रेमबहादुर शाहीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय हुने ठहऱ्याई मृतकसँग साथमा रहेको नगद रू.४,१२०००।- (चार लाख बाह्र हजार) यी प्रतिवादीहरूले चोरीको महलको ५ नं. बमोजिम रहजनी चोरी गरेकाले यी प्रतिवादीहरू डम्बरबहादुर शाही र प्रेमबहादुर शाहीलाई चोरीको १४(३) नं. तथा २७ नं. बमोजिम जनही १२ वर्ष कैद हुने र चोरीको महलको २१ नं. बमोजिम सम्वन्धित धनीले यी प्रतिवादीहरूबाट बिगो रू.४,१२०००।– (चार लाख बाह्र हजार) दामासाहीको दरले भराई लिन पाउने ठहऱ्याई भएको सुरू दैलेख जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७१।९।२८ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल असार ७ गते रोज ३ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-०१६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मीनबहादुर वि.क.*

मृतकको मृत्युको कारण Sever Head Injury भन्ने शव परीक्षण प्रतिवेनबाट देखिन आएको र लास जाँच प्रकृति मुचुल्कामा मृतकको बायाँतर्फ करङको भागमा ४.१ इन्च रातो भएको, दायाँ पाताको पछाडि ६.५ इन्चको निलडाम रहेको, दायाँ खुट्टाको नली हाडमा १.१ इन्चको खोस्रिएको दाग, टाउकाको टुप्पीको भागदेखि पछाडि ४ इन्च ठाडो घाउ, सोदेखि

३ इन्च दाहिनेतर्फ कानको नजिक ५ इन्च ठाडो काटेको घाउ रहेको भन्ने देखिँदा प्रतिवादीले मृतकको टाउकोमा चिर्पट दाउराले २ पटकमात्र हानेको भनी अदालतमा गरेको बयान आफैँमा खण्डित भएको देखिने।

मृतकको शरीरका विभिन्न भागमा रहेको घाचोटबाट मृतकलाई मार्नु पर्ने रिसइवी र पूर्व योजना नभई मृतकको पञ्जाबाट उम्की आफ्नो ज्यान बचाउनका लागिमात्र प्रतिवादीले मृतकलाई प्रहार गरेका रहेछन् भन्न सकिँदैन। मृतकको शरीर र टाउको समेतमा रहेका चोटपटकबाट मार्ने उद्देश्य नभई आफ्नो ज्यान बचाउन मात्र प्रतिवादीले मृतकलाई दाउराले हिर्काएका हुन् कि भन्ने अनुमानसमेत गर्न सकिने अवस्था नदेखिँदा प्रतिवादीको उक्त जिकिर विश्वासयोग्य नदेखिने।

प्रतिवादीउपर परेको किटानी जाहेरी र प्रतिवादी मीनबहादुर वि.क.ले मेरो बुबालाई दाउराले कुटी हत्या गरेको भनी निजउपर किटानी जाहेरी दिएको हो भन्ने जाहेरवालाको बकपत्र, मृतकले मेरो कोठामा आई यो कोठा मेरो हो भनी मलाई धकेल्दै कोठाबाहिर पुऱ्याएको हुँदा रिस थाम्न नसकी दाउराको चिर्पटले टाउको समेतमा जथाभावी हान्दा सोही चोटको कारण निजको मृत्यु भएको हुनुपर्छ भन्ने प्रतिवादीको अधिकारप्राप्त अधिकारीमा तथा आफ्नो ज्यान जोगाउनका लागि दाउराको चिर्पटले निजको टाउकामा दुईपटक हानेकोमा सोही चोटबाट निजको मृत्यु भएको हुनुपर्छ भनी अदालतमा गरेको बयान, मृत्युको कारण Sever Head Injury भन्ने शव परीक्षण प्रतिवेदन, मृतकको शरीरका विभिन्न भागमा विभिन्न साइजका घाखतहरू रहेको भन्ने शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट प्रतिवादीले चिर्पट दाउराले धनबहादुर वि.क. को टाउकोलगायत शरीरको अन्य संवेदनशील अङ्गमा पटकपटक प्रहार गरेको र सोही चोटको कारण निजको मृत्यु भएको तथ्य पुष्टि हुन आएको देखिँदा धनबहादुरले मेरो कोठामा पसी मेरो अनुहारमा मुक्का हानि घाँटी थिची कोठाबाट बाहिर निस्कन नदिएको हुँदा आफ्नो ज्यान बचाउनका लागि निजलाई चिर्पट दाउराले टाउकामा २ पटक हानेको हुँ भनी प्रतिवादीले लिएको जिकिरसँग सहमत हुन नसकिने।

एउटा सामान्य समझ भएको व्यक्तिले टाउको जस्तो संवेदनशील अङ्गमा चिर्पट दाउराले पटकपटक प्रहार गर्दा मानिसको मृत्यु हुन्छ भन्ने बुझ्न सक्ने नै हुन्छ। प्रतिवादीले मृतकको टाउकोलगायत शरीरका विभिन्न संवेदनशील अङ्गमा चिर्पट दाउराले हिर्काई हत्या गरेको देखिन्छ। मृतकलाई प्रहार गर्दा प्रयोग भएको दाउरासमेत बरामद भएको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, पोखराको फैसलालाई अन्यथा गरी रहन नपर्ने।

अतः माथि विवेचित तथ्य तथा आधार प्रमाणबाट प्रतिवादी मीनबहादुर वि.क.लाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी कास्की जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०७२।०८।०२ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेष्ठ ५ गते रोज ४ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०५९७, लागु औषध डाएजेपामसमेत, *श्याम लामा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी श्याम लामाले लागु औषध सेवन गर्ने गरेको र भारतको रक्सौलसम्म गई लागु औषध खरिद गरी सो खरिद गरेको लागु

औषध साथमा राखी लिई भारतबाट नेपाल ल्याउने क्रममा पक्राउ परेको भन्ने देखिँदा निजले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(च) को प्रतिकूल लागु औषध खरिद गर्ने, साथमा राख्ने, भारतबाट ल्याई ओसारपसार गर्ने कार्य गरेको र ऐ. दफा ४(छ) विपरीत लागु औषध सेवन गर्ने तथ्य पुष्टि हुन आएकोले आफूबाट लागु औषध बरामद नभएको र ओसारपसार नगरेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (च) र (छ) बमोजिम निषेधित कार्य गर्ने व्यक्तिलाई ऐ.दफा १४(१)(ज) र (झ) बमोजिम सजाय हुने देखिन्छ । पुनरावेदक प्रतिवादी लागु औषध खरिद गर्न भारतको रक्सौल गई लागु औषध खरिद गरी साथमा लिई भारतबाट नेपालमा ओसारपसार गर्ने कार्यमा संलग्न भएको र लागु औषध सेवनसमेत गर्ने गरेको तथ्य मिसिल प्रमाणबाट स्थापित हुन आएको यस अवस्थामा पुनरावेदक प्रतिवादीलाई ऐ.दफा १४(१)(ज) र (झ) बमोजिम सजाय हुने गरी सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसला मनासिब देखिन आउने।

अतः उल्लिखित कानूनी व्यवस्था एवम् आधार र प्रमाणसमेतबाट पुनरावेदक प्रतिवादी श्याम लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) को कसुरमा ऐ.को दफा १४(१)(झ) र (ज) बमोजिम दुई वर्ष दुई महिना कैद र एक लाख रूपैयाँ जरिवानासमेत हुने ठहऱ्याई सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।१०।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख २३ गते रोज ५ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-१२२६, उत्प्रेषण / परमादेश, *प्रभुप्रसाद कलवार वि.सम्मानीय राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत*

रिट निवेदकले दाबी लिएको नेपालको अन्तरिम संविधान, २०६३ को कार्यान्वयनका सम्बन्धमा मिति २०६९।१२।१ मा राष्ट्रपतिबाट जारी भएको बाधा अड्काउ फुकाउने आदेशको प्रकरण नं.१८ को व्यवस्थाबमोजिम मिति २०७०।८।४ मा अर्को संविधानसभाको निर्वाचन सम्पन्न भई संविधानसभा गठन भइसकेको तथ्य निर्विवाद छ । अर्को संविधानसभाको गठन भएपश्चात् संविधानसभाले निर्माण गरेको नेपालको संविधान संवत् दुई हजार बहत्तर साल असोज तीन गतेदेखि प्रारम्भ हुनेछ भन्ने नेपालको संविधानको धारा ३०७(२) मा उल्लेख भएको छ । त्यस्तै नेपालको संविधानको धारा ३०८ मा नेपालको अन्तरिम संविधान, २०६३ लाई खारेज गरिएको छ भन्ने उल्लेख भइसकेको हुँदा निवेदकले रिट निवेदनमा उठाएको विषयवस्तु र परिस्थितिमा परिवर्तन आई नेपालको अन्तरिम संविधान, २०६३ लाई नेपालको संविधानले खारेज गरी हाल नयाँ संविधान लागू भई निर्वाचन पद्वति र राजनीतिक दलको सम्बन्धमा नेपालको संविधानले छुट्टै व्यवस्था गरेको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको हुँदा रिट निवेदनको तथ्यमा प्रवेश गरी विवेचना गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन ५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०६४१, कर्तव्य ज्यान, *महेन्द्र पासी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरे तापनि प्रमाण ऐन, २०३१ बमोजिम सो इन्कारी बयानलाई पुष्टि गर्ने प्रमाण पेस गर्न सकेको देखिँदैन । कसुरमा इन्कार रहनु मात्र सफाइ पाउने आधार हुन सक्दैन । सो इन्कारीलाई वस्तुनिष्ठ अन्य स्वतन्त्र प्रमाणबाट समेत प्रमाणित गर्न सक्नुपर्दछ । प्रतिवादीले पुष्टि गर्न सकेको नदेखिँदा निजहरूको उक्त इन्कारी बयानको कुनै प्रमाणित महत्त्व रहने देखिन आएन । तसर्थ पुनरावेदक प्रतिवादीउपरको किटानी जाहेरी, सह-अभियुक्तहरूको अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा भएको बयान, मौकामा बुझिएका मानिसहरूको मौकाको कागज र अदालतसमक्षको बकपत्र र जाहेरवालाको बकपत्र, घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन, लासजाँच प्रकृति मुचुल्कासमेतका मिसिल संलग्न कागज प्रमाणसमेतबाट मृतक ललाउ कुर्मीको मृत्यु पुनरावेदक प्रतिवादी महेन्द्र पासीसमेतको कर्तव्यबाट भएको तथ्य पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादीले मृतक ललाउ कुर्मीको टाउकोमा घातक हतियार खुकुरी प्रहार गरी सोही चोटबाट मृतकको मृत्यु भएको भनी निजका आफ्नै बाबु सहअभियुक्त घुरहु भन्ने राम समुझ पासीले अनुसन्धानका क्रममा लेखाइ दिएको र सो कुरालाई पुष्टि हुने गरी मौकामा कागज गर्ने रामानन्द कुर्मी, संजयकुमार चौधरीसमेतले अनुसन्धानको क्रममा मौकाको कागज र अदालतमा बकपत्र गरेको देखिन्छ । यसरी मिसिल संलग्न किटानी जाहेरी, शवपरीक्षण प्रतिवेदन, घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का, वस्तुस्थिती मुचुल्का, जाहेरवालाको बकपत्रसमेत अन्य स्वतन्त्र प्रमाणहरूसमेतबाट मालाकाररूपमा पुनरावेदक प्रतिवादीसमेतको कर्तव्यबाट मृतक ललाउ कुर्मीको मृत्यु भएको कुरा पुष्टि भइरहेको देखिँदा अभियोग दाबीबाट सफाइ पाउँ भनी पुनरावेदक प्रतिवादी महेन्द्र पासीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, उल्लिखित तथ्य, कानून तथा विवेचित आधार र कारणसमेतबाट पुनरावेदक प्रतिवादी महेन्द्र पासीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६७।१२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल चैत्र ८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१२९२, कर्तव्य ज्यान, *जोखु अहिर वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त जाहेरवालाको बकपत्र र मौकामा बुझिएका मानिसहरूको मौकाको कागज एवम् बकपत्र, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र यी प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतमा भएको साबिती बयानसमेतका मिसिल संलग्न प्रमाणहरूसमेतबाट बुधना अहिरको मृत्यु पुनरावेदक प्रतिवादी जोखु अहिरको कर्तव्यबाट भएको तथ्य पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादी एक्लैले जोखिमी हतियार फुरूवाको प्रहारबाट मृतकको मृत्यु हुन गएको हुँदा प्रतिवादी जोखु अहिरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरको सुरू

कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला अन्याथ देखिन नआउने।

प्रतिवादीले शारीरिक चेकजाँच गर्दा कुनै निलडाम, चोटपटक र शारीरिक तथा मानसिक अवस्थासमेत असामान्य नभेटिएको भन्ने शारीरिक जाँच प्रतिवेदनमा भएको देखिन्छ । त्यस्तै वारदात हुँदाका अवस्थामा पुनरावेदक प्रतिवादीको मानसिक सन्तुलन ठीक रहेको भनी घटना विवरण कागजका मानिसहरूसमेतले लेखाइदिएको अवस्थासमेतबाट घटना हुँदाका अवस्थामा पुनरावेदक प्रतिवादीले मानसिक सन्तुलन ठीक नरहेको भनी लिएको जिकिर युक्तियुक्त र विश्वासप्रद रहेको नदेखिँदा अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी १०।११ वर्ष पहिला मानसिक असन्तुलन भई उपचार गराई ठीक भएको र पूर्व मानसिक रोगी रहेको कुरा मौकामा कागज गर्ने व्यक्ति र जाहेरवाला स्वयम्ले समेत मौकाको बयानमा उल्लेख गरेको देखिन्छ । पुनरावेदक प्रतिवादीले मार्ने मनसाय राखी पूर्व योजना र तयारीकासाथ उक्त घटना घट्न गएको भन्ने कुरा मिसिलबाट देखिँदैन । यसरी पुनरावेदक प्रतिवादीको मानसिक सन्तुलनको अवस्था, वारदातको समग्र परिस्थितिसमेतलाई विचार गर्दा पुनरावेदक प्रतिवादी जोखु अहिरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुन उपयुक्त हुने भनी पनुरावेदन अदालत, बुटवलबाट व्यक्त भएको रायसमेत मनासिब नै देखिन आउने।

अतः उल्लिखित तथ्य, कानून तथा विवेचित आधार र कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी जोखु अहिरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम १० (दश) वर्ष कैद सजाय हुने राय व्यक्त गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।७।२७ को फैसला मिलेकै देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल चैत ८ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१३१४, ०६९-CR-०२०७, ०६९-CR-०१५३ र ०६९-CR-०२४१, लागु औषध (खैरो हेरोइन), *शिशिरजंग शाह वि. नेपाल सरकार, अनुप श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. शिशिरजंग शाह र पुरूषोत्तम भन्ने प्रशान्त कुँवर वि. नेपाल सरकार*

मिति २०६५।६।५ को बरामदी मुचुल्कामा अनुप श्रेष्ठ र प्रशान्त कुँवरबाट अलगअलग रूपमा ६५ ग्राम र ५२ ग्राम खैरो हेरोइन बरामद भएको कुरा स्पष्ट रूपमा उल्लेख भएको देखिन्छ । यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा कही कतैपनि बरामद भएको लागु औषध एकै स्थानबाट खरिद गरी बिक्री गर्नका लागि अलगअलग बोकेका हौं भनी उल्लेख गरेको पाइँदैन भने वादी पक्षले समेत सो कुराको पुष्टि हुने प्रमाण पेस गरी उक्त तथ्यलाई पुष्टि गर्न सकेको देखिँदैन । यसरी छुट्टाछुट्टै व्यक्तिबाट बरामद भएको अलगअलग परिमाणको लागु औषधलाई एउटै परिमाण कायम गरी लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम प्रतिवादीहरूलाई सजाय गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला न्यायोचित देखिन नआउने।

प्रतिवादी शिशिरजंग शाहले अधिकारप्राप्त

अधिकारी र अदालतसमक्ष गरेको बयान, प्रतिवादीहरू प्रशान्त कुँवर र अनुप श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, प्रतिवादी विनोद भण्डारीको बकपत्र, प्र.स.नि.हरू यज्ञप्रसाद दुलाल र उत्सवकुमार चिमोरियाको बकपत्रसमेतबाट प्रतिवादी शिशिरजंग शाहले लागु औषध बिक्री वितरण गर्ने कार्यमा सहयोग पुऱ्याई निज मतियार रहेको पुष्टि भएको देखिन्छ भने निजले अदालतसमक्ष गरेको इन्कारी बयान प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिँदैन। साथै वादी पक्षबाट यी प्रतिवादी शिशिरजंग शाह लागु औषध बिक्री वितरण एवम् ओसारपसार गर्ने कार्यमा संलग्न रहेको भन्ने सम्बन्धमा वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिँदा निजले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ अन्तर्गतको कसुर गरेको देखिँदा निजलाई ऐ. ऐनको दफा १४(१)(छ)(३) बमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

माथि उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादीहरूमध्ये अनुप श्रेष्ठ र पुरूषोत्तम भन्ने प्रशान्त कुँवरलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम जनही १२ वर्ष २ महिना कैद र १ लाख ४० हजार रूपैयाँ जरिवाना हुने र प्रतिवादी शिशिरजंग शाहलाई ऐ. ऐनको दफा १७ बमोजिम सोको आधा ६ वर्ष १ महिना कैद र ७० हजार रूपैयाँ जरिवाना हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीमध्ये अनुप श्रेष्ठ र पुरूषोत्तम भन्ने प्रशान्त कुँवरलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम जनही १५ (पन्ध्र) वर्ष कैद र ५ लाख जरिवाना र अर्का प्रतिवादी शिशिरजंग शाहलाई ऐ. ऐनको दफा १७बमोजिम सोको आधा ७ वर्ष ६ महिना कैद र २ लाख ५० हजार रूपैयाँ जरिवाना हुने ठहऱ्याई पुनरावदेन अदालत, पाटनबाट मिति २०६७।१२।२२ मा भएको फैसला मनासिब नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू मध्ये अनुप श्रेष्ठ र पुरूषोत्तम भन्ने प्रशान्त कुँवरलाई सुरू काठमाडौं जिल्ला अदालतको फैसलाबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम जनही १२ वर्ष २ महिना कैद र १ लाख ४० हजार रूपैयाँ जरिवाना र अर्का प्रतिवादी शिशिरजंग शाहलाई ऐ. ऐनको दफा १७ बमोजिम सोको आधा ६ वर्ष १ महिना कैद र ७० हजार रूपैयाँ जरिवाना हुने।

इजलास अधिकृत: नगेन्द्र कालाखेली

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल चैत्र ८ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोपाल पराजुली,** ०७३-RC-००१०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विनोद साह तेली*

दिनानाथप्रसाद साहको मृत्यु प्रतिवादी विनोद साह तेलीको कर्तव्यबाट भएको हो, होइन भनी विचार गर्नुपर्ने देखियो । प्रतिवादी विनोद साह तेली अनुसन्धानको सिलसिलामा र अदालतमा समेत बयान गर्दा आरोपित कसुरमा साबित रहेको देखिन्छ । चस्मदिद गवाह मन्तुरा देवी र मदन हजरासमेतले अदालतमा आई प्रतिवादीले दिनानाथप्रसाद साहलाई छुराले पटक पटक प्रहार गरेको देखेको तथ्यको पुष्टि गरिदिएको देखिन्छ । प्रतिवादी विनोद साह तेली रगतजस्तो देखिने रातो पदार्थ लागेको धारिलो छुरी हातमा लिई दौडिरहेको अवस्थामा निज पक्राउ परी घटनामा प्रयोग भएको छुरी बरामद भएको भन्ने मिति २०७१।१०।१८ को बरामदी मुचुल्काबाट देखिन आयो। यसप्रकार प्रतिवादी विनोद साह तेलीले कसुरमा साबित भई अदालतमा गरेको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको देखिन

आयो । तसर्थ प्रतिवादी विनोद साह तेलीले कर्तव्य गरी मृतकको हत्या गरेको देखिँदा निजलाई १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

आफ्नो पत्नीलाई पटक पटक करणी गर्ने र पछि पनि गर्छु भनी हाकाहाकी भनेकोले रिस उठी छुराले प्रहार गरेको हुँ भनी प्रतिवादी साबित भएको देखिन्छ । आवेशमा आई प्रहार गरेको भए पनि छुरा जस्तो जोखिमी हतियारको प्रयोग भएको र पटकपटक प्रहार भएको हुँदा प्रस्तुत आवेशप्रेरित हत्या हुन नसकेको अवस्था छ । आवेशप्रेरित हत्या नभएपनि कैद कतिसम्म गर्ने भनी सजायको एउटा मापक आधार बनाउन भने सकिन्छ । आवेशप्रेरित हत्यामा हुने सजाय कैद वर्ष १० भन्दा बढी र सर्वस्वसहित जन्मकैद भन्दा कम सजाय गर्नु उचित देखिन्छ । तसर्थ प्रतिवादीलाई कैद वर्ष १२ गर्दा न्यायोचित देखिन आउने ।

अतः माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादी विनोद साह तेलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सुरू बारा जिल्ला अदालतको मिति २०७२।२।१४ को फैसला सदर हुने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७२।१०।५ को फैसला सदर हुने तर अ.बं. १८८ नं. अनुरूप १० (दश) वर्ष कैद हुने गरेको राय मिलेको नहुँदा सो नमिलेको हदसम्म कायम नहुने गरी जम्मा कैद १२ (बाह्र) वर्ष प्रतिवादीलाई हुने ।

इजलास अधिकृत**:** प्रेमप्रसाद न्यौपाने

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७३ साल असोज ३० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-००७५, विना इजाजत वन पैदावर, *नेपाल सरकार वि. पदमबहादुर भूल*

प्रस्तुत अपराधमा शेरबहादुर भूल प्रत्यक्ष वा परोक्षरूपमा संलग्न भएको पनि देखिँदैन । अपराधमा निजको पनि संलग्नता थियो भन्ने वादी नेपाल सरकरको दाबी पनि छैन । निजको नामको ट्र्याक्टर निजको मन्जुरीबाट आपराधिक कार्यमा प्रयोग भएको हो भन्ने मन्जुरीसम्बन्धी कुनै प्रमाण मिसिल संलग्न छैन । शेरबहादुर भूलको मालवाहाक जफत गर्नु भनेको शेरबहादुरलाई दन्डित गर्नु भनेको हो । कुनै मालवाहाकको धनीको मन्जुरीबेगर दन्डित गर्न न्याय र कानून कुनै पनि दृष्टिले मिल्ने कुरा होइन । तथापी मालवाहाक धनीको पनि कहीँ कतै संलग्नता छ की भनी हेर्न पनि मालवाहाक धनीलाई प्रतिवादको मौका दिनु पर्ने हुन्छ । कसैलाई प्रतिवादको मौकै नदिई दन्डित गर्नु सर्वमान्य प्राकृतिक न्याय सिद्धान्तविपरीत हुन्छ । तर, प्रस्तुत मुद्दामा ट्र्याक्टरका धनी शेरबहादुर भूललाई प्रतिवादीसमेत बनाएको देखिँदैन । वादीले दाबी नै नगरेको व्यक्तिलाई दाबीभन्दा बाहिर गई सजाय गर्न मिल्ने पनि हुँदैन । यसप्रकार बरामद भएको ट्र्याक्टरका धनी शेरबहादुर भूलबाट बिना इजाजत बन पैदावार ढुवानी गर्न मन्जुरी लिइएको प्रमाणको अभाव हुनुको अतिरिक्त निजलाई प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले प्रतिवादीसमेत नबनाएको अवस्थामा निज ट्र्याक्टरधनीलाई कसुरदार ठहऱ्याई सजाय गर्न नमिल्ने ।

प्रतिवादीसमेत नबनाइएका शेरबहादुर भूलको नाममा दर्ता रहेको ट्र्याक्टर प्रतिवादी पदमबहादुर भूलले अवैध काठ ओसारपसारसम्बन्धी कार्यमा प्रयोग गरिहेको अवस्थामा बरामद भएको भएपनि उक्त ट्र्याक्टरका धनी शेरबहादुर भूलको सहमति वा मन्जुरी लिएर सो ट्र्याक्टर उक्त कसुरजन्य कार्यमा प्रयोग भएको भन्ने पुष्टि हुन सकेको देखिएन । बरामद भएको लु २ त ३४४१ नं. को उक्त ट्र्याक्टर शेरबहादुर भूलको नामको दर्ता स्रेस्ता रहेको कुरामा विवाद नदेखिएको तथा सवारी साधनको धनीलाई प्रतिवादी बनाई अभियोग पत्रसमेत दायर हुन नआएको र उक्त ट्र्याक्टर अवैध काठ ढुवानी गर्नको लागि भाडामा दिनको लागि

सवारी साधन धनीको मन्जुरी, स्वीकृति लिएको भन्ने नदेखिएको अवस्थामा उक्त बरामद ट्र्याक्टर जफत गर्ने गरेको सुरू कैलाली जिल्ला अदालतको फैसला उल्टी गरी ट्र्याक्टर धनी शेरबहादुर भूलले फिर्ता पाउने ठहर गरेको पुनरावेदन अदालत, दिपायलको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल असार २६ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CR-००८२, डाँका चोरी तथा ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. राजेन्द्र कठरियासमेत*

अनुसन्धान अधिकारीसमक्ष भएको प्रतिवादीहरूको साबिती बयानलाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि नगरेसम्म प्रमाणमा लिन मिल्ने देखिँदैन । घटनाको सम्बन्धमा वस्तुस्थिति मुचुल्का, घटनास्थल मुचुल्का तथा बुझिएका मानिसहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दा आरोपित प्रतिवादीहरूले नै जाहेरवालाहरूको सम्पत्ति डाँका गरी लगेका हुन् भनी किटानी साथ भन्न सकेको देखिँदैन । अ.बं.११५ नं.बमोजिम बुझिएका मानिसहरू तिर्थराज जोशीसमेतका मानिसहरूले जाहेरवालाको सम्पत्ति लुट्ने मानिसहरू रातिको समय भएको चिन्न सकिएन भनी घटना भएको विषय वास्तविक भए पनि दोषी व्यक्तिहरू पहिचान हुन नसकेको भनी बताएको पाइन्छ । प्रतिवादी राम अवतार चौधरीको डेराबाट नलकटुवा पेस्तोल तथा गोली एवम् फायर गरिसकेको गोलीको खोकासमेत फेला परेको भन्ने बरामदी मुचुल्कामा उल्लेख भए पनि उक्त बरामदी मुचुल्कामा रोहबरमा बस्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई बकपत्रसमेत गर्न सकेको देखिँदैन । यस अवस्थामा सो बरामदी मुचुल्कालाई प्रस्तुत मुद्दामा प्रतिवादीहरूको कसुर कायम गर्ने विश्वसनीय प्रमाणको रूपमा लिन मिल्ने नदेखिने ।

जाहेरवालाले प्रतिवादीहरूउपर किटानी जाहेरी दिन नसकेको, वस्तुस्थिति मुचुल्का र घटनास्थल मुचुल्का एवम् बुझिएका मानिसहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत गडाउ गरी प्रतिवादीहरूलाई दोषी भन्न नसकेको र सबै प्रतिवादीहरूले अदालतमा उपस्थित भई बयान गर्दा कसुरमा इन्कार रहेको देखिँदा मौकामा केही प्रतिवादीहरूले कसुरमा साबिती भई अरू प्रतिवादीलाई पोल गरेको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई दोषी मान्न सकिने अवस्था नहुँदा प्रतिवादीहरूलाई डाँका चोरीको अभियोगबाट सफाइ दिने ठहर गरी कैलाली जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, दिपायलको फैसला मिलेको देखिँदा सदर हुने ।

ज्यान मार्ने उद्योगको अपराध हुनको लागि मुलुकी ऐन, ज्यानसम्बन्धी १५ नं. को कानूनी व्यवस्था हेर्दा ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नको लागि अरू जुनसुकै कुराको उद्योग गरी मार्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न भने नपाएको हुनुपर्ने अवस्था रहनु पर्दछ । यीनै प्रतिवादीहरूले हतियार प्रयोग गरी कुटपिट गरेका हुन् भन्ने तथ्य नै शङ्कास्पद देखिन्छ। प्रतिवादीहरूले नकाब लगाएका थिए। तत्काल प्रतिवादीहरूलाई कुनै पनि जाहेरवालाले चिन्न सकेको अवस्था देखिँदैन । केवल प्रतिवादीको अनुसन्धानको सिलसिलामा प्रतिवादीको कसुरमा साबित रहेको बयानकै आधारमा प्रतिवादीहरूको नाम आइरहेको छ । प्रस्तुत मुद्दामा जाहेरवालाहरूलाई हतियार प्रयोग गरी कुटपिट गर्ने तथा डाँका चोरी गर्ने कार्यमा यी प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि हुन नसकी डाँका चोरीको आरोपमा प्रतिवादीहरूले सफाइ पाउने ठहर भइरहेको छ । यसरी डाँकाचोरीतर्फ सफाइ पाउने

प्रतिवादीहरूले सोही डाँकाचोरीको वारदातमा ज्यान मार्ने उद्योग गरे भनी मान्न सकिने देखिन नआउने हुँदा आरोपित ज्यान मार्ने उद्योग तथा डाँका चोरीसमेतको अभियोग दाबीबाट प्रतिवादीहरूले सफाइ पाउने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७३ आषाढ साल २६ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्द कुमार उपाध्याय,** ०७१-WO-०९०३, परमादेश, *विपना बस्नेतसमेत वि. नेपाल सरकार*

निवेदक रिनेक्सले बाबुको नामथर उल्लेख गरी नागरिकता लिन चाहेको अवस्थामा आमाले सो कुरा अड्डामा सनाखत गर्नसमेत तयार रही रहेको देखिएपछि वंशजका आधारमा नागरिक हुने अवस्थाको विद्यमानता देखिए बाबुको नाम उल्लेख गर्ने कानूनी आधार र प्रमाण हेरी वंशजको आधारसमेतमा सम्बन्धित अधिकारीले नागरिकता जारी गर्न सक्ने । नेपालको संविधान, कानून र नजिरसमेतले बाबु वा आमाको नामबाट नागरिकता लिन सक्ने गरी कानूनी व्यवस्था गरेको र सन्तानको लागि बाबुआमा समान वैशीय आधार भएकोले बाबुको नामथर लेख्न चाहेको कारणले मात्र आमाको पहिचानको थर प्रस्तुत निवेदनमा "बस्नेत" लेख्न नपाउने गरी रोक लगाउदा अर्थात् बाबुको थर मात्र लेख्नु पर्छ भनी बाबु वा आमाको थरमा विभेद व्यवहार देखिने हुन्छ । साथै त्यस्तो निष्कर्षमा पुग्दा निवेदक रिनेक्सको वंशीय आधारको थर छनौटको अधिकार (Right to choose the family name) विरूद्ध हुनुको साथै महिला र पुरूषको समान अधिकार विरूद्धसमेत हुने । कानूनबमोजिम अधिकारप्राप्त निकाय वा अधिकारीले कुनै पनि उचित आधार र कारण नखुलाई नागरिकता नदिने कार्य कानूनसङ्गत र उपयुक्त व्यवहार मान्न नमिल्ने हुँदा कानूनी व्यवस्थाबमोजिम नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यमा सहजीकरण र सरलीकरणका उपायहरू खोजी गर्नुपर्ने र कारणसहितको निर्णयविना नागरिकता प्रदान नगर्ने वा नागरिकता दिने/नदिने निर्णय गर्न ढिलाई गर्ने कार्य कानून कार्यान्वयनको उचित मार्ग हुन नसक्ने हुँदा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ समेतबमोजिम जो जे बुझ्नुपर्छ यथाशीघ्र बुझी निवेदकले खुलाएको वा दाबी लिएको व्यहोरा अन्यथा नदेखिए निवेदन मागबमोजिम निवेदकको जन्मदर्ता र प्रमाणपत्रमा उल्लिखित आमाको थर "बस्नेत" लेख्न चाहेकै आधारमा मात्र नेपाली नागरिकताको प्रमाणपत्र दिन वञ्चित नगरी अविलम्ब नागरिकता सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका नाउँमा परमादेशको आदेश जारी हुने।

यसै प्रकृतिका खास गरी बाबु नेपाली नागरिक भई निज बाबु सम्पर्कमा नआएका वा बेपत्ता भएका वा बाबुले आफ्ना सन्तानलाई नागरिकता दिलाउनमा आनाकानी गर्ने अवस्थामा रहेका र बाबुको नाम थरसमेत उल्लेख गरी आमाको थरबाट नागरिकता लिन इच्र्छुक नागरिकका हकमा आमा वा बाबुको थर भनी फरक व्यवहार वा भेदभाव नगर्नु । बाबु वा आमा वा दुवै आधारका कुनै पहिचानका थर छनौटको अधिकार त्यस्तो नेपाली नागरिकलाई हुने नै हुँदा जन्म दर्ता वा अन्य प्रमाणसमेत पेस भएकोमा सो व्यक्तिगत घटना दर्ताका बखतका आधारसमेतमा निवेदक छोराछोरीले ईच्छाएको थरअनुरूप नै नागरिकता लिन चाहने कुनै पनि नेपाली नागरिकहरूलाई सहजीकरण र सरलीकरणसाथ नागरिकताको विषयमा कानूनबमोजिम उचित निर्णय गर्ने गर्नु भनी देश

व्यापीरूपमा सबै प्रमुख जिल्ला अधिकारिको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत २२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०६०५, ०६४९, कर्तव्य ज्यान, *रामचन्द्र रामदास (वि.क.) वि. नेपाल सरकार, नेपाल सरकार वि. मेघनाथ राममदाम (वि.क.समेत)*

पुनरावेदकले मृतक भलबहादुरलाई चिरपट दाउराले प्रहार गरेको कारणले निजको मृत्यु भएको भन्ने कुरा किटानी जाहेरी दरखास्त, प्रतिवादीको मौकाको साबिती बयान, घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदनमा BLUNT FORCE CRANIOCEREBRAL OR HEAD INJURIES भनी आएबाट घटनाको अवस्था र शव परीक्षण प्रतिवेदनबीचमा तादात्म्यता देखिन आउँछ। घटनाको प्रत्यक्षदर्शी शिव पौडेललगायतका व्यक्तिहरूले गरेको मौकाको कागज तथा अदालतमा आइ गरेको बकपत्र र जाहेरी दरखास्तलाई समर्थन गरी जाहेरवालाले गरेको बकपत्रसमेतबाट पुनरावेदक प्रतिवादी रामचन्द्रले चिरपटले प्रहार गरेको र सोही प्रहारबाट भलबहादुरको मृत्यु भएको देखिन आएकोले पुनरावेदक प्रतिवादी रामचन्द्र रामदामलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिन आउने।

जाहेरवाला पट्टिका मानिसहरू र प्रतिवादीहरूबीचमा कुटाकुट हुँदा प्रतिवादी अनिल रामदाम छुट्ट्याउन गएको र सो अवस्थामा निजलाई चोटसमेत लागेको निजको घा जाँच केश फारामबाट देखिएको छ । प्रतिवादी अनिल वारदात स्थानमा उपस्थित भई अन्य कारणबाट मत सल्लाहमा पसी घटनामा सामेल भएको नभई प्रतिवादी रामचन्द्र र जाहेरवाला पक्षसँग कुटपिट झगडा हुँदा छुट्ट्याउन गएको मात्र देखिन आउँछ। प्रतिवादी अनिलको कार्य ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिमको देखिन नआइ ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको देखिँदा ऐ. बमोजिम १ वर्ष कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालतले गरेको फैसला मिलेकै देखिँदा अभियोग दाबीबमोजिम सजाय गरिपाऊँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिन नआउने।

सहप्रतिवादी अनिल रामदामले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफू वारदातस्थलमा भएको स्वीकार गरी यी प्रतिवादीहरू सो वारदातस्थलमा नभएको भनी लेखाएको देखिन्छ । सोमनाथ पौडेल बुझिएका मानिससमेतले र सोही वारदातमा घाइते भएका डम्बर बरालीसमेतले प्रतिवादी मेघनाथ र तेजबहादुर वारदातस्थलमा थिएनन् भनी लेखाइ दिएको देखिन्छ। प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको तथ्य स्थापित हुन सकेको देखिँदैन। फौजदारी कसुरमा प्रमाणको स्पष्ट अभावमा कसैलाई पनि दोषी ठहर गर्न सकिंदैन। सामान्य र गोश्वारा रूपमा दिइएको अभियोगको पुष्टि शङ्कारहित तवरबाट स्थापित हुन नसकेबाट प्रतिवादीहरू मेघनाथ रामदाम र तेजबहादुर सुनारलाई सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसला मनासिबै देखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

दोहोरो कुटपिटमा भलबहादुरको मृत्यु हुन गएको, मृतकसँग पूर्व रिसइवी भएको नदेखिएको, चिरपटले प्रतिवादीलाई प्रहार गर्दा प्रत्याक्रमणमा मृतकको मृत्यु भएको देखिएको, प्रतिवादीको हातमा समेत चोट लागेको देखिएको, रातको अँध्यारोमा घटना भएको देखिएको, वारदातस्थलमा प्रतिवादीको

समग्र भूमिका एवम् परिस्थितिलाई विश्लेषण गरी हेर्दा प्रतिवादी रामचन्द्र रामदामलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्न जाने तथा ७ वर्ष कैद सजाय गर्दा पनि ऐनको मक्सद पूरा हुने देखिँदा प्रतिवादी रामचन्द्र रामदामलाई अ. बं. १८८ नं.बमोजिम सात वर्ष कैद सजाय हुने।

तसर्थ माथि विवेचित आधार कारणहरूबाट पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।१।५ मा प्रतिवादी रामचन्द्र रामदामलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय, प्रतिवादी अनिल रामदामलाई ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम १ वर्ष कैद सजाय र प्रतिवादीहरू मेघनाथ रामदाम र तेजबहादुर सुनारलाई अभियोग दाबीबाट सफाइ दिने ठहरयाई गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । सजायको हकमा प्रतिवादी रामचन्द्र रामदामलाई अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैद हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल जेठ ३० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०५६२, कर्तव्य ज्यान, *रिक्तबहादुर खत्री वि. नेपाल सरकार*

प्रतिवादी रिक्तबहादुर खत्री अदालतको बयानमा इन्कार रहे पनि मौकाको साबिती बयान, मौकाको कागज, घटना स्थलको समग्र परिस्थिति हेर्दा प्रतिवादीबाहेकका व्यक्तिको उपस्थिति घटना स्थलमा रहेको देखिँदैन । लास पोस्टमार्टम हुनबाट तथा प्रहरीलाई खबर गर्न रोकी लास जलाउने कार्य गरे पनि परिस्थितिजन्य तथ्य तथा प्रमाणबाट झण्डबहादुरको मृत्यु प्रतिवादीको कसुरबाट भएको देखिन आयो । प्रमाणको रूपमा पेस भएको डाँका चोरी मुद्दाको मिसिलबाट समेत सो तथ्य स्थापित हुन आएबाट प्रतिवादीको संलग्नता पुष्टि हुन आयो । प्रतिवादीको संलग्नता पुष्टि भई कसुर ठहर गर्दा पुनरावेदन अदालतले ज्यानसम्बन्धी महलको १ नं. र ऐ. १३ (१) नं. बमोजिमको कसुर गरेको ठहऱ्याएको र ज्यानसम्बन्धी महलको १३ (१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी गरेको फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

उपर्युक्त विवेचित आधार कारणहरूबाट पुनरावेदन अदालत, पोखराको मिति २०७०।३।२५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल जेठ ३० गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०१७२, उत्प्रेषण / परमादेश, *चन्दा सुराना दुगड वि. बैंक अफ काठमाडौं लिमिटेडसमेत*

अन्तिम फैसला भएको करिब दुई वर्ष पछि मिति २०६५।२।५ मा मानो छुट्टिएको लिखत पारित गरेको आधारमा निवेदकले आफ्नो नामको कार र जग्गा रोक्का गर्न मिल्दैन भनी निवेदन दाबी लिए पनि मानो छुट्टिनुपूर्वको सगोलको ऋणको दायित्त्वलाई निवेदकले अन्यथा भन्न सक्ने अवस्था देखिँदैन । निवेदकले २०६३।३।१ को फैसलाको जानकारी पाइन भनी र प्राकृतिक न्यायको सिद्धान्तविपरीत गरिएको निर्णय भनी दाबी लिए पनि निवेदकले निवेदनमा उल्लेख गरेको अवस्थाभन्दा फरक प्रकृतिको कारोबार भएको देखिँदा ऋणको दायित्त्व मानो छुट्टिएको मितिपछिको आफ्नो दायित्त्व नभएको अवस्थामा आफ्नो कार र जग्गा रोक्का राख्ने कार्य उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी लिएको निवेदन मनासिब देखिन नआउने।

मानो छुट्टिनुभन्दा अगाडि भएका जमानी

बस्नेलगायतका दायित्त्व मिति २०६३।३।१ को फैसलाबाट देखिन्छ । सो अन्तिम फैसलाबमोजिम गरिएको फैसला कार्यान्वयन कार्यअन्तर्गत कार तथा जग्गा रोक्का राख्ने कार्य गैरकानूनी नभई कानूनबमोजिम नै भएको देखिन आउने।

फैसलाले असर गरेमा फैसला बदर गर्न सम्बन्धित निकायमा मुद्दा गर्न सक्ने वैकल्पिक अवस्थासमेत निवेदकलाई रहेको देखिन्छ। वैकल्पिक उपचारको व्यवस्था विद्यमान हुँदाहुँदै रिट क्षेत्राधिकार आकर्षित हुन सक्दैन । न्यायपूर्ण कामकारवाही तथा निर्णय भएकोमा असाधारण अधिकारअन्तर्गतको रिट जारी हुन सक्दैनन् । असाधारण क्षेत्राधिकार न्याय मर्न नदिनको लागि प्रयोग हुने विशिष्ट प्रकृतिको अधिकार हो । जसको प्रयोग संवेदनशीलरूपमा हुनुपर्दछ । जुनसुकै अवस्थामा यो क्षेत्राधिकारको प्रयोग गर्दा न्यायमा एकरूपता हराउने तथा न्यायिक प्रक्रियामा नियमितताको अभाव हुनसक्छ । त्यसैले रिट क्षेत्राधिकारको प्रयोग विशेष अवस्थामा मात्र गर्ने गरिन्छ। प्रस्तुत निवेदनमा निवेदक र निजको श्रीमान् बीचमा मानो छुट्टिनुपूर्वको ऋणको दायित्त्व निवेदकको पनि रहेको देखिएको र कानूनबमोजिम नै रोक्का राख्ने कार्य गरेको देखिँदा निवेदन मागबमोजिम मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन नआउने।

अतः माथि विवेचना गरिएका आधार कारणहरूबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ, मन्दिरा रानाभाट

इति संवत् २०७३ साल जेष्ठ १२ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६९-WO-०९३६, उत्प्रेषण, चन्दा सुराना दुगड वि. बैंक अफ काठमाडौं लिमिटेडसमेत भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-००९९, ०७०-CR-१६७४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अन्नपूर्ण योगीसमेत, रै बहादुर योगी वि. नेपाल सरकार*

मृतक र प्रतिवादी पक्षबीच पटकपटक झगडा कुटपिट भएको अवस्थाले रिसइवीको अवस्था देखिएको र प्रतिवादी रै बहादुर योगीले मृतकउपर खुकुरीले प्रहार गरी साङ्घातिक चोट छोडेको एवम् सोही चोटबाट मृतकको मृत्यु भएको देखिँदा सुरू दाङ देउखुरी जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट निज प्रतिवादी रैबहादुर योगीलाई ज्यानसम्बन्धी महलको १ र १३(१) को कसुरमा सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको फैसला मनासिब देखिन आउने।

निजहरूले मृतकउपर हातहतियार छाडेको वा मृतकको जिउमा हात हालेको देखिने वस्तुनिष्ठ प्रत्यक्ष प्रमाणको अभाव देखिएको र मृतकको लासमा टाउकोको चोट साङ्घातिक चोट देखिए पनि अन्य चोट सामान्य नै देखिन आउँछन् । टाउकोको चोट प्रतिवादी रै बहादुरले प्रहार गरेको पुष्टि भए पनि अन्य चोट दोहोरो झडप भएको अवस्थामा को कसले हानेको हो वस्तुनिष्ट प्रमाणको अभावमा शङ्काको भरमा वा यी प्रतिवादीहरू अन्नपूर्ण योगी, प्रेमबहादुर कवर र झग्गुप्रसाद योगी वारदातस्थलमा उपस्थित भएको कारणले मात्र अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन निर्विवादरूपमा पुष्टि भएको नदेखिने।

तसर्थ, प्रतिवादीमध्येका रैबहादुर योगीलाई ज्यानसम्बन्धी महलको १३(१) बमोजिम र अन्नपूर्णा योगी, झग्गुप्रसाद योगी र प्रेमबहादुर कवरलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही २ वर्ष कैद गर्ने गरी भएको दाङ देउखुरी जिल्ला

अदालतको मिति २०७०।२।२० को फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।१२।१९ को फैसला मनासिब देखिँदा सदर हुने।

मृतकलाई प्रतिवादीले ज्यान लिने इवीलाग र मनसायबाट योजनाबद्धरूपले घटना घटेको नभई प्रतिवादी रै बहादुर योगी आफ्नो घरमा बसेको अवस्थामा मृतक अन्य सहयोगीसमेतको बल लिई प्रतिवादीको घरमा जाँदा आत्मरक्षार्थ प्रतिकार गर्नु परेको कारण दोहोरो हानाहान भएको भए पनि भवितव्य परी मरेको हो कि भन्ने चित्तमा लागेकोले ज्यानसम्बन्धी महलको १३(१) बमोजिम प्रतिवादी रैबहादुरलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिँदा अ.बं.१८८ नं.बमोजिम कम सजाय गर्दा पनि ऐनको मकसद पूरा हुने देखिँदा कैदको हकमा निज प्रतिवादी रैबहादुर योगीलाई अ.बं.१८८ नं.बमोजिम कैद वर्ष ७ (सात) हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CR-००४५, कर्तव्य ज्यान, *मनोज खड्का वि. नेपाल सरकार*

घरबाट मसला कुट्ने मुसल हातमा बोकी मावली हजुरआमाकोमा गएकोमा मेरी बैनी पनि त्याही बस्ने गरेकोमा घरमा बैनी र हजुरआमा नभएको र ढोकामा चावी लगाएकोले केही छिन हजुरआमाकोमा बसेको भन्नेसम्मको व्यहोरा खुलाई पछि मृतक ऋषिदेबलाई मारेको रहेछु भन्नेसम्मको मौकाको बयानबाट खुलेको देखिँदा प्रतिवादीले उल्लेख गरेको उक्त घटनाक्रम व्यहोराबाट निज कसुर गर्दाको अवस्थामा कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको अवस्थाको पुष्टि हुन नआउने । दण्डसजायको महलको १ नं. मा "कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको रहेछ भने निजलाई खतवात लाग्न वा कुनै प्रकारको सजाय हुन सक्दैन" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाको आधारमा सजायबाट उन्मुक्ति पाउने जिकिर लिने यी प्रतिवादीले नै प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम सो कुरा प्रमाणित गर्नुपर्ने । कामको प्रकृति र परिणाम थाहा नपाउने प्रकृतिको मानसिक रोगी भएको वारदातपूर्वको मानसिक रोग विशेषज्ञको जाँच प्रतिवेदनसमेतको प्रमाण प्रतिवादीबाट पेस हुन नसकेको, आफू सब्जीलगायतका व्यापार व्यवसाय गर्ने भन्ने र वारदातअघि गएको स्थानसमेतको याद यी प्रतिवादीलाई रहेको मौकाको बयानबाट खुलेको तथा अपराध गरेको घटनाक्रम जस्ताको तस्तै खुलाइ कसुरमा साबित भइरहेकोले कसुर गर्दाको अवस्थामा कामको प्रकृति परिणाम थाहा नपाउने गरी मगज बिग्रेको अवस्था देखिन नआएबाट निजलाई दण्ड सजायको १ नं. अनुसारको आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको अवस्था रहेको मान्न सकिने अवस्थाको विद्यमानता नदेखिएकोले सोही नं. दण्ड सजायको १ नं. बमोजिमको खत वात नलाग्ने वा कुनै कुनै प्रकारको सजाय नभई पूर्णरूपले उन्मुक्ति दिनु पर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादीले मृतकलाई फलामको मुसलले पटक पटक निर्ममतापूर्वक संवेदनशील अङ्गमा हानि मारेको देखिँदा ज्यानसम्बन्धीको १ र १३(१) को कसुरमा सोही १३(१) नं.बमोजिम सजाय हुने ठहऱ्याएको सुरु तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी मनोज खड्काले मृतकलाई मार्नु पर्ने रिसइवी देखिँदैन । योजनाबद्धरूपमा मारेको

अवस्थासमेत देखिँदैन । घरबाट नै फलामको मुसल बोकी हिँड्ने जस्ता व्यवहारले पनि वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको पत्रमा उल्लेख भएबमोजिमको मानसिक रोगी (Mental state is abnormal) अवस्था देखिएको छ । मिसिल संलग्न उपर्युक्त आधारहरूबाट निज प्रतिवादीलाई ऐनबमोजिमको सर्वस्वसहित जन्मकैदको सजाय चर्को पर्ने चित्तमा लागेकोले अ.बं.१८८ नं.बमोजिम ७ वर्ष कैद गर्दा पनि कानूनको मकसद पूरा हुने देखियो। अत: प्रतिवादी मनोज खड्कालाई मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम ७ (सात) वर्ष कैद सजाय हुन राय व्यक्त गरेको सुरू सुनसरी जिल्ला अदालत र पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको देखिँदा कैदको हकमा निज प्रतिवादी मनोज खड्कालाई कैद वर्ष ७ (सात) हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल असार १७ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०१०७, ०६९-CR-०१२३ र ०६९-CR-०२०२, लागु औषध, *शम्भु राजवंशी वि. नेपाल सरकार, नेपाल सरकार वि. शम्भु राजवंशीसमेत र जीवन लामा मोक्तानसमेत वि. नेपाल सरकार*

ठोस सबुद प्रमाण एवम् आधारबाट प्रमाणित नगरेसम्म अनुसन्धानको क्रममा तयार भएका कागजहरूलाई प्रामाणिक नै हुन भनी मान्नुपर्ने हुन्छ। ठूलो मात्रामा गाँजा बरामद भई सामानको सनाखत भइरहेको अवस्थामा डरत्रासमा पारी अनुसन्धानको क्रममा बयान भएको भन्न मिल्ने अवस्था छैन। यसरी लागु औषध बरामद भई प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबिती भइरहेको अवस्थामा आरोपित कसुर गरेको छैन सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था नदेखिने।

बरामद लागु औषध गाँजा रहेकोमा मौकामा प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष अपराधमा स्वीकार गरी आफूहरू गाँजा बिक्री गर्ने र भुवन भन्ने शम्भु राजवंशी खरिद गरी भारततिर बिक्री गर्ने भनी एकआपासमा पोलसमेत गरेको, बरामद लागु औषध प्राकृतिक गाँजा भएको पुष्टि भइरहेको र ठूलो परिमाण गाँजा बरामद हुन आएको समेत आधार एवम कारणहरूबाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेको नै देखिने।

लागु औषध सोही घरबाट नै बरामद भैरहेको देखिएको र आफैँले लागु औषधको कारोबार गरेको देखिरहेको तथा लागु औषध बरामद हुन आएको अवस्थासमेत पुष्टि भइरहेको हुँदा अभियोग माग दाबीबमोजिम भुवन सिंह भन्ने शम्भु राजवंशीका नामको मोठ कायमको लागि सुकुम्वासी समस्या समाधान आयोगमा निवेदन परेको जि.झापा मे.न.पा.१ कि.नं.२७१८ को ज.वि.०-१-६$^{1}/_{2}$ जग्गामध्ये बरामदी मुचुल्कामा उल्लेख भएको निर्माणाधीन एकतले घर ऐ. ऐनको दफा १५ बमोजिम जफत हुने गरी भएको फैसला मिलेकै देखिने।

प्रतिवादीमध्येका भुवनसिंह भन्ने शम्भु राजवंशी घरको भुइँतलाबाट गाँजा बरामद भएको र प्रतिवादी विम लामा र प्रतिवादी जीवन लामाबाट प्रतिवादी भुवन सिंह भन्ने शम्भु राजबंशीले खरिद गरेको भन्ने देखिएको अवस्थामा अपराध मालाकार रूपमा देखिएको अवस्थामा प्रतिवादीमध्येका जीवन लामा र भीम भन्ने बिम लामाका हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा ऐ.को दफा १४(१)(घ)(५) बमोजिम जनही ५ वर्षका दरले कैद र जनही रू.५०,०००।– (पचासहजार)का दरले जरिवानासमेत हुने ठहर भई फैसला भएको एवम् प्रतिवादी जीवनलामाबाट रू.१४५०००।– जफत गरिपाउँ भन्ने वादी नेपाल सरकारको दाबी पुग्न नसक्ने

गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा भन्न मिल्ने देखिएन मिलेकै देखिने।

प्रतिवादीहरू तिनैजना मिली लागु औषधको कारोबार गरिहेको अवस्थामा प्रतिवादीमध्येका जीवन लामा र भीम भन्ने बिम लामाका हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा ऐ.को दफा १४(१)(घ)(५) बमोजिम जनही ५ वर्षका दरले कैद र जनही रू.५०,०००।– (पचासहजार) का दरले जरिवानासमेत हुने ठहर भई पुनरावेदन अदालत इलामबाट फैसला भएकोमा प्रतिवादी भुवन सिँहका हकमा समान दायित्व भएका व्यक्तिहरूमध्ये कसैलाई बढी कसैलाई घटी सजाय भएको देखिदा प्रतिवादी भुवन सिँहका हकका लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा ऐनको दफा १४(१)(६)(५) बमोजिम ९ वर्ष ६ महिना कैद र जरिवाना रू. १००,०००/- (एक लाख मात्र) हुने ठहर भई फैसला भएको हकमा पुनरावेदन अदालतका फैसला केही उल्टी भई अब प्रतिवादीलाई भएको कैद सरह प्रतिवादी भुवन सिँहका हकमा समेत ५ वर्ष कैद र जरिवाना रू. ५०,०००/- हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल मंसिर २६ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०४५१, उत्प्रेषण/परमादेश, *सिता दर्लामी मगर (दुरा) वि. नेपाल सरकारसमेत*

तत्कालीन अवस्थामा प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ मा १८-२५ वर्षको हुनुपर्ने व्यवस्था भएको सो सामान्य सिद्धान्तलाई लोक सेवा आयोगबाट सामान्य सिद्धान्तको सहमति प्रदान गरिएको समेत देखिँदा सोही सामान्य सिद्धान्तबमोजिम मिति २०७०।८।२७ मा प्रकाशित गरिएको सूचनालाई अन्यथा मान्न मिलेन। हाल उक्त सूचनाबमोजिमको पदपूर्तिसमेत भइसकेको अवस्था हुँदा निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने।

अतः माथि विवेचना गरिएका आधार कारणहरूबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत २९ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०४५५, उत्प्रेषण, *अनुजकुमार श्रेष्ठ वि. हिमालयन बैंक लि. कमलादी, काठमाडौंसमेत*

कानूनबमोजिम गरेको सर्त सम्झौताबमोजिम सिर्जित दायित्त्वको सम्बन्धमा उपचारको व्यवस्था कानूनद्वारा निर्धारण गरिएकै छ । जुन साधारण क्षेत्राधिकारबाट प्रयोग हुने अवस्था छँदै छ । यस्तो अवस्थामा सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकारमार्फत प्रवेश गर्नुपर्ने आवश्यकता देखिँदैन । असाधारण क्षेत्राधिकारको प्रयोग व्यक्ति र नागरिकको मौलिक अधिकारको हनन भएको तथा न्याय प्राप्त गर्ने अन्य वैकल्पिक उपचारको बाटो नभएकोलगायतका अवस्थामा मात्र प्रयोग गर्न सकिन्छ । उत्प्रेषणको आदेश जारी हुन अन्य विकल्पहरूले काम नगरेको तथा गर्न नसकेको अवस्थामा जारी हुने उत्प्रेषणलगायतका आदेशहरूको व्यवस्था न्याय प्रदान गर्ने क्रममा न्याय पाउन नसकेको तथा न्याय प्रदान गर्ने सामान्य अवस्थाका उपचारहरूको अभावमा व्यक्तिको हकमा असर नपरोस्, न्याय प्राप्त गर्ने बाटोको अभावमा कुनै पनि व्यक्ति वा नागरिक वञ्चित हुन नपरोस भनेर सर्वोच्च अदालतलाई असाधारण अधिकार दिइएको हो । जुन अधिकारको प्रयोग जुनसुकै बेला तथा

सामान्य अवस्थामा गर्दा संविधानको मर्मप्रतिकूल हुन गई समन्यायको मार्ग दिशाहिनता तिर लाग्ने हुन्छ । असाधारण अधिकार सामान्य अवस्थामा आकर्षित हुन सक्दैन । न्याय पूर्ण कामकारवाही तथा निर्णय भएकोमा असाधारण अधिकारअन्तर्गतको रिट जारी हुन सक्दैनन् असाधारण क्षेत्राधिकार न्याय मर्न नदिनको लागि प्रयोग हुने विशिष्ट प्रकृतिको अधिकार हो । जुनसुकै अवस्थामा यो क्षेत्राधिकारको प्रयोग गर्नु संवैधानिक विधिशास्त्र प्रतिकूल हुन जान्छ । यसको प्रयोग विशेष अवस्थामा मात्र गरिन्छ । यस निवेदनमा निवेदकले तिर्नु बुझाउनु पर्ने दायित्त्व निर्वाह नगरेको अवस्थामा कानूनबमोजिम नै कालो सूचीमा राख्ने गरी बैङ्क तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ बमोजिम गरेको निर्णय, सूचना, पत्राचारलगायतका कार्यलाई अन्यथा भन्न सकिने नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने देखिन नआउने ।

अतः माथि विवेचना गरिएका आधार कारणहरूबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत २९ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०६१४, उत्प्रेषण / परमादेश, *टिकाराम तामाङ वि. मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडासमेत*

निवेदकलाई सोधिएको मिति २०६८।११।२२ को स्पष्टीकरणको पत्रमा स्पष्ट रूपमा प्रहरी नियमावलीको नियम ८४(छ) बमोजिम कारवाही गर्ने बारेमा खुलाई स्पष्टीकरण माग गरेको देखिन्छ । स्पष्टीकरण पुनः माग गरिएको अवस्था छ । निवेदकलाई स्पष्टीकरणको उपयुक्त मौकासमेत दिइएको, स्पष्टीकरण माग गर्दा स्पष्ट सजाय उल्लेख गरिएको, निर्णयउपर पुनरावेदन सुनिएको छ । निवेदकलाई कारवाही गर्ने गरेका निर्णयहरू तहगत तथा प्रक्रियागतरूपमा Due process अवलम्बन गरी गरेको देखिन्छ । उचित सुनुवाई प्रदान गरिएको, कानूनबमोजिमको प्रक्रियाको प्रयोग गरिएको उक्त निर्णयमा निवेदकले दाबी गरेजस्तो प्राकृतिक न्यायको सिध्दान्तको प्रयोगमा कमी नदेखिने । उजुरी परेपछि क्रमशः सबै कानूनबमोजिमका प्रक्रिया अपनाई साधिकार निकायबाट कानूनका मान्य सिद्धान्तलाई आत्मसात गरी निर्णय गरिएको तथा पुनरावेदनसमेत सुनी सो पुनरावेदन निर्णय पनि कानूनअनुरूप नै रहेको देखिन आएबाट निवेदकले दाबी गरेबमोजिमका आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

अतः माथि विवेचना गरिएका आधार कारणहरूबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत २९ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खड्का,** ०६८-CI-०२८९, नक्सा पास र मिलापत्र विरूद्ध घर निर्माण कार्य रोक्का गरिपाऊँ, *कर्णप्रसाद देव भण्डारीसमेत वि. श्रीमती जयलक्ष्मी राजोपाध्या*

नक्सा पास विपरीतसमेत निर्माण भएको भन्ने प्राविधिक प्रतिवेदनमा उल्लेख भएको देखिँदा मापदण्डविपरीत भएको हदसम्मको नक्सा पास विपरीतको संरचनाहरू स्थानीय स्वायत्त ऐन, २०५५ को दफा १६१(४) बमोजिम भत्काउनु पर्ने ठहऱ्याई काठमाडौं महानगरपालिकाको मिति २०६५।११।११ को निर्णय भएकोमा मिलापत्र हुँदा मिलापत्रमा उल्लिखित शर्तहरू कुन कुन कारण र केका आधारमा विपरीत छन् र प्राविधिकबमोजिम निर्माण नभई फरक पर्ने गरी निर्माण भएको छ छैन सो

को विषयमा काठमाडौं महानगरपालिकाको निर्णयमा उल्लेख गर्नुपर्नेमा सोको उल्लेख नगरी र कुन कुन निर्माण कार्य नक्सा पासविपरीत छ ? सो को आधार कारणहरूसमेत खुलाई विवेचनासमेत गर्नुपर्नेमा सो केही नखोली कुनै विवेचना नै नगरी गरेको काठमाडौं महानगरपालिकाको निर्णय मिलेको नदेखिँदा बदरगरी अब के कुन निर्माण कार्य मिलापत्रविपरीत भएको हो सोको प्राविधिक प्रतिवेदनबाट प्रमाणित हुन्छ हुँदैन र नक्सा पासविपरीत कुन कुन निर्माण कार्य भएको हो ? सो तर्फसमेत जो जे बुझ्नु पर्ने बुझी पुन निर्णय गराउन तारेखमा रहेका पक्ष विपक्षलाई तारेख तोकी मिसिल काठमाडौं महानगरपालिकामा फिर्ता पठाई दिने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन। अतः पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस २४ गते रोज शुभम्।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०९२१, कर्तव्य ज्यान, *सुकबहादुर गुरूङ वि. नेपाल सरकार*

प्रतिवादीले बन्दुक जस्तो साङ्घातिक हतियार बोकेर हिँडेको र त्यस्तो हतियारले प्रहार गर्दा मानवीय क्षति हुनेतर्फ सावधानी नअपनाएको कारण एक जना निर्दोष मानिसले ज्यान गुमाउनु परेको अवस्था, घटनास्थलमा मानिस र स्याल छुट्याउनै नसकिने किसिमको झाडी भएको भन्नेसमेत नदेखिएको तथा अनुसन्धानमा कागज गर्ने मानिसहरूले समेत मृतक रहेको ठाउँमा झाडी नभएको र घटनाको प्रकृति हेर्दा ज्यानमार्ने मनसायले हानेजस्तो लाग्छ भनी अदालतमा आई बकपत्र गरिदिएको अवस्थामा उक्त वारदातलाई नितान्त भवितव्य भन्न मिल्ने अवस्थासमेत नदेखिएकोले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७१।८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीको मृतकसँग पूर्व रिसइवी रहेको भन्ने नदेखिएको, मृतकलाई मार्नुपर्नेसम्मको कुनै कारण रहेको नदेखिएको, प्रतिवादीको उमेर ६० वर्ष नाघेको अवस्था रहेको तथा घटनाको विवरण हेर्दा प्रतिवादीले स्याललाई भनी हानेको गोली लागि मृतकको मृत्यु भएको भन्ने वारदातको प्रकृति भवितव्यको जस्तो देखिएको अवस्थामा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को हुने देखिँदा अ.ब. १८८ नं.बमोजिम कैद वर्ष ५ हुने भनी व्यक्त भएको पुनरावेदन अदालत, पोखराको राय मनासिब देखिएकोले प्रतिवादी सुकबहादुर गुरूङलाई मुलुकी ऐन, अ.बं. १८८ बमोजिम ५ वर्ष कैद हुने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७३ साल कात्तिक २४ गते रोज ४ शुभम्।

१३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CR-०४६३, ०६९-CR-०५८८, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. गणेशबहादुर दनुवार, गणेशबहादुर दनुवार वि. नेपाल सरकार*

श्रीमतीले चुरोट खाएको विषयमा भनाभन भई तत्काल उठेको रिसको कारण आवेशमा उक्त वारदात भएको देखिए पनि प्रतिवादीले फलामको दाउ जस्तो हतियार प्रयोग गरेको कारण निजको श्रीमतीको मृत्यु भएको अवस्थामा प्रस्तुत मुद्दामा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को कानूनी व्यवस्था आकर्षित हुने नदेखिँदा त्यसतर्फको प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन। प्रतिवादीले

भान्सामा प्रयोग गर्ने गरेको फलामे दाउ प्रयोग गरी मृतकको ज्यान मारेको देखिन आएको अवस्थामा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला कानूनसम्मत नै देखिने।

प्रतिवादी तथा निजको श्रीमती मृतकबीच चुरोटको विषयमा भनाभन भएको भएपनि छोरीहरूसँग कुनै किसिमको विवाद तथा भनाभन भएको देखिँदैन। प्रतिवादीले निजहरूलाई मार्नुपर्नेसम्मको कुनै किसिमको रिसइवी तथा निजहरूलाई मार्नुपर्ने कारण रहेको भन्ने तथ्य स्थापित हुन सकेको छैन। घाइतेहरू अञ्जली तथा अंशुसमेत प्रतिवादी तथा मृतकसँग एउटै कोठामा सुतेको समयमा वारदात भएको भन्ने घाइते अञ्जली दनुवारले गरेको कागजसमेतबाट देखिने। प्रतिवादीले मृतकलाई दाउ प्रहार गरी रगताम्मे पारेपछि निजहरू जागेको र सोही अवस्थामा आमा लक्ष्मीले अन्टीलाई बोलाउनु भनेकोले अन्टी संगीता मालाकारलाई बोलाएको भन्ने व्यहोरा उक्त कागजको व्यहोरामा उल्लेख गरेको देखिन्छ। निजहरूलाई समेत प्रतिवादीले मार्ने उद्देश्य राखेको भए तत्कालै मृतकलाई मारेकै स्थानमा नै मार्न सक्ने अवस्था रहेको देखिन्छ। तर प्रतिवादीले निज घाइतेहरूलाई मार्ने उद्देश्य नभई तत्कालको हतास मनस्थितिको कारण निजहरूलाई घाइते बनाएको देखिन्छ। त्यसैगरी छिमेकीहरू प्रविण श्रेष्ठ र संगीता मालाकारसँग पनि यी प्रतिवादीको कुनै रिसइवी रहेको देखिँदैन। उक्त वारदातको प्रकृतिबाट प्रतिवादीले निजहरूलाई समेत मार्ने उद्देश्यले नै दाउ प्रहार गरेको भन्ने पुष्टि हुन सकेको छैन। यसरी उक्त वारदातको उठानलगायत समग्र परिस्थिति हेर्दा ज्यानसम्बन्धी महलको १५ नं.बमोजिम ज्यान मार्ने उद्योगको कसुर कायम हुन सक्ने अवस्था नरहेकोले त्यसतर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने नदेखिने।

अतः उपरोक्त आधार कारणबाट प्रतिवादी गणेशबहादुर दनुवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६९।२।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीको श्रीमतीले चुरोट सल्काएकोमा चुरोट नखाउ भनी सम्झाई बुझाई गर्दा नमाने पछि विवाद सिर्जना भई प्रतिवादी आवेशमा आई उक्त वारदात घटाएको देखिन आएको छ। यसरी तत्कालीन परिस्थितिको कारण लोग्ने स्वास्नीबीच विवाद र भनाभन हुँदा तत्काल उठेको रिस आवेगबाट वारदात सिर्जना भएको देखिएको हुँदा निजलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिई वरादातको अवस्था र परिस्थितिसमेतलाई विचार गरी प्रतिवादीलाई मुलुकी ऐन, अ.ब. १८८ नं.बमोजिम १० वर्ष कैद सजाय हुन व्यक्त भएको सुरू तथा पुनरावेदन अदालतको राय मनासिब देखिँदा प्रतिवादी गणेशबहादुर दनुवारलाई अ.ब. १८८ नं.बमोजिम १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मञ्जिता ढुंगाना

इति संवत् २०७३ साल कात्तिक २४ गते रोज ४ शुभम्।

१४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-१०१७, ०७१-CR-११३७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सार्की कामी, सार्की कामी वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादी सार्की कामीको मौका तथा अदालतको बयानमा खासै अन्तर रहेको देखिन नआई निजले आफ्नो बयानको क्रममा बेलुका घर आउँदाको समयमा खाना नपकाएको र विदेशबाट पठाएको रकम मृतकले हिनामिना गरेको विषयमा छलफल गर्दा भनाभन भई मृतक श्रीमती कालिका वि.क.ले आफूलाई समेत गाली गरेपछि एक हातले

कपालमा समाती अर्को हातले मृतकलाई दाहिने गालामा दुई पटक थप्पड हानेको र निजले आफूलाई थुकेकीले आफूले खाएको चुरोटले गालामा डामी दिएको त्यतिकैमा म गाउँतिर गएकोमा फर्कदा मुत्यु भइसकेको रहेछ भन्ने देखिँदा प्रतिवादीले रिस आवेशमा गाला ढाडसमेतमा हिर्काएको र भुइँमा पछारेको भन्ने देखिँदा सोही कारणले नै मरेको देखिँदा ज्यानसम्बन्धीको १४ नं. को कसुर ठहर गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेकै देखिन आउने।

तसर्थ प्रतिवादी सार्की कामीलाई ज्यानसम्बन्धी महलको १३ को देहाय (३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू लमजुङ जिल्ला अदालतको मिति २०७०।१२।११ को फैसला केही उल्टी हुने ठहर गरी प्रतिवादी सार्की कामीलाई ऐ. महलको १४ नं.बमोजिम कैद वर्ष १० (दश) हुने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको मिति २०७१।८।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम्।

१५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-०८८१, कर्तव्य ज्यान, *चितुवा भन्ने सरोज राई वि. नेपाल सरकार*

अघिल्लो झगडा समाप्त भईसके पश्चात पछाडी प्रतिवादी सरोज राई आफू सुतेको ठाउँबाट उठी गई मृतक सुतेको ठाउँमा गई हातले हान्दा थाहा पाउने र आफूलाई नै कुट्ला भन्ने डरले सचेततापूर्वक काठको फर्मा लिई आई टाउको जस्तो संवेदनशील अङ्गमा २ पटक हानेको र शव परीक्षणबाट टाउकोको भागहरूमा fracture भन्ने देखिँदा उपरोक्त प्रहार सांघातिक भई योजनावद्ध र सचेततापूर्वकसमेत गरेको देखिएकोले मार्ने नियत रहेको प्रस्ट हुन आएकोले त्यसरी मृतक निदाएको बेलामा घटाएको घटनालाई आवेशप्रेरित हत्या ठहर गर्न मिल्ने देखिन नआएकोले ज्यानसम्बन्धीको १४ नं. को वारदात ठहर गर्नुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वस्तुत: प्रतिवादी चितुवा भन्ने सरोज राईले निज सरोज राई र मृतक राजेन्द्र बस्नेतबीच वारदातको दिन कार्टुनको विषयलाई लिएर झगडा भएकोमा कार्टुन बाँडफाँडपश्चात आआफ्नो ठाउँमा गई सुतेकोमा पुन सोही विषयको रिसइवी लिई मृतक राजेन्द्र बस्नेत सुतेको ठाउँमा गई मृतकले थाहा नपाउने गरी काठको (लाठो) फर्माले दुई पटक टाउँको निधार जस्तो संवेदनशील अङ्गमा सांघातिकरूपमा हिर्काई मारेको देखिएको र सो कुरा स्वीकार गरेकोमा सो साबिती बयानलाई रामबहादुर बस्नेतसमेतको मौका तथा अदालतको बयान, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका मिसिल कागजातले पुष्टि गरी अभियोग दाबीको कसुर गरेको देखिन आएको र सो वारदातमा अन्य कसैको संलग्नता छैन भनी अदालतमा समेत प्रतिवादी सरोज राईले बयान गरेकोले निज प्रतिवादी चितुवा भन्ने सरोज राईलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने।

चरम गरिबीको कारण कार्टुन वाँडफाँड जस्तो सामान्य विषयमा झगडा भएको र निम्न मुल्यको कार्टुनको केही बढी घटिलाई लिएर सुत्न नसकेको भन्ने प्रतिवादी कथनबाट आपराधिक प्रवृत्ति भन्दा पनि गरिबीको कारणको मानसिक तनाव तत्त्व पनि प्रवलरूपमा देखा परेको छ। सोही गरिबीको कारण कार्टुन बाँडबाड जस्तो सामान्य तेरोमेरो भन्ने विषय भुल्न नसकी सुतेका प्रतिवादी सरोज राई उठी मृतकलाई खोज्दै वारदातस्थलमा गएको देखिन्छ। फुटपाटमा सुतेको अवस्थामा भेटाएका प्रतिवादीले मृतकलाई घटनास्थलमा भेटिएको लाठीले हानि

मारेको देखिए पनि मारौं भन्नेसम्मको पुरानो रिसइवी केही नदेखिएको र न्याय निरूपणमा अदालतलाई गरेको सहयोगसमेतलाई विचार गर्दा ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेको निज प्रतिवादी चितुवा भन्ने सरोज राईलाई अ.बं.१८८ नं.बमोजिम कैद वर्ष १२ (बाह्र) गर्दा पनि कानूनको मकसद पूरा हुने देखियो । अत: सुरु काठमाडौं जिल्ला अदालत तथा पुनरावेदन अदालतले प्रतिवादी चितुवा भन्ने सरोज राईलाई अ.बं.१८८ नं.बमोजिम कैद वर्ष १२ हुने गरी व्यक्त गरेको राय न्यायोचित नै देखिँदा सदर भई निज प्रतिवादी चितुवा भन्ने सरोज राईलाई कैद वर्ष १२(बाह्र) हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-००४३, ०२४९, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. सुकबहादुर परियारसमेत, विजय गुरूङ वि. नेपाल सरकार*

सल्लाहबमोजिम नै छोरीलाई कामको लागि पठाएको भन्ने जाहेरवालाको बकपत्र रहेको सन्दर्भमा पीडितहरूलाई पोखरामा लगी वेश्यावृत्तिमा लगाउने कुरा यी प्रतिवादीहरूलाई पहिले नै जानकारी थियो भनी अनुमान गर्न मिल्नेसमेत देखिँदैन । घर सल्लाहबमोजिम सदाशयता राखी काममा पठाइदिएको अवस्था प्रस्तुत घटनाको सिलसिलेवारबाट देखिन आएको समेतका कारण प्रतिवादीहरू सुकबहादुर परियार, राधिका परियार दर्जी, तुलमाया नेपालीले अभियोग दाबीबमोजिमको कसुर गरेको अवस्था पुष्टि हुन नसकेकोले निजहरूलाई सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नसकिने।

पीडितहरूलाई लिन प्रतिवादी शुशीला गुरूङको साथमा नै आए पनि पीडितहरूको विरोध र इन्कारपछि यिनै प्रतिवादी विजय गुरूङले गाउँसम्म पीडितहरूलाई पुऱ्याइदिएको अवस्थासमेत रहेको देखिएकोले निजले वेश्यावृत्तिमा लगाउनकै लागि पीडितहरूलाई लिई गएका थिए भनी ठोस रूपमा भन्न सकिने अवस्था नरहेको होटलको कारोबारमा यी प्रतिवादीको भन्दा निजकी श्रीमतीको संलग्नता देखिएको र पीडितहरूको बकपत्रबाट वेश्यावृत्तिमा लगाउने कार्यमा यी प्रतिपादी विजय गुरूङको समेत संलग्नता थियो भनी मान्न सकिने अवस्था नरहेकोले निज प्रतिवादी विजय गुरूङले अभियोग दाबीबाट सफाइ पाउने।

पोखरा स्थित होटलमा ४ दिन राखी प्रतिवादी शुशिला गुरूङले वेश्यावृत्तिमा लगाउने कार्य गरेको ग्राहकसँग कोठामा जबर्जस्ती पठाउने, विभिन्न औषधीहरू खान दिने र ग्राहकसँग रकम असुल गर्ने कार्य यी प्रतिवादी शुशिला गुरूङले गर्ने गरेको भनी पीडितहरू स्वएम्ले अदालतमा बकपत्र गर्दा खुलाई दिएको देखिन्छ। जाहेरवालाले पनि निजले नै छोरीलाई होटलमा काम लगाउने नाउँमा लिएर गई वेश्यावृत्तिमा लगाएको हो भनी बकपत्र गरिदिएको अवस्था छ । पीडित सुन्तली वि.क. को स्वास्थ्य जाँच प्रतिवेदनबाट निजको कन्याजाली खुलेको भन्नेसमेत देखिएको तथा बुझिएका व्यक्तिहरूको बकपत्रसमेतको सवुद प्रमाणको आधारमा निज प्रतिवादी शुशिला गुरूङले पीडित सुन्तली वि.क.लाई जबर्जस्ती वेश्यावृत्तिमा लगाएको भन्ने कसुर सप्रमाण पुष्टि हुन आउने।

अतः उल्लिखित तथ्य प्रमाणहरूका आधारमा प्रतिवादी शुशिला गुरूङलाई १० वर्ष कैद र रू.५०,०००।– जरिवाना भई पीडित सुन्तली

वि.क.लाई रू.२५,०००।- क्षतिपूर्ति भराई दिने ठहरेको तथा प्रतिवादीहरू सुकबहादुर परियार, राधिका परियार दर्जी, तुलमाया नेपाली र विजय गुरूङले अभियोग दाबीबाट सफाइ पाउने ठहरेको हुँदा प्रतिवादी विजय गुरूङसमेतलाई कसुरदार ठहराउने गरी भएको हदसम्म पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१।६ को फैसला केही उल्टी हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल पुस १७ गते रोज १ शुभम्।

- यसै लगाउका *०७१-CI-०६१६, सार्वजनिक बाटो खुलाई घरको जग दिवाल हटाइ खिचोला मेटाइ चलाइ पाउँ, धर्मेन्द्र केवट वि. सुदामा केवट* भएको मुद्दामा पनि यसै अनुसार पैसला भएको छ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CI-०६४८, निर्णय दर्ता बदर सार्वजनिक बाटो कायम, *राम बेलास केवटसमेत वि. सुदामा केवट*

अदालतमा मुद्दा परी विचाराधीन रहेको अवस्थामा चलाइएको प्रक्रिया र गरिएको निर्णय सो मुद्दालाई प्रभावित पार्ने उद्देश्यबाट भएको भन्ने सामान्य रूपमै विचार गर्नुपर्ने देखिन्छ । यसरी मुद्दा चल्दैको अवस्थामा सोही विवादित जग्गाको क्षेत्रफल संशोधन गर्ने गरी भएको निर्णयलाई कानूनसङ्गत मान्न नसकिने भएकोले नापी कार्यालयबाट कि.नं. ४ को बाटोको क्षेत्रफल संशोधन गर्ने गरी भएको मिति २०६८।१।२६ को निर्णय र सो आधारमा भएको दर्तासमेत बदर हुने अवस्था देखिन आउने।

तसर्थ नापी कार्यालय, रूपन्देहीबाट विवादित कि.नं. ४ को बाटोको क्षेत्रफल संशोधन गर्ने गरी भएको मिति २०६८।१।२६ को निर्णय र सो आधारमा भएको दर्तासमेत बदर हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०७०।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल मंसिर २७ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०७३-WH-००५१, बन्दीप्रत्यक्षीकरण, *भूपेन्द्रबहादुर बस्नेत वि. सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारासमेत*

प्रतिवादीलाई पटक पटक कैदी पुर्जी दिँदै र संशोधनको नाममा पुनः पत्राचार गरी कैदमा राख्न पाउने अधिकार तहसिलदार शा.अ.लाई कानूनले दिएको देखिँदैन। व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हक सर्वोपरि स्थानमा रहेको हुन्छ। हाम्रो कानूनी व्यवस्थाको समग्र अध्ययन गर्दा पनि कानूनभन्दा माथि कोही रहेको छैन । आफूलाई हक अधिकार नै नभएको विषयमा पटक पटक यी निवेदकको नाममा जारी भएको कैदी पुर्जी कानूनविपरीत रहेको देखियो । यस्तो विषयमा आफूलाई नभएको अधिकारमा सम्बन्धित जिल्ला अदालतको इजलासबाट लिखित निकासा लिई तहसिलदारले पत्राचार गरेको भन्ने प्राप्त मिसिलमा नदेखिँदा यस्तो कार्यलाई गैरकानूनी थुना मान्नुपर्ने।

न्यायकर्तालाई विधायिकाले प्रदान गरेको स्वविवेकीय र तजविजि अधिकार तहसिलदार कर्मचारीले प्रयोग गरी निजले च.नं. ६०५ मिति २०७३।५।२७ को कैदी पुर्जी संशोधन गरी प.स. २०७३।७४ च.नं. ८७८ मुद्दा नं. २०७२-CR-०००९ ल.नं. ११४२ मिति २०७३।७।४ मा कैदी पुर्जी संशोधन गरी पठाएको पत्र कानून अनुरूप नदेखिएको हुँदा उक्त पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । जरिवानाबापत हुने कैद सजाय निर्धारणमा न्यायिक स्वविवेकीय अधिकारको प्रयोग गर्न पाउने गरी कानूनले नतोकिएको व्यक्ति न्याय प्रशासनका

तहसिलदार कर्मचारीले उक्त अधिकारको प्रयोग गरि गरिएको कैदी पुर्जी संशोधनको कार्यबाट निवेदक भुपेन्द्रबहादुर बस्नेत गैरकानूनीरूपमा थुनामा रहेको देखिँदा प्रस्तुत निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल चैत्र १ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०४६०, ०६९-CR-०५२७, कर्तव्य ज्यान, *कुमार माइला भन्ने हिक्मतबहादुर क्षेत्री वि. नेपाल सरकार, नेपाल सरकार वि. मोहनबहादुर खत्रीसमेत*

एकपटक एउटा कसुर लगाई एउटा सजायको मागदाबी लिई मुद्दा दायर गरिसकेपछि उसै व्यक्तिउपर उसै अपराधमा अर्को कसुर लगाई अर्कै सजायको दाबी लिई अर्को मुद्दा दायर गर्न सकिने देखिँदैन भनी व्यक्त गरेको तर्कसँग यो इजलास पूर्ण सहमत छ । मुलुकी ऐन, अ.बं. ८८ नं. छुटेका प्रतिवादी थप्न मिल्ने प्रयोजनका लागि बनेको कानून हो । कायम भईसकेको प्रतिवादीको अभियोग परिवर्तन गर्न बनेको कानून होइन । अभियोजनकर्ताले सही अनुसन्धान नगरेको कारणबाट वा बेहिसाब वा मरमोलाहिजा गरेको कारणबाट दोषीलाई उसको कसुरअनुसारको सजाय हुन नसक्ने स्थिति आएमा यस अदालतले दोषी व्यक्ति त्यसै नउम्कियोस भन्नका लागि व्याख्याद्वारा नजिर कायम गर्न नसक्ने होइन। तर प्रस्तुत मुद्दामा प्रतिवादी मोहनबहादुर खत्री विरूद्धको त्यस प्रकारको कुनै प्रमाण देखिंदैन। प्रतिवादी मोहनबहादुर खत्रीको अदालतको बयान निजका दाजु प्रतिवादी हिक्मतबहादुर खत्रीलाई बचाई दिने उद्देश्यबाट भएको तथ्यलाई पूरै मिसिल प्रमाणले समर्थन गरेको देखिने।

स्वयम् प्रतिवादी हिक्मतबहादुर खत्रीले यस अदालत र पुनरावेदन अदालतमा पुनरावेदन गर्दा आफूले अ.बं. १८८ नं. को सुविधा पाउनु पर्ने भनी माग गरेको समेतको तथ्यबाट प्रतिवादी मोहनबहादुर खत्रीको अदालतको बयान बिल्कुलै बनावटी देखिन्छ । जहाँसम्म जाहेरवाला रामप्रसाद दाहालले मृतकलाई मोहनबहादुर खत्रीले बञ्चरोले हानि मारेको भनी बकपत्र गरिदिएको भन्ने वादी नेपाल सरकारको जिकिर छ तत्सम्बन्धमा हेर्दा निजको बकपत्रको जवाफ ४ मा को को भई मारेका हुन थाहा भएन भनी उल्लेख भएको तथा जवाफ ७ मा गाउँ घरमा बुझ्दा हिक्मतबहादुर खत्रीले मारेको नभई मोहनबहादुर खत्रीले मारेको भन्नेसम्म उल्लेख भएको व्यहोरालाई निर्विवाद प्रमाणको संज्ञा दिन मिल्दैन। वारदातको दिन समयमा जाहेरवाला स्वयम्ले वारदात देखे सुनेको अवस्था छैन। जाहेरवालाको भनाई बिल्कुल आनुमानिक र श्रूत देखिने

मिसिलका तमाम प्रमाणबाट प्रतिवादीहरू राम भण्डारी र इन्द्रकुमार खत्रीको प्रस्तुत वारदातमा कुनै किसिमको पनि संलग्नता रहेको नपाइएको प्रस्ट हुँदाहुँदै पनि निजहरूको हकमा भएको फैसलामा समेत चित्त नबुझाई वादी नेपाल सरकारले पुनरावेदन गरेको उत्तिकै दुखद् हुन पुगेको छ । आधारहीन पुनरावेदन लिएर आउँदा यस अदालतको कार्यबोझ बढ्ने र न्यायका यथार्थ आकांक्षीहरूले समयमा सही न्याय पाउन नसक्ने कुरामा नेपाल सरकारले विचार गर्नु आवश्यक छ। मुलुकी ऐनको अ.बं. २०३ नं. मा झुट्ठा पुनरावेदन गर्नेलाई सजायको व्यवस्था भएको त्यो ठीकै थियो भन्नेहरुलाई वादी नेपाल सरकारको पुनरावेदनले मद्दत पुऱ्याएको देखिन्छ। अतः प्रतिवादी मोहनबहादुर खत्रीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. र प्रतिवादीहरू राम भण्डारी र इन्द्र खत्रीलाई ऐ. को १७(३) नं.बमोजिम सजाय गरीपाउँ भन्ने वादी नेपाल

सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

अब प्रतिवादी हिक्मतबहादुर खत्रीको पुनरावेदन जिकिरमा विचार गर्दा मृतकले निजलाई दिएको ऋण २/४ दिनमै फिर्ता गर्नुपर्ने भनेको कारणबाट रिस उठी मृतकको टाउकोमा पटकपटक बञ्चरोले हानि मारेकोमा यी प्रतिवादी मौकामा साबित रहेका तथा पुनरावेदन अदालत, पाटनमा र यस अदालतमा पुनरावेदन गर्दासमेत आफूलाई अ.बं. १८८ नं. को सुविधा प्रदान हुनुपर्ने भन्ने जिकिर लिएको कारण तथा प्रतिवादी मोहनबहादुरको अदालतको बयान बनावटी रहेको भन्ने कुरा माथि उल्लेख भइसकेको अवस्थासमेतबाट मृतकको टाउकोमा बञ्चरोले पटकपटक प्रहार गरी मृतकको हत्या गरेको भन्ने अभियोगदाबी निर्विवाद तवरबाट प्रमाणित भएको पाइयो। अतः अभियोगदाबीबाट छुटकारा पाऊँ भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जहाँसम्म मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम सुविधा पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर छ त्यस सम्बन्धमा हेर्दा यी प्रतिवादीले बञ्चरो जस्तो घातक हतियारले मृतकको टाउकोमा पटकपटक प्रहार गरी हत्या गरेको तथा हत्यामा प्रयुक्त बञ्चरोलाई वारदातस्थलभन्दा केही तल फालेको देखिन्छ। सो गर्दा आफू होसहवाशमा नरहेको भन्ने कुराको जिकिर लिई त्यसको प्रमाण प्रतिवादीले गुजार्न सकेको देखिँदैन। रक्सी सेवन गर्न सबै मानिस रक्सी सेवन गरेको कारणबाट होस गुमाउन पुग्छन भन्न नमिल्ने।

रक्सी सेवन गरेको ठाउँबाट यी प्रतिवादी आफ्नो घरसम्म हिँडेर आएको देखिन्छ। यी प्रतिवादीले अत्यधिक रक्सी सेवन गरेको कारणबाट बाटोमा लरबराएको, बरबराएको, कराएको जस्तो असामान्य वा अनियन्त्रित व्यवहार गरेको देखिँदैन। मृतकले ऋणको पैसा चाँडो तिर भन्ने कारणले गर्दा यी प्रतिवादीले उन्मादमा आएर म जे पनि गर्न सक्छु भन्ठानी अनुत्तरदायी, क्रुर र बीभत्स हत्या गरेको प्रतिवादीको कार्यलाई मुलुकी ऐन, अ.बं. १८८ नं. उल्लेख भएको "भवितव्य" ले समेटने देखिँदैन। त्यो भवितव्य भनेको यस्तो भवितव्य हो जसमा प्रतिवादी कर्ता हुन्छ तर नियति वा समय वा मृतकको क्रियाकलाप प्रतिवादीको कसुरको प्रेरक हुन पुग्छ। यसमा त्यस किसिमको कुनै बाह्य प्रेरक तत्त्वको निर्णायक भूमिका देखिन आउँदैन। जानीजानी यस्तो बीभत्स हत्या गर्न प्रतिवादीलाई कानूनबमोजिम सजाय नगर्दा दण्डहीनताले प्रोत्साहन पाउने।

माथि विवेचित आधार कारणहरूसमेतबाट प्रतिवादी हिक्मतबहादुर खत्रीले मृतक कृष्णप्रसाद दाहाललाई टाउको समेतमा धारिलो हतियार बञ्चरो प्रहार गरी हत्या गरेको पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद, प्रतिवादी मोहनबहादुर खत्रीलाई सोही महलको १७(३) नं.बमोजिम नौ महिना कैद र प्रतिवादीहरू इन्द्रकुमार खत्री र राम भण्डारीले सफाइ पाउने ठहऱ्याएको सुरू दोलखा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।२।२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल माघ ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०३०१, कर्तव्य ज्यान, *मिकु भन्ने सर्वजित सिंह वि. नेपाल सरकार*

सुरेन्द्र सिंह भन्ने व्यक्तिको चेनगेटको तालाको साँचो रहेको सन्दर्भ प्रस्तुत घटनामा

जोडिए पनि निजलाई प्रतिवादी बनाइएको देखिँदैन। चेनगेटको साचो सुरेन्द्रसँग रहेको अवस्थामा यी प्रतिवादीले चेनगेटको ताला खोली माथि तलामा गएमा मान्नसमेत मिल्ने अवस्था रहने सम्पत्तिको कुरा उठाई यी प्रतिवादी मिकु भन्ने सर्वजित सिंहले धम्काएको भने पनि प्रमाणबाट सो कुरा पुष्टि भएको देखिंदैन र मिसिलमा कल डिटेलसम्म रहेको छैन। घरमा नै आएर धम्काएको भए तत्काल समाई प्रहरीमा बुझाउन के कारणले बाधा पुग्यो सो खुलेको देखिँदैन। घटनाको लामो समय पश्चात ढिलो गरी जाहेरी परेको अवस्था छ। मृतकको सम्पत्तिमा यी प्रतिवादीको खासै सरोकार देखिएको छैन। मृतक र प्रतिवादी बस्ने ठाउँ नै छुट्टाछुट्टै देखिन्छ। मृतकलाई वारदातस्थल वीरगञ्जमा सो दिन समयमा देखेको वा मृतकसँग वारदात लगतै अघि वादविवाद भएको वा वारदात पछि वारदातस्थलबाट भाग्दै गरेको वा गोली पेस्तोल यी प्रतिवादीको रहेको भनि पुष्टि भएको देखिँदैन। त्यस्तो स्थितिमा यी प्रतिवादीउपरको कसुर शंकारहित तवरबाट पुष्टि भएको नदेखिने।

तसर्थ चेनको गेट र मोटरसाइकलको साँचो लिने व्यक्ति सुरेन्द्र सिंहउपर अभियोग दाबी नलिई यी प्रतिवादी मिकु भन्ने सर्वजित सिंहले मृतकलाई गोली हानि कर्तव्य गरी मारेको भन्ने निर्विवाद र अकाट्य प्रमाणको अभावमा कसुरदार ठहऱ्याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धित महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१०।२५ को फैसला मिलेको नदेखिँदा उल्टी गरिदिएको छ। प्रतिवादी मिकु भन्ने सर्वजीत सिंहले सफाइ पाउने

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-WO-०९१९, उत्प्रेषण / परमादेश, *विश्वप्रसाद पनेरू वि. लोक सेवा आयोग, अनामनगरसमेत*

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७१।१०।२९ को निर्णयको सम्बन्धमा समान्य प्रशासन मन्त्रालयले परराष्ट्र मन्त्रालयमा लेखेको मिति २०७१।१२।३ को पत्रअनुसार निवेदक विश्वप्रसाद पनेरू विपक्षी सूर्यबहादुर थापाभन्दा १ दिन जेष्ठ खरिदार भएको देखिएको तथा परराष्ट्र मन्त्रालय बढुवा समितिको सचिवालयको गोरखापत्रमा प्रकाशित मिति २०६४।११।१ को सूचनामा निवेदक विश्वप्रसाद पनेरू क्रम संख्या १४ मा र विपक्षी सूर्यबहादुर थापा क्रम संख्या १७ मा रहेको अवस्थामा निजहरूको बढुवाको सन्दर्भमा निजामती सेवा नियमावली, २०५० को नियम ७७ख. को उपनियम (२) को खण्ड (क) र (ख) को व्यवस्था आकर्षित हुने। काननूको कुनै दफा वा नम्बरमा क्रमबद्धरूपमा उल्लेख गरिएका प्रावधानहरू मध्ये पहिलो नम्बरमा लेखिएको कुरा आकर्षित नहुने भएपछि मात्र पछिल्लो नम्बरमा लेखिएको व्यवस्था आकर्षित हुने भनी स्पष्ट उल्लेख भएको अवस्थामा माथिल्लो नम्बरमा भएको प्रावधानलाई बेवास्ता गरी तल्लो नम्बरको प्रावधानअनुसार कानूनको अपव्याख्या गरी एकलौटीरूपमा ऐ. उपनियम (२) को खण्ड (ग) बमोजिम उमेरको आधारमा जेष्ठता निर्धारण गर्ने अधिकार विपक्षी लोक सेवा आयोगलाई छ भनी मान्न मिल्ने देखिएन। यसरी संविधान र कानूनको प्रावधानअनुसार गठन भएको निकायले काम कारवाही गर्दा मनोगत रूपमा नगरी कानूनअनुरूप गर्नुपर्नेमा माथि उल्लेख भएबमोजिम कानूनी प्रावधानको पालना

नगरी विपक्षी लोक सेवा आयोगबाट भएको मिति २०७३।१।९ को निर्णय कानूनसम्मत मान्न नमिल्ने।

तसर्थ, विवेचित आधार, कारण एवम् कानूनी व्यवस्थाको आधारमा विपक्षी सूर्यबहादुर थापालाई बढुवा गर्ने गरी लोक सेवा आयोगबाट मिति २०७३।१।९ मा भएको निर्णय निवेदकको हकमा कानूनअनुरूप भएको नदेखिएकोले सो निर्णय र त्यसपछि प्रकाशित २०७३।१।१३ को सूचनालगायत यस विषयमा भए गरेका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी दिइएको छ। अब सूर्यबहादुर थापाको नाम बढुवा सूचीबाट हटाई निवेदक विश्वप्रसाद पनेरूको नाम बढुवा सूचीमा समावेश गरी कानूनबमोजिम जेष्ठता कायम गरी बढुवा गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०९७६, ०७१-CR-०९७७, ०७१-CR-०९७८, ०७१-CR-०९७९, ०७१-CR-०९८० र ०७१-CR-०९८१, कर्तव्य ज्यान, *दलबहादुर पौडेल, वि. नेपाल सरकार, टिकाचन्द्र कार्की वि. नेपाल सरकार, हरि अधिकारी वि. नेपाल सरकार, अर्जुन खतिवडा वि. नेपाल सरकार, नारायण दाहाल वि. नेपाल सरकार र प्रेमबहादुर कार्कीसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरू अदालतमा कसुरमा इन्कार रहेपनि अधिकारप्राप्त अधिकारीसमक्ष भने सबै प्रतिवादीहरू वारदातमा संलग्न रही मृतकलाई प्लाष्टिकको पाइप, चुथ्रोको लौरा, बाँसको भाटा र हात मुक्काले कुटपिट गरेको हौँ भन्ने व्यहोरा उल्लेख गरी गरेको उक्त बयान व्यहोरा शव परीक्षण प्रतिवेदन, रगत परीक्षण तथा बर्मलाल दाहालले गरिदिएको घटना विवरण कागजबाट समर्थित भई मृतकको लास जाँच मुचुल्कामा उल्लेख भएको घा खतको प्रकृति कुटपिटकै कारणबाट भएको तथ्य स्थापित भएको हुँदा अदालतसमक्ष भएको प्रतिवादीहरूको इन्कारी खण्डित भई अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानको पुष्टाई भएको देखिँदा प्रतिवादीहरू कसुरदार रहेनछन् भनी मान्न मिल्ने अवस्था देखिन नआउने।

तसर्थ प्रतिवादीहरू हरि अधिकारी, टिकाचन्द्र कार्की, अर्जुन खतिवडा, देवेन्द्र अधिकारी र प्रेमबहादुर कार्कीले लात मुक्का, भाटा, लौरी, पाइपसमेतले मृतक शेरबहादुर दाहाललाई कुटपिट गरेको पुष्टि भएकोले निज प्रतिवादीहरू हरि अधिकारी, टिकाचन्द्र कार्की, अर्जुन खतिवडा, देवेन्द्र अधिकारी र प्रेम बहादुर कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद, प्रतिवादी दल बहादुर पौडेललाई सोही महलको १३(४) नं.बमोजिम जन्मकैद र प्रतिवादी नारायण दाहालले ज्यान मार्नको निम्ति वचन दिएको वा मार्नमा संयोग पारी दिएको नदेखिएकोले निजले बारदात स्थलमा उपस्थित भई मृतकलाई कुटपिट बाँध छाँद गर्दा कुनै विरोध वा अवरोध नगरी ज्यान मार्नमा मतलबमा पसेको देखिँदा निज प्रतिवादी नारायण दाहाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) नं.बमोजिम ३ वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७१।०८।०८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

मृतकलाई मार्नका लागि पूर्वतयारी, षडयन्त्र र योजना नबनाउनुका साथै मृतकलाई ज्यान मार्नुपर्नेसम्मको पूर्वरिसइवीको अभाव भएको देखिन्छ। वारदातमा जोखिमी हतियार प्रयोग नभएको र तत्कालैको विवाद पछि उत्पन्न अवस्थाले गर्दा ज्यान मार्ने मनसाय नभएपनि परिबन्धले ज्यान मर्न गएको तथा वारदातको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा प्रतिवादीहरू हरि अधिकारी, टिकाचन्द्र

कार्की, अर्जुन खतिवडा, देवेन्द्र अधिकारी, प्रेमबहादुर कार्की र दलबहादुर पौडेललाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ र देहाय ४ बमोजिम हदैसम्म सजाय गर्दा न्यायको रोहमा उपयुक्त नभएकोले मुलुकी ऐन, अ.बं.को १८८ नं. बमोजिम जनही ५ वर्ष कैद हुने।

इजलास अधिकृत: नवीन कोइराला

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

**इजलास नं. ७**

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-१००६ र ०७१-CR-१२७०, कर्तव्य ज्यान, *विष्णुबहादुर आलेमगर वि. नेपाल सरकार र नेपाल सरकार वि. रतन आलेमगर*

प्रतिवादी विष्णुबहादुर आलेमगरको हकमा माथि विवेचित आधार प्रमाणबाट मृतक अशोक आलेमगरलाई बक्सिङ, लाठी तथा चिरान काठको टुक्रासमेतले कुटपिट गरी सोही चोटका कारण मृत्यु भएको कुरामा विवाद देखिँदैन । बक्सिङ, लाठी तथा चिरान काठको टुक्रासमेतले कुटपिट गर्दा मान्छे मर्नसक्छ भन्ने सामान्य प्रकृतिको जानकारी प्रहारकर्तालाई थिएन होला भन्न मिल्दैन । प्रतिवादी बिष्णुबहादुर आलेमगरले मृतकको टाउकोजस्तो संवेदनशील अङ्गमा चोट प्रहार गरी सोही चोटका कारण मृत्यु भएको तथ्यलाई यी प्रतिवादी विष्णुबहादुर आलेमगरले अन्यथा भन्न सकेको समेत पाइँदैन। प्रतिवादी बिष्णुबहादुर आलेमगरले अनुसन्धान अधिकारी तथा अदालतमा समेत आफू एक्लैले मृतकलाई कुटपिट गरेको भनी बयान गरेको र सो कुराको समर्थन प्रत्यक्षदर्शी चन्द्रबहादुर लामिछानेमगर तथा बीरबहादुर मगरको बकपत्रबाट समेत पुष्टि हुन आएको देखिने।

अतः माथि प्रकरणमा विवेचित आधार प्रमाणबाट यी प्रतिवादी विष्णुबहादुर आलेमगरले बक्सिङ, लाठी तथा चिरान काठको टुक्रासमेतले कुटपिट गरी घाइते भएको अशोक आलेमगरको सोही चोट पीरबाट मृत्यु भएको तथ्य स्थापित भएको हुँदा निज प्रतिवादी विष्णुबहादुर आलेमगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्ने गरी धनकुटा जिल्ला अदालतबाट मिति २०७१।४।२६ मा भएको फैसला सदर गर्ने पुनरावेदन अदालत, धनकुटाको मिति २०७१।९।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी रतन आलेमगरले मृतक अशोक आलेमगरलाई हातमुक्काले प्रहार गरेको भन्ने सम्बन्धमा हेर्दा मृतकसँग साथै जाने बीरबहादुर मगर र चन्द्रबहादुर लामिछानेमगरले अनुसन्धान अधिकारीसमक्षको कागज र अदालतमा बकपत्र गर्दासमेत मृतकलाई विष्णुबहादुर आलेमगरले कुटीकुटी मारेका हुन् र प्रतिवादी रतन आलेमगरले कुटपिट गरेका होइनन् भनी बकपत्र गरेको देखिन्छ। प्रतिवादी विष्णुबहादुर आलेमगर र मृतक बीच कुटपिट भईरहँदा छुट्याउने उद्देश्यले रतन आलेमगर गएकै कारणबाट निजसमेत वारदातमा संलग्न भएको भनी मान्न मिल्ने देखिँदैन । प्रतिवादी विष्णुबहादुर आलेमगरले अदालतमा समेत आफू एक्लैले मृतकलाई कुटपिट गरेको भनी बयान गरेको र सो कुराको प्रत्यक्षदर्शी चन्द्रबहादुर लामिछानेमगर तथा बीरबहादुर मगरको बकपत्रबाट समेत पुष्टि हुन आएको देखिन्छ । मिसिल संलग्न प्रमाणबाट मृतकलाई यी प्रतिवादीले कुटपिट गरेको वा मारेको वा मार्नेसम्मको संयोग पारी दिएको भन्ने कुनै प्रमाणले पुष्टि गरेको देखिँदैन। प्रतिवादी रतन आलेमगरले मृतकलाई कुटपिट गरेको र ज्यान मार्नमा मतलबमा पसेको स्थितिसमेत नदेखिने।

तसर्थ, प्रतिवादी विष्णुबहादुर आलेमगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी रतन आलेमगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं.बमोजिम कैद वर्ष १ सजाय हुने ठहऱ्याई धनकुटा जिल्ला अदालतबाट मिति २०७१।४।२६ मा भएको फैसला निजको हकमा केही उल्टी हुने ठहऱ्याई अभियोग दाबीबाट सफाइ हुने ठहर गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७१।९।१मा भएको फैसला निज प्रतिवादी रतन आलेमगरको हकमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल पुस २० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-०२३७, लागु औषध (खैरो हेरोइन), *गुडन महतो वि. नेपाल सरकार*

प्रतिवादी गुडन महतोले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबिती रही बयान गरे पनि अदालतमा बयान गर्दा राजेशप्रसाद भन्ने व्यक्तिले खेतमा हाल्ने औषधी हो काठमाडौंसम्म पुराई दिनु भनी रू.२०००।– दिएकोले ल्याएको हुँ भनी बयान गरेकोमा प्रहरीले आफैँले खैरो हेरोईन बिक्री गर्न भनी खरिद गरी ल्याएको भनी बयान गराएको भन्ने कुरा व्यक्त गरेका छन्। प्रहरीद्वारा तयार भएको र आफूले हेर्न सुन्न नपाएको भनिएको कागजमा के कस्तो कारण वा परिबन्धले सही गर्नुपरेको थियो सो कुरा निजले अदालतको बयानमा खुलाउन सकेका छैनन्। प्रतिवादीले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजलाई निर्दोष मान्न नमिल्ने।

प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिइएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नुपरेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई स्वेच्छाको होइन भनी भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने।

प्रतिवादी गुडन महतोले आरोपित कसुरमा अदालतमा बयान गर्दा राजेशप्रसाद भन्ने व्यक्तिले खेतमा हाल्ने औषधी हो काठमाडौंसम्म पुराईदिनु भनी रू.२०००।– दिएकोले ल्याएको हुँ भनी बयान गरे तापनि अनुसन्धान अधिकारीसमक्ष वीरगञ्जमा राजेशकुमार भन्ने व्यक्तिले रू.५०००।– दिउँला काठमाडौंसम्म पुऱ्याई ९८४१५४५६५९ नं. को मोबाइल वालालाई दिनु भनेकोले ल्याएको भनी साबित भई बयान गरेका र सो साबिती बयान बरामदी मुचुल्का र प्रतिवादीका साथबाट बरामद भएको वस्तु लागु औषध हेरोइन नै भएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिनुको साथै यी प्रतिवादीले अदालतमा बयान गर्दा राजेशप्रसाद भन्ने व्यक्तिले खेतमा हाल्ने औषधि हो काठमाडौंसम्म पुऱ्याइदिनु भनी रू. २,०००।– दिएकोले ल्याएको हुँ भनी बयान गरे तापनि बरामद भएको लागु औषधको मात्रा हेर्दा अन्यथा भन्न नमिल्नेसमेतका आधार प्रमाणबाट प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) बमोजिमको कसुर गरेको देखिन आउने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादी गुडन महतोले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) र (च) बमोजिमको कसुर गरेको देखिन आएकोले बरामद भएको लागु औषधको मात्रासमेतलाई दृष्टिगत गरी सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम १०(दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने

ठहरी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको मिति २०६९।१२।२० को फैसला सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस २० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७१-WO-०४४०, उत्प्रेषण / परमादेश, *सिकेन्द्रप्रसाद यादव वि. शम्भुप्रसाद राउतसमेत*

निवेदक प्रतिवादी र विपक्षी शम्भु राउत अहिर भन्ने शम्भुप्रसाद राउत वादी भई लेनदेन मुद्दा परी विचाराधीन रहेकोले सोही मुद्दाबाट निवेदकले उठाएको प्रश्नको निरूपण हुने अवस्था रहेको पाइयो । यसरी विचाराधीन मुद्दाको औचित्यमा प्रवेश गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने क्रममा भएको आदेशउपर हस्तक्षेप गर्नु उचित र रिटसम्बन्धी अवधारणाको अनुकूल हुने देखिँदैन। उक्त लेनदेन मुद्दामा बारा जिल्ला अदालतबाट मिति २०७०।१०।२० मा भएको आदेशानुसार उक्त विवादित भरपाइको पुनः जाँच भई प्रतिवेदनसमेत प्राप्त भई कार्यान्वयन भइसकेको समेत देखियो । सो प्रतिवेदन सम्बन्धमा रिट क्षेत्रबाट निक्यौंल गर्न नमिल्ने ।

प्रस्तुत विषयमा जिल्ला अदालतले आवश्यक प्रमाण बुझेर निर्णय गर्न सक्ने नै हुन्छ । लेनदेन मुद्दा ठहरेबमोजिम हुने र विवादित लेनदेन मुद्दा मातहत अदालतमा विचाराधीन नै रहेको अवस्थामा माथिल्लो अदालतबाट यसो वा त्यसो गर्नु भन्नु वा यो वा त्यो प्रमाण बुझ्नु भनी विवादित मुद्दा हेर्न सक्षम रहेको जिल्ला अदालतलाई आफ्नो अन्तिम निर्णय सुनाउनु अघिनै हस्तक्षेप गरेर आदेश गर्दै जाने हो भने सम्बन्धित अदालतलाई कानूनले प्रदान गरेको मुद्दा मामिला हेरी अन्तिम निर्णय गर्ने क्षेत्राधिकारको औचित्यसमेत समाप्त हुन जान्छ । बारा जिल्ला अदालतबाट भएको विवादित भरपाई पुनः परीक्षण गर्ने आदेशलाई पुनरावेदन अदालत, हेटौंडाबाट समेत न्यायिक परीक्षण भइसकेको अवस्था पनि देखिन्छ । के कुन विषयमा जँचाउन पर्ने वा नपर्ने भन्ने सम्बन्धमा मातहतका दुई तह अदालतबाट आदेश भइसकेको अवस्थासमेत प्रस्तुत रिट निवेदनको मिसिलबाट देखिन आउने ।

तसर्थ, बारा जिल्ला अदालतबाट मिति २०७०।१०।२० मा उक्त विवादित भरपाईलाई पुनः जाँच गराउन पठाउने गरी भएको आदेश सदर हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।६।३० मा भएको आदेशमा कानूनको त्रुटि देखिन नआएकोले बदर गरिरहन परेन । प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: देवीमाया खतिवडा (देबिना)

इति संवत् २०७३ साल पुस १७ गते रोज १ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-०१५७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बाबुकाजी ग्याङ्गी मगर*

प्रतिवादीले घटनाको सम्बन्धमा सिलसिलेवाररूपले मृतकलाई आफूले कर्तव्य गरी मारेको स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरिरहेको अवस्थामा केवल अदालतको इन्कारी बयानका आधारमा मात्र निज निर्दोष हुन् भन्न मिल्ने देखिएन । यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, मृतकको शव परीक्षण प्रतिवेदन, घटनास्थल र लासजाँच मुचुल्का, मौकामा बुझिएका मानिसहरूको मौकाको बयानसमेतबाट समर्थित भइरहेको देखिँदा निजको उक्त साबिती

लाई प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिँदा मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट मृतक पविमाया ग्याङ्मी मगरलाई यी नै प्रतिवादीले झुण्डाई कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आउने।

मृतकलाई झुण्डाएर मार्ने वारदातमा यी प्रतिवादी विदुर भन्ने बाबुकाजी ग्याङ्मी मगरको मात्र संलग्नता रहेको भनी निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयानको क्रममा उल्लेख गरेको र सो कुरा अन्य प्रमाणहरूद्वारा समेत पुष्टि भएको हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू पाँचथर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, उल्लिखित तथ्य, कानून, विवेचित आधार र कारणसमेतबाट प्रतिवादी विदुर भन्ने बाबुकाजी ग्याङ्मी मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू पाँचथर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७१।११।२६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७३ वैशाख ३१ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CI-०१६७, अंश, *दिपेन्द्र बहादुर शाह वि. शैलेन्द्र शाहसमेत*

पुनरावेदक पुनरावेदनपत्र लिई अदालत प्रवेश गर्दा म्याद सुरू भएको १ महिनामा गएको देखिन्छ । निजको कानूनबमोजिम थाम्न पाउने म्यादसमेत बाँकी नै रहेको देखिन्छ । अर्कोतर्फ कोर्ट फीको सुविधा पाउँ भनी निवेदन दिएको निवेदनउपर मिति २०६७।११।४ मा सुरू मिसिल मगाउने आदेश भएको मिति २०६८।२।३१ मा कोर्ट फीको सुविधा प्रदान गर्न नमिल्ने भनी इजलासले आदेश गरेको र सोही मितिमा रजिस्ट्रारबाट कोर्ट फी बुझाउने १५ दिनको समय दिएको देखिँदा अदालतको आफ्नो आन्तरिक काम कारवाहीले करीव ४ महिना समय लिएको देखियो । तत् पश्चात ७ दिनपछि मिति २०६८।३।२३ मा कोर्ट फी दाखिल गरिएको अवस्था छ र पुनरावेदन पत्रसमेत दर्ता भइसकेको स्थिति छ। सो अलावा पनि पुनरावेदन अदालतले समयमा कोर्ट फी दाखेल नगरेको भन्ने आधारमा पुनरावेदन खारेज गरेको नदेखिई पुनरावेदन हदम्यादभित्र दर्ता नभएको भन्ने आधारमा खारेज गरेको देखिएकोमा पुनरावेदन पत्र नक्कल सारी लिएको म्यादभित्रै दर्ता गर्न प्रतिवादी आएको देखिएको छ। सो आधारले पनि हदम्याद नघाई पुनरावेदन दर्ता भएको भन्ने पुनरावेदन अदालतको फैसला न्यायिक देखिन आएन। यसरी अदालतको आन्तरिक काम कारवाहीमा लाग्न गएको समयावधिलाई समेत मुद्दाका पक्षको हदम्यादको रूपमा गणना गरिने हो भने मुद्दाका पक्षप्रति अन्याय हुन जाने देखिँदा हदम्यादको कारण देखाई पुनरावेदन खारेज गर्ने गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण देखिन आउने।

तसर्थ, उपरोक्त माथि विवेचित आधार र कारणबाट यी पुनरावेदक दिपेन्द्र बहादुर शाहसमेतको पुनरावेदन अदालत, नेपालगञ्जमा दायर गरेको पुनरावेदन हदम्याद नाघी दायर हुन आएको देखिएको भनी खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७०।४।२७ को फैसला त्रुटिपूर्ण देखिँदा बदर गरिदिएको छ। अब निजको पुनरावेदनउपर पुनः निर्णय गर्नु भनी तारेखमा रहेको मुद्दाका पक्षलाई उच्च अदालत, तुलसीपुर, नेपालगञ्ज इजलासमा जानु भनी तारेख तोकी मिसिल सोही अदालतमा पठाई दिने।

इजलास अधिकृत:- टेकनाथ गौतम
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम्।
यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसै अनुसार फैसला भएका छन्:

- ०७३-CI-०१६८, लिखत बदर, *दिपेन्द्र बहादुर शाह वि. शैलेन्द्र शाहसमेत*
- ०७३-CI-०१६९, लिखत बदर, *दिपेन्द्रबहादुर शाह, वि. शैलेन्द्र शाहसमेत*
- ०७३-CI-०१७०, लिखत बदर, *दिपेन्द्रबहादुर शाह, वि. शैलेन्द्र शाहसमेत*

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०५९८, कर्तव्य ज्यान, *धिरेन्द्रप्रसाद कर्ण, वि. नेपाल सरकार*

प्रतिवादी आफ्नी पत्नीसहित मिति २०६६।८।१५ गते होटलमा बसेको ऐ.को १६ गते बिहानदेखि फरार भएको भनी न्यू कालीमाटी गेष्ट हाउसमा काम गर्ने राजेश घिमिरे, किशोर लुईटेलले गरिदिएको मौकाको सनाखत कागज तथा बकपत्र, मौकामा बुझिएका घटना विवरण कागज गर्ने शम्भुप्रसाद घिमिरेसमेतको बकपत्रबाट निज प्रतिवादीकै कर्तव्यबाट मृतक रन्जुकुमारी कर्णको मुत्यु भएको पुष्टि भइरहेको र निज प्रतिवादीले आफू निर्दोष रहेको तथा दवाबमा पारी बयान गराएको हो कि भन्नालाई उक्त भनाई अन्य कुनै स्वतन्त्र प्रमाणहरूबाट पुष्टि गर्न सकेको मिसिल संलग्न प्रमाणहरूबाट नदेखिँदा निजको साबितीलाई अन्यथा भन्न मिलेन। यसरी आरोपित कसुरमा इन्कार रही स्वेच्छाविपरीत दवाबमा भएको भन्ने जिकिरलाई स्वतन्त्ररूपमा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीको इन्कारी बयानको आधारमा मात्र निजलाई निर्दोष मान्न मिल्ने नदेखिने।

अतः उल्लिखित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी धिरेन्द्रलाल दास भन्ने धिरेन्द्रप्रसाद कर्णलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।०९।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल कात्तिक २५ गते रोज ५ शुभम्।

## इजलास नं. ९

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१०४८, जबरजस्ती करणी, हाडनाता करणी, *अर्जुन ऋषिदेव वि. नेपाल सरकार*

प्रतिवादीले सुरू अदालतसमक्ष गरेको बयानमा समेत करणीको प्रयास मात्र गरेको वा करणी गर्न नपाएको भनी भनेको वा त्यस्तो कुनै आधार देखाउन वा जिकिरसम्म पनि लिन सकेको देखिँदैन। पीडिताले लेखाएको बयानका सबै कुरा ठीक हो मैले मादक पदार्थ सेवन गरी नसाको सुरमा गल्ती गरेको हुँदा अभियोग मागदाबीबमोजिम सजाय पाउनु पर्ने हो भनी सजायको दाबीमा पूर्णतः स्वीकारोक्ति जनाएको अवस्थामा पीडितालाई वादीले अदालतमा ल्याई बकपत्र गराउन नसकेको कारणले मात्र अभियोग दाबीको कसुरबाट मैले सफाइ पाउनु पर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नै देखिन नआउने।

जबर्जस्ती करणी हुनको निमित्त स्त्रीको योनिभित्र पुरूष जनेन्द्रिय पूर्णरूपमा प्रवेश भएकै हुनुपर्ने, स्त्रीको कन्याजाली च्यातिएको वा फाटेकै हुनुपर्ने वा पुरूष वीर्य योनिमा स्खलन भई योनिको वरिपरि वीर्य वा सो को दाग लागेकै हुनपर्ने अनिवार्यतासमेत नरहेको

अवस्थामा वीर्य स्खलनसहित वा रहित योनिको बाह्य भागभित्र आंशिक लिङ्ग प्रवेश गराउनु मात्र पनि कानूनी प्रयोजनको निम्ति जबरजस्ती करणीको कसुर हुन पर्याप्त हुने हुँदा यी प्रतिवादीको आफ्नै नियन्त्रणमा रहेकी नाबालिग छोरीलाई करणी गर्ने कार्यमा कोही कसैको अवरोध नरहेको र निर्वाधरूपमा करणी गर्दागर्दैका मौकामा करणीको पीडाबाट पीडिता मध्यरातमा कराएको अवस्थामा छिमेकका मानिसको उपस्थिति भएको र सोहीअनुसार जाहेरी पर्न आई यी प्रतिवादीले मुलुकी ऐन, जबर्जस्ती करणीको १ नं. विपरीतको कसुर गरेको भन्ने देखिँदा यी प्रतिवादीले जबर्जस्ती करणी एवम् हाडनातामा करणीसमेतको कसुर वारदात गरेको पुष्टि हुने।

अत: माथि विवेचित तथ्य, प्रमाण, कानूनसमेतबाट प्रतिवादी अर्जुन ऋषिदेवलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ (२) नं.बमोजिम १० (दश) वर्ष र हाडनाता करणी गर्नेको महलको १ नं.बमोजिम १० (दश) वर्ष कैदसमेत थप गरी जम्मा २० (बीस) वर्ष कैदको सजाय गरेको र प्रतिवादीबाट पीडिताले रू.२५,०००।– (पच्चीस हजार) क्षतिपूर्तिसमेत पाउने ठहरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७०।२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-WO-११३५, उत्प्रेषण / प्रतिषेध, *जेवरी कल्वार वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंसमेत*

प्राकृतिक न्यायको सिद्धान्त ज्यादै विशुद्ध एवम् सर्वमान्य (pure and universal) सिद्धान्त हो । जसको कुनै पनि हालतमा उल्लङ्घन गर्न मिल्दैन । प्रजातन्त्रको महत्त्वपूर्ण अवधारणा भनेको नै कानूनको शासन (rule of law) हो । कानूनको शासनको मुटु भनेको नै प्राकृतिक न्यायको सिद्धान्त हो र यसको प्रत्यक्ष सम्बन्ध समतामुलक न्यायसँग हुने । कुनै एक पक्षले आफूलाई परेको अन्यायका बारेमा निवेदनमा उजुरी दिन्छ भने सो निवेदन वा उजुरीबाट नै एकतर्फी रूपमा न्यायिक निष्कर्ष निकाल्न मिल्दैन । सो निवेदन वा उजुरीको विषयमा अर्को पक्षलाई पनि सूचना वा जानकारी दिई दुवै पक्षको कुरा सुनी निजहरूले पेस गरेका प्रमाणको मूल्याङ्कन गरी वास्तविकरूपमा न्यायको प्रत्याभूती गर्नुपर्छ । सो नै स्वच्छ न्याय हुन सक्छ जसबाट सुनुवाइको सिद्धान्त (Theory of Hearing) को पालना पनि हुने। प्रस्तुत रिट निवेदनको सन्दर्भमा हेर्दा निवेदिकाले जग्गा राजीनामा गरि लिई आफ्नो नाउँमा दाखिल खारेज गराई जग्गा धनी दर्ता प्रमाण पुर्जासमेत प्राप्त गरेको देखिन्छ। त्यस्तो व्यक्तिलाई कुनै जानकारीसम्म पनि नदिई निजको कुरासमेत नसुनी नापी विभागबाट भएको निर्णय प्रत्यक्ष रूपमा प्राकृतिक न्यायको सिद्धान्तको बर्खिलापको निर्णय भई त्यस्तो निर्णय कायम रहन सक्ने नदेखिँदा बदरयोग्य देखियो। तसर्थ नापी विभागको मिति २०६९।१२।२५ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: बिमला पौडेल (शाखा अधिकृत)

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-१९८४, रिसवत (भ्रष्टाचार), *शंकरप्रसाद तमल्सिना वि. नेपाल सरकार*

एउटा राष्ट्रसेवकको लागि निजको कानूनी

दायित्व इमान्दारीपूर्वक बहन गर्नुपर्ने र सेवाग्राहीलाई कानूनबमोजिम गर्नुपर्ने काम यथासमयमा सम्पन्न गर्नुपर्ने हुन्छ । प्रतिवादीले गर्नुपर्ने काम निजले यथासमयमा नगरेको र घुसको माग गरेको हुनाले उजुरवालाले अधिकारप्राप्त निकायबाट नोटहरू लिएर घुसबापत प्रतिवादीलाई दिएको देखिन्छ । यी क्रियाहरू आरोपित कसुरका लागि गरिने अनुसन्धान प्रक्रियाका अङ्ग हुन् र कानूनअनुकूल नै सम्पन्न भएकाले अभियोजन पक्षको नियत र अनुसन्धान कारवाहीमा दुषित मनसाय र कानूनी त्रुटिसमेत देखिन नआएकोले त्यसको आधारमा एकत्रित प्रमाणहरू ओरोपित कसुर प्रमाणित गर्नका लागि प्रमाणको रूपमा ग्रहणयोग्य देखिन्छन् । घुसको रकम रङ्गे हात पक्राउ परेको, पुनरावेदक प्रतिवादीले भन्सार जाँचपास गर्ने क्रममा उजुरवालासँग घुस रिसवत् मागी लिएको अवस्थामा त्यस्तो रिसवत् लिने राष्ट्रसेवक कर्मचारी कानूनबमोजिम सजायको भागी हुने कुरामा कुनै विवाद नरहने ।

तसर्थ, उल्लिखित बुँदा प्रमाणसमेतको आधारमा निज प्रतिवादी शंकरप्रसाद तिमल्सिनाले भन्सार जाँचपाससम्बन्धी काम गर्दा उजुरवाला अब्दुल अजीज अन्सारीसँग रू.१२,०००।- घुस रिसवत् लिएको र सो लिएको घुस रिसवत् निजको साथबाट बरामदसमेत भएको हुँदा सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम कसुरजन्य रहेको देखिएको अवस्थामा विशेष अदालत, काठमाडौंबाट निज प्रतिवादीलाई सोही ऐनको दफा ३(१)(क) बमोजिम कसुरदार ठहऱ्याई उक्त ऐनको सोही दफा ३(१)(क) बमोजिम रू.१२,०००।- (बाह्र हजार) जरिवाना र १(एक) महिना कैद गर्ने गरेको मिति २०७२।०५।२३ को फैसला मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: बिमला पौडेल

इति संवत् २०७३ साल पुस १८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७१-WO-०५०४, उत्प्रेषण, *दिलिपकुमार श्रेष्ठ वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवारसमेत*

निवेदक दिलिप कुमार श्रेष्ठको कानून व्यवसायी अधिवक्ता श्री रामचन्द्र पौडेलले रिट निवेदन मागबमोजिम सरूवा व्यवस्थापन भइसकेको भनी इजलाससमक्ष छलफलको क्रममा अनुरोध गर्नुभएकोले प्रस्तुत रिट निवेदनको औचित्यता नदेखिँदा विषयभित्र प्रवेश गरिरहनु परेन । रिट निवेदकको निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा खारेज हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CR-०४६२, ०६९-CR-०६०१, ०६९-CR-०६८२ ठगी, *नेपाल सरकार, वि. तेजबहादुर शाहीसमेत, माधवजंग शाह वि. नेपाल सरकार, बालकृष्ण शाह वि. नेपाल सरकार*

संस्थाको संस्थापक अध्यक्ष रही निरन्तररूपमा संस्थाको अध्यक्षता गर्दै आएका माधवजंग शाहले संस्थाको प्रमुखको रूपमा संस्थाले गरेको सम्पूर्ण कार्यमा संलग्नता रहँदै आएको देखिन्छ । जुन कुरा संस्थाको विधान, निर्णय पुस्तिकालगायतका मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ । बचतकर्ता जाहेरवालाहरूको रकम संस्थामा जम्मा गराउने कार्य, संकलित रकमको ऋण प्रवाह गर्ने कार्य तथा संस्थामा हुने खर्चलगायतका आर्थिक कारोबार र व्यवस्थापनका

लागि निज मुख्य जिम्मेवार भएको देखिँदा संस्थामार्फत बचतकर्ता जाहेरवालाहरूको रकम ठगी भएको पुष्टि भएको अवस्थामा प्रतिवादी माधवजंग शाहको उक्त ठगीको कसुरमा संलग्नता भएको नै देखिने।

प्रतिवादी तेजबहादुर संस्थाको कोषाध्यक्षको हैसियतमा संस्थाको कोष तथा आर्थिक कारोबारमा प्रत्यक्ष संलग्न रहँदै संस्था बन्द गर्ने निर्णय गर्दासमेत निजको अविछिन्नरूपमा संलग्नता रहँदै आएको देखिन्छ । यस अवस्थामा संस्थामार्फत बचतकर्ता जाहेरवालाहरूको रकम ठगी गरेको कसुरमा निजको समेत संलग्नता रहेको देखिने।

प्रतिवादी बालकृष्ण चन्द संस्था बन्द गर्ने निर्णय भएको मितिमा संस्थामा आबद्ध नभएको भए तापनि निज संस्थाको प्रबन्ध सञ्चालक पदमा रहेको अवधिमा भएको अनियमित कार्यहरूसमेत ठगी कसुरको अभिन्न अङ्ग भएको अवस्थामा प्रतिवादी बालकृष्ण चन्दको संस्थाबाट भएको ठगीको कसुरमा संलग्नता रहेको थिएन भन्न मिल्दैन । प्रतिवादी बालकृष्ण चन्दको समेत ठगीको वारदातमा संलग्नता रहेको नै देखिने।

प्रतिवादी धीरेन्द्र चन्द मिति २०६४।११।२४ देखि नै संस्थाको सम्पर्कमा नआएको कारणले निजलाई संस्थाको सचिव पदबाट मुक्त गरी निजको स्थानमा विनी बहादुर शाहीलाई सचिव पदमा नियुक्त गरेको व्यहोरा संस्थाको निर्णय पुस्तिकामा उल्लेख भएको देखिन्छ। त्यसैगरी अर्का प्रतिवादी भीमप्रसाद आचार्य संस्थाको सदस्य रहेको भएतापनी बचतकर्ताहरूबाट रकम उठाउँने ऋण प्रवाह गर्ने तथा अन्य प्रकारको आर्थिक क्रियाकलापहरूमा कुनै प्रकारको सहभागिता पुष्टि हुन सकेको अवस्था छैन। यी दुवै प्रतिवादीहरू धीरेन्द्र चन्द र भीमप्रसाद आचार्यले ठगी कार्यमा कस्तो प्रकारको भूमिका खेलेका थिए भन्ने कुरा मिसिल संलग्न कुनै प्रमाणबाट स्पष्ट हुन सकेको छैन। यसरी यी प्रतिवादीहरूले कुन आर्थिक दायित्त्वअन्तर्गत के कस्तो भूमिका र जिम्मेवारी पाउँदा के कसरी ठगी गरे भन्ने तथ्य स्पष्ट नभएको अवस्थामा निज प्रतिवादीहरूको ठगीको कसुरमा संलग्नता थियो भनी भन्न मिल्ने अवस्था नरहने।

एक कर्मचारीको हैसियतमा बचतकर्ताहरूबाट रकम बुझी संस्थाको खातामा जम्मा गर्नेसम्मको मात्र जिम्मेवारी रहेकोले बचत भएको रकम के कसरी परिचालन गर्ने भन्ने अधिकार निजमा रहेको भनी मान्न सकिँदैन। बचत भएको रकम परिचालन तथा प्रयोग गर्ने तथा संस्थाको गतिविधिहरूलाई नियन्त्रण र निर्देशन गर्न सक्ने हैसियतमा नरहेकी निज समीना चन्दलाई संस्थाले गरेको ठगी कार्यमा संलग्नता रहेको भनी मान्न नमिल्ने।

अभियोग पत्रमा रू.४०,८४,४४४।- दाबी गरिएको भए तापनि वचतकर्ता जाहेरवालाहरूले अदालतमा आई बकपत्र गरेको र संस्थामा जम्मा गरेको रकमका सम्बन्धमा मिसिल संलग्न निजहरूको पासबुकमा उल्लिखित रकम भिडाई हेर्दा जम्मा रू.१०,४८,३६६।- नै हुन आउने देखिन्छ। अभियोग पत्रमा कायम गरेको बिगो ठगिने भनिएका व्यक्तिहरूको बकपत्रबाट पुष्टि नभएसम्म केवल अनुसन्धानको क्रममा उल्लेख भएकै आधारमा बिगो कायम गर्न कानूनत: मिल्ने अवस्था देखिँदैन । ठगिने देखिएका पीडितले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट पुष्टि भएको ठगी भएको बिगो रकम रू.१०,४८,३६६।- नै कायम हुने देखिँदा सोही बिगोलाई तिनजनाबाट दामासाहीले जरिवाना गरी सोही बिगो पीडितलाई भराउने गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

प्रतिवादीहरू धिरेन्द्र चन्द, भिमप्रसाद आचार्य र समिना चन्दको अभियोग दाबीबमोजिम ठगी कार्यमा संलग्नता नरहेको देखियो भने प्रतिवादीहरू तेजबहादुर शाही, माधवजंग शाह र बालकृष्ण चन्दले वचतकर्ताहरू जाहेरवालाहरूको रू.१०,४८,३६६।-

ठगी गरी आरोपित कसुर गरेको देखिँदा निजहरूलाई मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम तिन वर्ष कैद र बिगो रू.१०,४८,३६६।- लाई तिनजनाबाट दामासाहीले हुन आउने रू.३,४९,४५५।३४ का दरले जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६९।०३।२४ को फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल मंसिर १४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CR-०८५३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पदमी घर्ती*

सुरू दाङ जिल्ला अदालत तथा पुनरावेदन अदालत, तुल्सीपुरले गरेको फैसलामा लिस्नोमा चढ्दा बच्चा जन्मी जमीनमा खस्दा ठोक्किन गई मृत्यु भएको भन्ने आधार लिइएको छ । प्रतिवादी पदमी घर्तीले अदालतमा सोही जिकिर लिएको भए तापनि उक्त जिकिर विश्वासयोग्य र स्वाभाविक रहेको देखिँदैन । घटनाको परिस्थिति हेर्दा अवैध शारीरिक सम्पर्कको परिणाम स्वरूप बच्चाको जन्म हुन गएको कारणले सामाजिक लोकलाजबाट बच्नको लागि मनसायपूर्वक नै वच्चाको स्याहार नगरी स्तनपानसमेत नगराई शिशुको शरीरमा विभिन्न चोटपटक पुर्‍याएको कारणले बच्चाको मृत्यु हुन गएको देखिन्छ । यस अवस्थामा निज प्रतिवादी पदमी घर्तीले मुलुकी ऐन, ज्यासम्बन्धी महलको १३(३) कसुर गरेको ठहर्छ। सो ठहर्नाले निजलाई सर्वस्वसहित जन्मकैद हुने।

प्रतिवादी पदमी घर्ती आफ्नो घरमा छोरा बुहारीसमेत भएकी एकल महिला रहेकी, निजको परपुरूषसँग करणी सम्पर्क भई सोबाट गर्भ रहेको हुँदा सामाजिक लोकलाजबाट बच्नको लागि अवैध गर्भबाट जन्मेको शिशुलाई प्रकाशमा नल्याउने उद्देश्यबाट प्रेरित भई प्रस्तुत घटना गरेको देखिन्छ। विधायिकाले वारदातको प्रकृति र अवस्थाको आधारमा स्वविवेक प्रयोग गरी दण्ड निर्धारण गर्न मुलुकी ऐन, अ.बं. १८८ नं. को कानूनी व्यवस्था गरी न्यायकर्तालाई न्यायिक स्वविवेकको अधिकार प्रदान गरेको छ । एक ग्रामिण महिलाले सामाजिक लान्छनाबाट बच्नको लागि अवैध शारीरिक सम्पर्कबाट रहन गएको गर्भबाट जन्मेको बालकको कर्तव्य गरेको अवस्था छ। यस परिस्थितिमा प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिन आएकोले अ.बं.१८८नं. को प्रयोग गरी सजायमा कमी गर्नु दण्ड निर्धारणको प्रचलित न्यायिक पद्धति अनुरूप न्यायसम्मत नै हुने देखियो । तसर्थ प्रतिवादी पदमी घर्तीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १ वर्ष ६ महिना कैद हुने।

भवितव्यबाट बच्चाको मृत्यु हुन गएको भनी प्रतिवादी पदमी घर्तीलाई ज्यानसम्बन्धी महलको ५ नं को कसुरमा ऐ.ऐनको दफा ६(२) अनुसार सजाय गर्ने गरी भएको सुरू दाङ जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६८।१।२७ को फैसला सो हदसम्म मिलेको नदेखिँदा आंशिक उल्टी हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल मंसिर १४ गते रोज ३ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-०८६१, वैदेशिक रोजगार, *नेपाल सरकार वि. रामचन्द्र अधिकारी*

न्यायाधिकरणमा उपस्थित भई बकपत्र गरिदिने व्यक्तिले उनाउ व्यक्तिका हकमा निवेदन जिकिरमा उल्लेख गरे पनि सरोकारवाला व्यक्तिले

सो बारे चिन्ता र चासो लिएको अवस्था देखिँदैन । उपस्थित भई बकपत्र गरिदिने जाहेरवाला आनन्दवीर तामाङ र पीडित दलबहादुर कुँवर बाहेकका अन्य व्यक्ति न्यायाधिकरणबाट जारी भएका म्यादभित्र उपस्थित नै नभई चुप लागि बसेको देखिन्छ । आफ्नो हक हितका बारेमा चासो नदिने, दाबी नलिने र प्रमाणित गर्न नसक्ने पक्षका विषयमा अदालत स्वयम् अग्रसर भई अनुमानका भरमा लिखत छ र भएकै हो भन्नु मात्र पर्याप्त नहुने हुँदा निजहरूको हकमा उक्त लिखतबमोजिमको रकम लिने दिने कसुर भएको हो भनि सो लिखतलाई निजहरूका हकमा प्रमाणमा लिन मिलेन । एउटै लिखत भए पनि फरक फरक व्यहोरा र अवस्था हुँदा ठोस र युक्तियुक्त प्रमाणले पुष्ट्याई नगरेसम्म सो लिखतलाई अनुमानकै भरमा प्रमाणमा लिई अप्रमाणित तथ्यका आधारमा कसुरदार ठहर्‍याई सजाय गर्नु न्यायको रोहमा उपयुक्त हुने नदेखिने ।

तसर्थ उल्लिखित कानूनी व्यवस्था, तथ्य, आधार प्रमाणबाट निज प्रतिवादी रामचन्द्र अधिकारीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिँदा सोही ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७०।८।१७ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: यामप्रसाद रेग्मी

संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६६-CI-०२३७, घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ, *कृष्ण कुमारी सुवेदी वि. हरिकृष्ण ढुंगेल*

वादीले दाबी गरेको जगामा प्रतिवादीबाहेक अ.बं.१३९ नं. बमोजिम बुझिएका व्यक्तिले घर बनाइ भोग चलन गरेकोमा निजहरूले प्रतिउत्तर लगाइ वादी दाबीलाइ खण्डन गर्न पाएको अवस्था छैन । साथै प्रमाण संकलनको क्रममा नक्सा मुचुल्कालगायतका प्रमाणहरूमा निजहरूलाई रोहबरमा राखी प्रमाण संकलन भएको अवस्था नै रहेन । जसले जग्गा खिचोला गरेको हो ती व्यक्तिउपर दाबी जिकिर नभएको र प्रमाण संकलनको क्रममा निजहरूले आफ्नो भनाइ राख्ने प्रस्तुत हुने अवसर नै पाएको देखिँदैन । घरजग्गा खिचोलाजस्तो प्रकृतिको मुद्दामा तिरो भरो दर्ता राजीनामा जस्ता लिखत प्रमाणहरूको महत्त्व हुने र त्यस्ता अ.बं. १३९ नं. बमोजिम बुझिएका व्यक्तिहरूले आफ्नो प्रमाण सविस्तार प्रस्तुत गर्ने मौकानै पाएको नहुने हुँदा अ.बं.१३९ नं. बमोजिम बुझिएका व्यक्तिको बारेमा यो मुद्दाबाटै निर्णय गर्दा प्राकृतिक न्यायको सिद्धान्तले मिल्ने नदेखिएकोले दाबीबिना रामचन्द्र श्रेष्ठ र भुवन कुमार जोशीको हकमा बोल्न मिल्ने नदेखिने ।

तसर्थ नक्सा मुचुल्कासमेतका प्रमाणहरूको आधारबाट सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६३।८।२७ मा भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।४।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भोजराज रेग्मी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल फाल्गुण १० गते रोज ३ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६८-CR-०४२० र ०६८-CR-०७०५, कर्तव्य ज्यान, *मानबहादुर कुमाल वि. नेपाल सरकार र अर्जुन कुमाल वि. नेपाल सरकार*

प्रतिवादीमध्येका शिवप्रसाद योगी, आशबहादुर कुमाल, युवराज कुमालले अनुसन्धान अधिकारीसमक्षको बयानमा यी पुनरावेदक प्रतिवादी मानबहादुरसमेतका प्रतिवादीहरूले कमल सुनारलाई घरबाट बाहिर बोलाई कुटपिट गरेको हो भनी उल्लेख गरेको देखिन्छ । यसरी प्रतिवादी मानबहादुरको मौकाको साबिती बयानलाई जाहेरवालाको बकपत्र तथा अन्य प्रतिवादीहरूको मौकाको बयानसमेतबाट पुष्टि भएको पाइन्छ । प्रतिवादी मानबहादुर कुमालले आफू वारदातको दिन र समयमा वारदातस्थलमा नभई सम्धीको घरमा गएको थिएँ भनी अन्यत्रस्थलमा रहेको जिकिर (Alibi) लिई कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । उक्त जिकिरका सम्बन्धमा हेर्दा प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा (१) मा भएको कानूनी व्यवस्थाबमोजिम आरोपित कसुरबाट सफाइ वा छुट पाउनको लागि घटनास्थलमा उपस्थित नभई अन्यत्र थिएँ भन्ने प्रतिवादीले आफू अन्यत्रस्थल रहेको पुष्टि गर्न सक्नुपर्दछ । वारदात दिन र समयमा आफू अन्यत्र रहेको भन्ने पुनरावेदक प्रतिवादीले आफ्नो भनाईलाई पुष्टि गर्ने कुनै ठोस तथ्ययुक्त प्रमाण पेस गर्न सकेको छैन । अतः आफू निर्दोष रहेको भन्ने प्रतिवादी मानबहादुर कुमालको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

जाहेरवालीले अदालतमा आई बकपत्र गर्दा अर्जुनले समेत लौरोले कुटपिट गरेको भने तापनि लास जाँच मुचुल्का र पोस्टमार्टम रिपोर्टले समर्थन गरेको पाईंदैन भने जाहेरवाला लक्ष्मी वि.क. ले जाहेरीमा उल्लेख गरेका व्यक्ति विष्णु भट्टराईले बकपत्र गर्दा प्रतिवादी अर्जुन कुमाललाई देखाएको पाईदैन । यसरी यी पुनरावेदक प्रतिवादी अर्जुन कुमालले कसुर गरेको प्रमाणित हुने ठोस सबुद प्रमाण वादी पक्षबाट प्रस्तुत गर्न सकेको देखिँदैन । यस अवस्थामा आकर्षित हुन नसक्ने परिस्थितिजन्य प्रमाणको प्रयोग गरी प्रतिवादी अर्जुन कुमाललाई कसुरदार ठहऱ्याएको सुरू नवलपरासी जिल्ला अदालत, तथा पुनरावेदन अदालत, बुटवलको फैसलासँग सहमत हुन सकिएन । अतः प्रतिवादी अर्जुन कुमाललाई जन्मकैदको सजाय हुने ठहर गरेको हदसम्म पुनरावेदन अदालत बुटवलको मिति २०६८।२।२६ को फैसला मिलेको नदेखिने ।

तसर्थ, विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी मानबहादुर कुमाललाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैद हुने ठहऱ्याई सुरू नवलपरासी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी मानबहादुर कुमालको पुनरावेदन जिकिर पुग्न सक्दैन । अर्का प्रतिवादी अर्जुन कुमालले कसुर गरेको प्रमाणित हुने ठोस सबुद प्रमाण वादी पक्षबाट प्रस्तुत गर्न सकेको नदेखिँदा निजलाई जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।२।२६ को फैसला नमिली सो हदसम्म उल्टी भई निज प्रतिवादी अर्जुन कुमालले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१३१९ र ०७०-CR-१०३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. करण लामिछाने मगरसमेत र करण लामिछाने मगरसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरू उपर किटानी जाहेरी रहेको भएपनि प्रतिवादीहरू उज्वल थापा, उत्तम खत्री, रामकुमार बुढाथोकी, लालबहादुर कार्की र रत्नबहादुर कार्कीले मृतक कृष्णकुमार बुढाथोकीलाई कुटपिट गरेका होइनौं करण लामिछाने मगर र

रमेश तामाङले कुटपिट गरी घाइते बनाएका कारण निजलाई उपचारको लागि अस्पताल लगेका हौं भनी बयान गरेको र सो बयान व्यहोरा पुष्टि हुने गरी रमेश तामाङ र करण लामिछाने मगरले मात्र कुटपिट गरेका हुन् भनी प्रत्यक्षदर्शी कल्पना कार्कीले मौकामा कागज गर्नुका साथै अदालतमा बकपत्रसमेत गरेको देखिएको र प्रतिवादीहरू करण लामिछाने मगर र रमेश तामाङले आफूहरूले तत्काल उठेको रिस थाम्न नसकी निज कृष्णकुमार बुढाथोकीलाई कुटपिट गरेकोमा सोही चोटका कारण निजको मृत्यु भएको भनी बयान गरेबाट घटनास्थलमा उपस्थित भएपनि यी करण र रमेशबाहेकका अन्य प्रतिवादीहरूको घटनामा संलग्नता छ भन्ने कुरा प्रमाणित हुन सकेको नदेखिने। मृतक कृष्णकुमार बुढाथोकीसँग यी प्रतिवादी करण लामिछाने मगर र रमेश तामाङको पूर्व रिसइवी रहेको नदेखिएको र मृतक कृष्णकुमार बुढाथोकी र उत्तम खत्रीका बीचमा भएको विवादका कारण प्रतिवादीहरू करण र रमेश तत्काल रिस उठी आवेशमा आई इँट्टा तथा लातमुक्काले प्रहार गरी कुटपिट गरेको र सोही चोट पीरले निज कृष्णकुमार बुढाथोकीको मृत्यु भएको देखिँदा प्रतिवादीहरू चल्ला भन्ने करण लामिछाने मगर र वाम भन्ने रमेश तामाङसमेतले पूर्वयोजना बनाई कृष्ण कुमारलाई कर्तव्य गरी मारेकोले ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्ने र अन्य प्रतिवादीहरूलाई समेत अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने हो भन्ने पुनरावेदक। वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू रमेश तामाङ र करण लामिछाने मगरले मृतक कृष्णकुमार बुढाथोकीले उत्तम खत्रीलाई खाते भनी गाली गरी झापडसमेत हानेको विषयमा तत्काल उठेको रिस थाम्न नसकी लात मुक्का र ईट्टाले समेत प्रहार गरेकोमा सोही चोटका कारण निज कृष्ण कुमारको उपचारको क्रममा मृत्यु भएको हो भनी वारदात स्वीकार गरी बयान गरेको र मौकामा कागज गर्ने प्रत्यक्षदर्शी कल्पना कार्कीले कृष्णकुमारलाई प्रतिवादीहरू करण लामिछाने र रमेश तामाङले मात्र कुटपिट गरेको र अन्य प्रतिवादीहरूले कुटपिट गरेका होइनन् भनी बकपत्रसमेत गरेको र मिसिल संलग्न प्रमाण कागजबाट यी प्रतिवादीहरू करण लामिछाने मगर र रमेश तामाङले कुटपिट गरेको र सोही चोटका कारण कृष्ण कुमार बुढाथोकीको मृत्यु भएको देखिएकाले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक। प्रतिवादी चल्ला भन्ने करण लामिछाने मगर र वाम भन्ने रमेश तामाङको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य एवम् आधार प्रमाणबाट प्रतिवादीहरू चल्ला भन्ने करण लामिछाने मगर र बाम भन्ने रमेश तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम जनही १० वर्ष कैद हुने र अन्य प्रतिवादीहरू उज्वल थापा, उत्तम खत्री, रामकुमार बुढाथोकी, लालबहादुर कार्की र रत्नबहादुर कार्कीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।५।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल जेठ १० गते रोज ४ मा शुभम्।

३

**मा.न्या.श्री मिरा खड्का र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०३९९, लुटपिट, *राजिन्द्र चौधरीसमेत वि. अरविन्द झा*

व्यक्तिवादी भई चलेको लुटपिट जस्तो मुद्दामा सरकार वादी अन्य फौजदारी मुद्दामा जस्तो वारदातको दसी प्रमाण बरामद गरी त्यस्तो दसी

प्रमाणबाट वारदात पुष्टि गर्न सकिने प्रश्न नआउने हुँदा यस्तो प्रकृतिको मुद्दामा वारदात पुष्टि गर्ने विश्वसनीय आधार त्यस्तो घटनाको साक्षीले बकेका कुरालाई नै ग्रहण गर्नुपर्ने । प्रतिवादीका साक्षीले समेत उल्लिखित वारदातमा वादी दाबीबमोजिमका सामानहरू लुटपिट गरी प्रतिवादीहरूले लगेका हुन् भनी किटानीसाथ बकपत्रमा लेखाइ दिएको देखिन्छ । साथै सुरू जिल्ला अदालतको आदेशले मिति २०६७।६।२ मा भई आएको सर्जमिन मुचुल्कामा शेष सफी आलम, शेख सरफुदीनसमेतका व्यक्तिहरूले वादी दाबीबमोजिम प्रतिवादीहरूले लुटपिट गरी लगेको तथ्यलाई पुष्टि गरी सर्जमीन व्यहोरा लेखाएको पाइन्छ । यी पुनरावेदक प्रतिवादीहरूले लुटपिट गरेकोमा इन्कार रहे तापनि सो इन्कारीलाई पुष्टि हुने गरी साक्षी सबुद प्रमाण पेस गर्न सकेको अवस्था मिसिल संलग्न प्रमाण कागजातहरूबाट नदेखिने ।

आफूले दाबीबमोजिम लुटपिट नगरेको प्रमाण यी पुनरावेदक प्रतिवादीबाट पुर्‍याउनु पर्नेमा निजहरूबाट आफ्नो निर्दोषिता पुष्टि हुने भरपर्दो सबुद पेस गरेको देखिन आएन । तसर्थ वादी प्रतिवादीका साक्षीले वादी दाबीलाई समर्थन हुने गरी गरेको बकपत्र, सर्जमिनका मानिसहरूले समेत वादीदाबीलाई पुष्टि हुने गरी सर्जमीन मुचुल्का लेखाइदिएबाट यी प्रतिवादीहरूले वादी दाबीबमोजिम लुटपिट गरेको ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिने ।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट वादीको फिरादमा उल्लेख भएको बिगोमध्ये रू.३,०२,०००।- बराबरको धनमाल यी पुनरावेदक प्रतिवादीहरूले लुटपिट गरी लगेको ठहरी प्रतिवादीहरूलाई मुलुकी ऐन, लुटपिटको ६. नं.बमोजिम जरिवाना भई निजहरूबाट लुटपिटको बिगोसमेत भरी पाउने ठहरी रौतहट जिल्ला अदालतबाट मिति २०६७।१०।२० मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।३।२७ मा भएको फैसला मिलेकै देखिँदा यस अदालतबाट मिति २०७०।४।२९ मा भएको निस्सासँग सहमत हुन सकिएन । पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।३।२७ को फैसला सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल वैशाख २१ गते रोज ५ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०३७५, उत्प्रेषण / परमादेश, *खुशीलाल साह वि. यातायात व्यवस्था विभाग, मीनभवन काठमाडौं*

रिट निवेदकको सेवा अवधि एक वर्षभन्दा कम नै बाँकी रहने अवस्था देखिएको हुँदा निजामती सेवा नियमावली, २०५० को नियम ३६(६) को कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा निवेदकलाई सरूवा गरिएको स्थानमा पठाउनु सामाजिक न्यायका दृष्टिले समेत उपयुक्त नहुने हुँदा रिट निवेदक खुशीलाल साहलाई विपक्षी यातायात व्यवस्था विभागले मिति २०७३।०६।१३ मा श्री यातायात व्यवस्था कार्यालय, वीरगञ्जबाट श्री यातायात व्यवस्था कार्यालय, बुटवलमा सरूवा गर्ने गरी गरेको निर्णय र विपक्षी उक्त विभागको च.नं. ११९१ मिति २०७३।०६।१४ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब रिट निवेदक अनिवार्य अवकाश हुने अवधि १ वर्षभन्दा पनि कम समयावधि बाँकी रहेको हुनाले निजले मागेको अवस्थामा बाहेक निज रिट निवेदकलाई सरूवा नगर्नु

नगराउनु भनी विपक्षी यातायात व्यवस्था विभाग, मिनभवन काठमाडौँका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

२

**मा.न्या. श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CI-११३७ र ०६८-CI-११३८, अंश चलन, *लक्ष्मी पोखरेल वि. केन्द्रप्रसाद पोखरेलसमेत र ज्ञानु पोखरेल वि. लक्ष्मी पोखरेल*

वादी र प्रतिवादीहरू अंशियार भएको र वादी प्रतिवादीबीच नाता सम्बन्धमा विवाद देखिँदैन । प्रतिवादी मध्येका नेत्रप्रसाद पोखरेल वादीका लोग्ने केन्द्रप्रसाद पोखरेल र मनमाया पोखरेल ससुरा तथा सासु, प्रतिवादी ज्ञानु पोखरेल सौता तथा प्रतिवादी निरज पोखरेल सौतेनी छोरा भएको देखिन आयो । वादी प्रतिवादीहरू एकासगोलका अंशियारा भएको देखिन्छ तर अंशियारको हैसियतले पाउनु पर्ने अंश लिई पाइ सकेको अवस्थासमेत नदेखिएको र प्रतिवादी पक्षले वादीले अंश पाउने होइन भन्ने जिकिर लिएपनि अंश नपाउने पर्ने कानूनी तथा तथ्यगत आधार देखाई सो कुरालाई पुष्टि प्रमाणित हुने गरी प्रमाण ऐन, २०३१ को दफा २७(२) तथा २८ न. अनुसार प्रमाण पेस गर्न सकेको अवस्था नदेखिँदा अंशियारको हैसियतले अंश लिई पाइसकेको नदेखिँदा एकासगोलको अंशियारले अंश नपाउने भनी भन्न मिल्ने नदेखिने ।

एकासगोलका अंशियारका नाममा रहेको सम्पत्ति देखिएको र बन्डा नहुने प्रकृतिको सम्पत्ति नभई बन्डा लाग्ने सम्पत्ति नै देखिन आएबाट उक्त कि.नं. ३२१ र ३२२ का जग्गाहरूबाट समेत पुनरावेदक वादी लक्ष्मी पोखरेलले आफ्नो फिराद दाबी अनुरूप अंश छुट्याई लिन पाउने नै देखियो । सो हदसम्म बन्डा नलाग्ने ठहऱ्याई भएको पुनरावेदन अदालत, इलामको मिति २०६८।३।२० को फैसला सो हदसम्म केही उल्टी भई उपरोक्त कि.नं. ३२१ र ३२२ का जग्गाहरूमा बन्डा लाग्ने ।

प्रतिवादीहरूमध्येका निरज पोखरेलले मिति २०५८।६।२९ मा र.नं. ८१९ बाट मावलीतर्फको हजुरबुवा मान कुमार सुब्बाबाट प्राप्त गरेको जग्गा हुँदा बन्डा लाग्ने होइन भने पनि, उक्त जग्गाको मालपोत कार्यालय, इलामबाट मिति २०५८।६।२९ मा र.नं. ८१९ मा दिने मानकुमार सुब्बा र लिने निरज पोखरेल भएको लिखतमा विषय "राजीनामा" भनी उल्लेख भएको देखिन आयो । वास्तविक जग्गाधनी रहेका प्रतिवादी निरज पोखरेलले उक्त मावली हजुरबुबाबाट राजीनामा प्राप्त गरेको जग्गा बन्डा लाग्ने गरी भएको पुनरावेदन अदालत, इलामको फैसलाउपर पुनरावेदन नगरी बसेका र एकासगोलका अंशियारले राजीनामाबाट खरिद गरेको जग्गा निजको निजी आर्जन पुष्टि गर्न नसकेको अवस्थामा सबै अंशियार बीच बन्डा लाग्ने नै हुन्छ । यस्तो अवस्थामा पुनरावेदक प्रतिवादी ज्ञानु पोखरेलले प्रतिवादी नीरज पोखरेलका नामका कि.नं. ८५ ८६, ८९, ३, २३ र ७६ का जग्गा बन्डा लाग्ने होइन, भनी लिएको जिकिर न्यायोचित नदेखिँदा निजको सो विषयको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

अतः झापा जिल्ला अदालतको मिति २०६६।८।३० को फैसलामा केही उल्टी गरी प्रतिवादी निरज पोखरेलका नाउँको जग्गाबाट समेत ५ भागको १ भाग वादीले अंश पाउने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०६८।३।२० मा भएको फैसलालाई अन्यथा भन्ने मिल्ने देखिएन् । तायदातीउपर कुनै प्रतिक्रिया नजनाइएको हुँदा कि.नं. ३२१ ३२२ का जग्गाबाट बन्डा नलाग्ने भनी निर्णय गरेको पुनरावेदन अदालत, इलामको फैसला सो हदसम्म उल्टी भई कि.नं. ३२१ र कि.नं. ३२२ को जग्गासमेत बन्डा लाग्ने ठहर्छ साथै प्रतिवादी निरज पोखरेलले मावली हजुर बुवाबाट राजीनामा गरी लिएको जग्गा बन्डा लाग्ने जग्गा

होइनन् भन्ने पुनरावेदक प्रतिवादी ज्ञानु पोखरेलको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CI-१२९८, अंश, *सफिकुन निसा जोलाहा अन्सारी वि. लियाकत अली जोलाहसमेत*

सम्बन्ध विच्छेद हुनभन्दा अगावै वादीले यी पुनरावेदक प्रतिवादीसमेत उपर अंश मुद्दा दायर गरेबाट वादी, प्रतिवादीहरू बीचको नाता सम्बन्धमा कुनै विवाद देखिएन। यस्तो अवस्थामा एकासगोलमा परिवारका नाता भित्र अंशमा दाबी गर्न नपाउने भन्ने हुँदैन। सम्बन्ध विच्छेद भएपनि पारिवारिक नाता कायम रहिरहेको अवस्थामा अंश मुद्दा परेपछि यी पुनरावेदक सफिकुन निसाको पति सरवर अलि जोलाहासँग सम्बन्ध विच्छेद भए पनि सो अगावै परेको अंश मुद्दामा सगोलको अशियारका नाउँमा रहेको सम्पत्तिमा सबै अंशियारहरू कानूनअनुरूपको आफ्नो अंश हकबाट विमुख वा वञ्चित हुने भन्ने कुरा कानूनसम्मत हुन सक्दैन। तसर्थ तत्काल कायम रहेको नाताको कुरालाई पछि भएका मिलापत्रको आधारमा अघि परेको अंश मुद्दाको सगोलका परिवार भित्रको अंश हकलाई असर पार्न नसक्ने।

दाइजोको रकमबाट खरिद गरेको जग्गा आफ्ना बाबुलाई साक्षी राखेपनि अंश हकमा दाबी गर्न सक्ने अंशियारलाई नै साक्षी राखेको देखिँदैन साथै यी पुनरावेदक प्रतिवादी सफिकुन निसाले उक्त जग्गा खरिद गरेको रकम दाइजोबापत प्राप्त रकम हो भनी कुनै अकाट्य प्रमाण पेस दाखिल गर्न नसकेको अवस्थामा लिखतमा दाइजो लेखेकै आधारमा दाइजो भनेर मान्न मिल्ने देखिएन अतः नेपालगञ्ज नगरपालिका वडा नं. १० को कि.नं. ९६१ को ०-१-० र ऐ. वडा नं. ८ को बेलगतिको ०-०-१८$^{१}/_{२}$ जग्गालाई निजी आर्जन र दाइजो ठहर गरी पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ कि.नं. ९६१ को जग्गा बन्डा लाग्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसलालाई सो हदसम्म सदर गरी बेलगतिको ०-०-१८$^{१}/_{२}$ जग्गासमेतमा निजी आर्जन नठहर्ने गरी निजले दाइजोको रकमबाट किनेको भनेकै आधारमा मात्र उक्त जग्गा दाइजोको रकमबाट खरिद भएको भनी भन्न मिल्ने नदेखिँदा उक्त जग्गासमेत यी पुनरावेदक प्रतिवादी सफिकुन निसाको दाइजोको ठहऱ्याई बन्डा नलाग्ने भनी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म उल्टी गरी सबै ५ जना अंशियारको अंशहक लाग्ने भई निजी आर्जन र दाइजो नठहर्ने गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।२।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

## इजलास नं. १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०६८-WO-००२६, उत्प्रेषण, *सिमा अग्रवाल वि. नेपाल बैंक लिमिटेड, इन्द्रचोकसमेत*

मिति २०६८।३।८ को गैह्र बैंकिङ सम्पत्ति अन्तरगत घरजग्गा बिक्री गर्न सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी सूचनाको ६ नं. मा बोलपत्र स्वीकृत गर्ने वा नगर्नेसम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ भन्ने उल्लेख भएको देखिन्छ। यस अवस्थामा निवेदकले सो शर्तलाई पालना गर्न मन्जुर भई बोलपत्र पेस गरेको मान्नुपर्ने हुन्छ। विपक्षी बैंकले उक्त सूचना

पूर्व आह्वान गरेको बोलपत्र सूचनामा निवेदकले पेस गरेको मूल्यभन्दा बढी मूल्यको बोलपत्र पेस भएको परिप्रेक्ष्यमा निवेदकले पेस गरेको बोलपत्र अस्वीकृत भएको देखिन्छ । बोलपत्र आह्वानकर्ताले बिक्री गर्न लागेको सम्पत्तिको बढीभन्दा बढी मूल्यमा बिक्री होस भन्ने चाहना राख्नुलाई अन्यथा भन्न सकिँदैन । तसर्थ बोलपत्र आह्वानकर्ताको अधिकारमा यस अदालतले हस्तक्षेप गर्नु जायज हुने नदेखिने ।

अतः निवेदकले पेस गरेको बोलपत्र अस्वीकृत भइसकेको देखिएको र सो को जानकारी निवेदकलाई दिइसकेको देखिँदा निवेदन मागबमोजिमको बोलपत्र अस्वीकृत गर्ने निर्णय नगर्नु नगराउनु भनी आदेश जारी गरी रहनु पर्ने स्थिति रहेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: देविमाया खतिवडा

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम् ।

## इजलास नं. १६

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७१-CR-०८९२ र ०७१-CR-०९५४, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *खिलनाथ सेढाईसमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. खिलनाथ सेढाईसमेत*

प्रतिवादीहरूले मृतकलाई निज बस्ने माछा पोखरीसम्म छाड्न आएका र निजहरूले मृतक जियन चौधरीलाई कुटपिट गरेको कुरा मृतकको शरीरको टाउको छातीलगायतका भागमा रहेका घाउचोटहरूबाट देखिन आयो । यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेका हुन् भनी जाहेरी परेको तथा सो जाहेरीलाई समर्थन गरी अदालतसमक्ष उपस्थित भई जाहेरवाला धनराज चौधरीले बकपत्र गरेको देखिन्छ । मृतकको शरीरका विभिन्न भागहरूमा एकभन्दा बढी चोटपटक लागेको देखिँदा यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेका र सोही कुटपिटका कारणबाट मृतकको मृत्यु हुन पुगेको कुरा मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूबाट पुष्टि भएको पाइयो । यस्तो स्थितिमा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय हुने गरी गरेको सुरू चितवन जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिन आउने ।

प्रतिवादीहरूले चोरी गरेको कुरामा अनुसन्धान अधिकारी तथा अदालतसमक्षको बयानमा इन्कारी भई बयान गरेको देखिन्छ । जाहेरवालाहरूले मृतकसँग साथमा रहेको रू.४७,०००।– र मृतकको श्रीमतीले लगाएको ३ तोलाको सिक्री चोरी लगेको भनी जाहेरीमा उल्लेख गरे तापनि प्रतिवादीको साथमा के-कति नगद रूपैयाँ थियो भन्ने कुरा स्पष्टरूपमा खुलेको देखिँदैन । मृतकका श्रीमतीले ३ तोला सुनको सिक्री लगाएको थिइन् र सो सिक्री यी प्रतिवादीहरूले चोरी लगेका हुन् भन्ने कुराको भरपर्दो प्रमाण जाहेरवालाबाट पेस दाखिला हुन सकेको पाइँदैन । राति मचानमा सुत्न जाँदा तिन तोलाको सिक्री लगाई गयो होला भनी विश्वास गर्न सकिएन यस्तो स्थितिमा केवल जाहेरीमा जबर्जस्ती चोरीको कुरा उल्लेख भएको आधारमा मात्र यी प्रतिवादीहरूलाई चोरीको अभियोगमा पनि कसुरदार कायम गर्न मिल्ने देखिँदैन । शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायशास्त्रको मान्यता रहेको र प्रतिवादी कसुरमा इन्कार रहेको र निजहरूले चोरीको कसुर गरेको हुन् भन्ने भरपर्दो र विश्वासनीय प्रमाणको अभावमा निजहरूलाई चोरीको कसुरमा सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भएको भन्न मिल्ने देखिन नआउने ।

अतः माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरू गोकर्ण भन्ने खिलनाथ सेढाई र रिमबहादुर राईलाई चोरीतर्फको कसुरमा सफाइ दिने

र कर्तव्य ज्यानको कसुरमा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्मकैद हुने ठहर्छ। कैदको हकमा विचार गर्दा मृतक र प्रतिवादीहरू सँगैबसी मादक पदार्थ सेवन गरेको अवस्था, मार्नुपर्नेसम्मको पुर्व रिसईवी पनि नदेखिएको, सांघातिक हतियारको प्रयोग पनि नभएको, रक्सी खाई भएको भनाभनमा घटना घटेको देखिँदा भवितव्य हो कि भनी शङ्का गर्ने अवस्थासम्म देखिएको र कसुरको प्रकृति, अपराध हुँदाको अवस्था, मृतक र प्रतिवादीहरूबीचको सम्बन्धसमेतलाई मध्य नजर गरी यी प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं.बमोजिम १० वर्ष कैद हुने गरी राय लगाई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।७।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा (देबिना)

इति संवत् २०७३ साल माघ २७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७०-CI-००८७, गैर नागरिक मोही लगत कट्टा, *मकसुद मियाँ वि. राजिन्द्र राउत कुर्मी*

प्रतिवादी लतिफन खातुनका पति स्व. वाली मियाँलाई प्रचलित कानूनबमोजिम विवादित जग्गाको मोही हक प्राप्त हुन सक्ने अवस्थामा मात्र निजको मृत्युपश्चात् प्रतिवादीको नाउँमा मोही हक सरी आउने हो। निजका पति स्व. वाली मियाँको नाउँमा प्रचलित कानूनबमोजिम मोही हक प्राप्त हुन नसक्ने अवस्थामा यी पुनरावेदकमा निज स्व. पतिको नाउँको मोही हक सर्ने अवस्था नै रहदैँन। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(५)(ख) को कानूनी व्यवस्थाले गैर नेपाली नागरिकलाई मोही हक प्राप्त नहुने स्पष्ट कानूनी व्यवस्था गरेको र लतिफन खातुनका पति स्व. वाली मियाँ भारतीय रहे भएको देखिएको यस अवस्थामा स्व. वाली मियाँलाई विवादित जग्गाको मोही हक प्राप्त हुने अवस्था नदेखिने।

वादीले गैर नेपाली नागरिकको मोही लगत कट्टा गरी पाउन दाबी लिई उजुरी परी भूमि सुधार कार्यालयबाट फैसला हुँदाका अवस्थासम्म यी पुनरावेदकले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिँदैन। प्रचलित कानूनले स्व. वाली मियाँलाई मोही हक प्राप्त हुन नसक्ने देखिएकोले निजको श्रीमती लतिफन खातुनले निजको पति वाली मियाँको मृत्यु पश्चात् मिति २०६३।११।१३ मा जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको आधारमा मात्र स्व. पति वाली मियाँको पत्नी भएको नाताले यी पुनरावेदकले विवादित जग्गाको मोही हक प्राप्त गर्न सक्ने नदेखिने।

तसर्थ प्रतिवादीका पति मोहीयानी हक प्राप्त भएको बेला भारतीय नागरिक भएको पुष्टि हुन आएकोले गैर नागरिक मोही लगत कट्टा हुने ठहऱ्याई भूमि सुधार अधिकारीले गरेको निर्णय सदर हुने भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।५।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ १४ गते रोज ६ शुभम्।

## इजलास नं. १७

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०३५१, भ्रष्टाचार, *चन्द्रबहादुर वली वि. नेपाल सरकार*

भ्रष्टाचारको कसुर निरन्तरको अपराध हो। नक्कली प्रमाणपत्र पेस गरी कोही व्यक्तिले नोकरीमा रहन्छ भने सो कसुर सधैँ नै कसुर हुन्छ।

पुनरावेदक प्रतिवादी चन्द्रबहादुर वलीले आफूले सेवा प्रवेश गर्दा पेस गरेको कुरालाई स्वीकार गरेको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र नै नक्कली भएपछि सो सेवाबाट अवकाश प्राप्त गरिसकेको हुँदा कसुरदार ठहर गर्न मिल्दैन भन्ने व्यहोरा मनासिब पनि देखिँदैन । सोही सेवामा रहँदा निजले सेवाबापतको आर्थिक लाभ मात्र हैन सेवाबाट निवृत्त भएपछि तोकिएबमोजिमको सेवाबापतको सुविधा वा लाभ प्राप्त गरिरहने हुन्छ । निज प्रतिवादीले सेवा प्रवेश गर्दा पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली वा झुट्ठा देखिएपछि निजले अनुसन्धानकै क्रममा अवकाशप्राप्त गरिसकेको हुँदा गरेको कसुरबाट छुट पाउनुपर्छ भन्नु कानूनतः मिल्ने नदेखिने।

प्रतिवादीले पेस गरेको विवादित शैक्षिक योग्यताको प्रमाणपत्रकै आधारमा स्थायी सेवामा प्रवेश गरी निवृत्तिभरणलगायत लाभ र सुविधासमेत प्राप्त गरिरहेको देखिँदा भइसकेको र गरिसकेको कसुरबाट छुटकारा दिन मिल्ने नदेखिने।

तसर्थ उल्लिखित तथ्य, कानूनी व्यवस्था, आधार कारणबाट निज प्रतिवादी चन्द्रबहादुर वलीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको भनी सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।– (पाँच सय) जरिवाना हुने ठहऱ्याई सुरू विशेष अदालत, काठमाडौंबाट मिति २०७१।१२।२० मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फाल्गुण २४ गते रोज ३ शुभम्।

२

**मा.न्या.डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०७४४, भ्रष्टाचार, *नारायणबहादुर घर्तीमगर वि. नेपाल सरकार*

प्रमाणपत्र प्रमाणिकरणबारे फरक फरक विवरण प्राप्त भए पनि अनुसन्धानका क्रममा र पछि अदालतमार्फत बुझ्दासमेत तोकिएको शैक्षिक योग्यताको अभिलेख राख्ने निकायले आधिकारिक तवरबाट बुझी लेखी आएको विवरणलाई अन्यथा हुने गरी प्रमाण पुऱ्याउन सकेको नदेखिँदा निज पुनरावेदक प्रतिवादी नारायणबहादुर घर्ती मगरले वि.स. २०५२ सालमा सेवा प्रवेश गर्दा पेस गरेको उक्त प्रमाणपत्र झुट्ठा भएको नै देखिने।

झुट्ठा शैक्षिक योग्यताका प्रमाण पत्रबारे प्रतिनिधि सभा, राज्य व्यवस्था समितिले नापी विभाग र अन्तर्गत कार्यरत रहेको ७२ जना कर्मचारीहरूको एकमुष्टरूपमा छानबिन गरी यकिन गर्ने कार्यका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाइएकोसम्म देखिन्छ । सोबाहेक उक्त छानबिन भएको व्यहोरा बारे थप कारवाही भएको देखिँदैन । भ्रष्टाचारजन्य कार्यका लागि अनुसन्धान र अभियोजन गर्ने निश्चित पदाधिकारी र निकाय किटान भएको अवस्थामा अन्य सरोकारवाला निकायले छानबिन गरेको व्यहोरालाई अनुसन्धान सरहको मान्यता दिनु र सो निष्कर्षलाई आधिकारिक र कानूनसङ्गत निर्णय मान्नु उपयुक्त पनि नहुने।

प्रतिवादी नारायणबहादुर घर्ती मगरले २०५२ सालमा सेवा प्रवेश गर्दा नै विवादित शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको देखियो । वर्तमान नेपालको संविधानको धारा २०(४) मा कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएबमोजिम मात्र सजाय गरिने प्रत्याभूति दिएको अवस्थामा निजको कार्यमा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ नै लागू हुने।

तसर्थ, उल्लिखित तथ्य, कानूनी व्यवस्था, आधार कारणबाट यी प्रतिवादी नारायणबहादुर घर्तीमगरले झुट्ठा एवम् नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ को कसुर गरेको ठहऱ्याई

निजलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।– (पाँचसय रूपैयाँ) जरिवाना हुने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७२।०२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

३

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-१३६९, भ्रष्टाचार, *बबिता खनाल वि. नेपाल सरकार*

अनुसन्धानका क्रममा मिति २०६९।०१।२० देखि निलम्बनमा रहेको र मिति २०६९।०१।०८ मा अनुसन्धान अधिकृत नियुक्त भएको दुवै अवस्थामा पनि माथि उल्लिखित कानूनी व्यवस्थाअनुरूप नै तोकिएको हदम्याद २ वर्षभित्रै प्रस्तुत मुद्धा दायर भएको देखिन्छ । अपराधको सूचना प्राप्त भएपछि त्यसको प्रारम्भिक वा अनौपचारिक छानबिनलाई कानूनले निर्दिष्ट गरेको अनुसन्धानका रूपमा लिन नमिल्ने।

जिम्मेवार निकाय वा पदाधिकारीले प्राप्त सूचनाकै आधारमा गरेको प्रारम्भिक छानबिनलाई आधार मानी हदम्यादजस्तो हक बेहक वा आपराधीकरण गर्ने वा नगर्ने विषयको प्रस्थान विन्दु मान्दा न्याय पर्ने अवस्थाबाट विमुख हुनुपर्ने हुनसक्छ। अभियोग दाबी लिनु नै पर्याप्त नहुने र सोको सुक्ष्म विश्लेषण बिना प्रक्रिया पूरा गर्ने नाममा उजुरी दायर गरेकै आधारमा कुनै व्यक्तिलाई आपराधीसरह व्यवहार हुने र देखिने गरी कारवाही हुनुपर्छ भन्नु पनि न्यायोचित नहुने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रारम्भिक छानबिन पछि कसुरदार भएको कुनै तथ्ययुक्त प्रमाणका आधारमा विस्तृत कानूनी दायरामा ल्याउनका लागि अनुसन्धान अधिकृत नियुक्त गरेको स्थितिमा मात्रै अनुसन्धान प्रारम्भ भएको मान्नु नै मनासिब हुने।

प्रतिवादी बबिता खनाललाई तोकिएका अनुसन्धान अधिकृतबाहेकका अन्य पदाधिकारीले झिकाउने, बुझ्ने वा बयान लिनेलगायतका अनुसन्धानका कार्य भए गरेको थियो भन्ने मिसिल संलग्न प्रमाण र पुनरावेदक प्रतिवादीबाट समेत पुष्ट्याई दिन सकेको पाइँदैन। निज पुनरावेदक प्रतिवादी विरूद्ध परेको उजुरी निवेदनउपर निज कार्यरत संस्था, प्रमाणपत्र जारी गर्ने र अभिलेख राख्ने निकायबाट प्रारम्भिक जानकारी लिने बाहेक अनुसन्धान स्वरूपनै विशेष वा प्रत्यक्ष प्रभाब पर्ने किसिमले काम कारवाही भएको भन्ने पनि देखिँदैन।भ्रष्टाचार निवारण ऐनको समग्र व्यवस्थालाई हेर्दा कुनै उजुरी वा कसुर सम्बन्धमा अनुसन्धान गर्न आवश्यक देखिन आएमा पहिला अनुसन्धान अधिकृत नियुक्त गर्नुपर्ने गरी व्यवस्था भएको पाइन्छ। कुनै अपराध वा कसुर वा कसुरदारबारे प्रारम्भिक सूचना मात्र सो व्यक्ति विरूद्ध अनुसन्धान वा अभियोजनको आधार नबन्ने।

अभियोग दाबी लिइएको कानूनी व्यवस्था तर्फ हेर्दा प्रतिवादीउपर साबिक ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर कायम गरी दुवै ऐनको सजायको माग दाबी लिइएको देखिन्छ । तत्कालिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४) र प्रचलित नेपालको संविधानको धारा २०(४) मा समेत कसुर हुँदाका बखत प्रचलनमा रहेको कानूनबमोजिम सजाय हुने व्यवस्था गरेको र प्रतिवादीले प्रस्तुत विवादित प्रमाणपत्र रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालमा मिति २०५२।१२।७मा नै पेस गरेको देखिँदा प्रस्तुत कसुरमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ नै आकर्षित हुने।

तसर्थ उल्लिखित तथ्य, कानूनी व्यवस्था, आधार र कारणबाट प्रतिवादी बबिता खनालले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहरेकाले निजलाई सोही ऐनको दफा

१२ र २९(२) बमोजिम रू.५००।- (पाँच सय रूपैयाँ) जरिवाना हुने भनी विशेष अदालत, काठमाडौंबाट मिति २०७१।६।१ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्र केशरी पोखरेल

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

## इजलास नं. १८

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-१०८३, जग्गा खिचोला घर उठाई चलन, *रामप्रसाद चौधरीसमेत वि. चन्दर देवी चौधरीसमेत*

वादी दाबीको कि.नं. ८७ को जग्गामा प्रतिवादीहरूले मिति २०३९ साल देखि घर बनाई बसोबास गरी आएको भनी प्रतिउत्तर फिराए तापनि सो घर जग्गा कानूनबमोजिम वादीका पिताबाट हक हस्तान्तरण गरी लिएको वा राजीनामा लिखत रजिस्ट्रेसन पारित गराउन प्रयत्न गरेकोलगायतका कुनै प्रमाण प्रतिवादीबाट पेस हुन आएको नदेखिँदा विवादित जग्गा वादीको नाम दर्ता रहेको र वैधानिक रूपमा वादीको हक टुटिसकेको अवस्था विद्यमान नरहेको भन्ने कुरामा विवाद देखिएन। वादीको उक्त कि.नं. ८७ को ०-२-० जग्गामा प्रतिवादीहरूले ६ वटा घर २०३९ सालदेखि नै निर्माण गरि बसोबास गरी आएका छौं भने पनि अदालतबाट भएको नक्सा मुचुल्काबाट उक्त जग्गाको पश्चिमपट्टीबाट जम्मा ८ थान घरहरू निर्माण भएको देखिएको हुँदा प्रतिवादीको भनाइहरू पूर्णरूपमा विश्वासनीय र प्रमाणयुक्त देखिन आउँदैन । यसैबाट पनि वादीको जग्गामा प्रतिवादीहरूले कब्जा खिचोला गरेको रहेछन् भन्ने कुरामा पनि विवाद नदेखिने।

वादीले फिराद पत्रमा कि.नं. ८७ को ०-२-० जग्गाको पश्चिमपट्टी बाट ०-०-१० जग्गा प्रतिवादीहरूले मिची घर बनाएको भनी दाबी लिएको देखिन्छ भने प्रतिवादीका साक्षीहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दा कि.नं. ८७ को ०-२-० जग्गाको पश्चिम पट्टीबाट ०-०-१० जग्गामा प्रतिवादीहरूले २०३९ सालमा घर निर्माण गरी बसी आएको भनी बकपत्र गरेको देखिन्छ तर अदालतबाट भई आएको नक्सा मुचुल्का हेर्दा न.नं. २ मा ४ वटा र न.नं. ३ मा ४ वटा घरहरू रहेको देखिन्छ। उक्त घर र घरले चर्चेको न.नं. २ र ३ को घर जग्गाको क्षेत्रफल नक्सा मुचुल्काबाट ०-१-५.३४ देखिन्छ । यसरी हेर्दा वादी दाबी र प्रतिवादीका साक्षीहरूको भनाई भन्दा बढी जग्गामा प्रतिवादीहरूले जिकिर लिएको ६ थानभन्दा बढी घर ०-०-१० भन्दा बढी जग्गामा बनाएको देखियो। यदि ०-०-१० जग्गामा ६ थान मात्र घर बनाएको देखिएको भए प्रतिवादीको जिकिर र प्रमाणबाट निजले २०३९ सालमै वादीहरूको सहमति मन्जुरीमा घर निर्माण गराएको भन्ने कुरा पुष्टि हुन सक्ने अवस्था हुन्थ्यो तर नक्साबाट दाबीको जग्गाभन्दा बढी अर्थात सम्पूर्ण जग्गाको आधाभन्दा बढी जग्गामा घर निर्माण गरेको र घरको संख्या पनि बढी देखिन आएको स्थितिमा प्रतिवादीहरूले वादीको जग्गामा २०३९ सालमा मात्र घर नबनाई क्रमशः भिन्दै घर बनाउँदै गरेको रहेनछन् भन्न सकिने अवस्था नदेखिने।

सम्पूर्ण जग्गा वादीहरूकै नाउँ दर्तामा रहेको अवस्थामा केही जग्गामा २०३९ सालमै घर निर्माण गरी बसेको मिसिल प्रमाणबाट देखियो। सो सबै घर भत्काई पाउँ भनी नालेस गर्न घर बनाउनेको महलको ११ नं. बमोजिम घर तयार भएको मितिले १ वर्षभित्र नालिस गर्नुपर्ने हुन्छ । वादीले उक्त समयावधि भित्र नालिस दिएको पनि देखिँदैन । तर प्रतिवादीहरूले केही घर पछि बनाएको भन्ने घरको अवस्था र जग्गाको क्षेत्रफल ०-०-१० मात्र प्रतिवादीहरूलाई भोगको लागि दिएको दिएको भन्ने फिराद दाबी, प्रतिउत्तर जिकिर

र प्रमाणबाट पुष्टि हुन आएको र नक्सा मुचुल्काबाट देखिन आएको हुँदा न.नं. २ को क, ख, ग का घरहरू प्रतिवादीले फिराद मितिको सेरोफेरोमा नै बनाएको भन्ने र बाँकी घरहरू प्रतिवादीले २०३९ सालको हाराहारी मै निर्माण गरेको भन्ने देखिन आउने।

तसर्थ, वादी दाबीको कि.नं. ८७ को ०-२-० जग्गा वादीको नाउँको जग्गा भन्ने विवाद नभएको र प्रतिवादीले न.नं. २ को क, ख, ग बाहेकका घरहरू फिराद दाबी भन्दा धेरै अघिदेखि घर बनाई बसेको देखिएको अवस्थामा घर बनाउनेको ११ नं. को हदम्याद नघाई फिराद परेको देखिन्छ। कि.नं. ८७ वादीको नाममा दर्ता रहेकोमा विवाद नभएकोले नक्सा मुचुल्काबाट देखिएका न.नं. २ को क, ख, ग ३ थान घरहरू पछि बनाएको आधारमा ती घरहरू हटाई वादीलाई चलन चलाई दिने भन्ने पुनरावेदन अदालतको फैसलामा त्रुटि देखिन नआउने।

तसर्थ, वादी दाबीको विवादित कि.नं. ८७ को जग्गामा वादीको हक स्वामित्व कायम हुने स्वीकार गरी न.नं. २ मा रहेको क, ख, ग मा रहेको ३ थान घरहरू हटाई वादीलाई चलनसमेत चलाई दिने ठहरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।१०।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६८-CI-०६३७, निषेधाज्ञा, *चन्दर देवी चौधरीसमेत वि. इकाइसलाल चौधरीसमेत* भएको मुद्दामा पनि यसै अनुसार फैसला भएके छन्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०७३७, बन्दीप्रत्यक्षीकरण, *रामगोबिन्द चौधरी वि. जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरसमेत*

निवेदकको भनाइमा आफू रामगोविन्द चौधरी भएको र सोही नाममा नागरिकतासमेत लिएकोबाट कैद ठेकिएको गोविन्द चौधरी आफू नरहेको भन्ने देखिन्छ। मिसिल संलग्न प्रमाण हेर्दा गोविन्द चौधरीको अंश सम्पत्ति रोक्का राख्नु पर्ने भई कञ्चनपुर जिल्ला अदालतको डोरले निजको बसोबास स्थल गई गाउँ विकास समितिका सचिवसमेतको रोहबरमा निजको सम्पत्ति रोक्का गरिएको मिति २०६२।९।८ को मुचुल्का मिसिल संलग्न रहेको देखिन्छ। उक्त सम्पत्ति रोक्काको विषयमा पनि निवेदकले विवाद उठाएको वा अन्य व्यक्तिको अंश सम्पत्ति रोक्का हुनुपर्नेमा गोविन्द चौधरीको नाममा तामेल भएको म्याद सम्बन्धमा समेत निजको घर दैलोमा टाँस भएको भन्ने देखिएको र उक्त म्याद टाँस मुचुल्का बेरीतको भएको भनी मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम दाबी लिएको पनि नदेखिने।

आफैँले दायर गरको बन्दीप्रत्यक्षीकरणको निवेदनमा समेत आफ्नो ठेगाना देखतभूली गाउँ विकास समिति वडा नं. ९ रहेको भन्ने उल्लेख भएको र यिनै निवेदकले निवेदनसाथ पेस गरेको देखतभूली गाउँ विकास समितिको कार्यालयका सचिवबाट मिति २०६९।८।२२ को जो जससँग सम्बन्धित छ भनी लेखिएको सिफारिस पत्रको व्यहोरा हेर्दा मिति २०४६।२।२९ मा रामगोविन्द चौधरीका नाममा जारी भएको नागरिकता प्रमाणपत्रमा उल्लिखित व्यक्तिलाई नै घरायसी (छोटकरी) बोलचालमा गोविन्द चौधरी भनी बोलाइन्थ्यो भनी प्रमाणित गरिदिएको देखिन्छ। उक्त मिति २०६९।८।२२ को गाउँ विकास समितिको पत्रलाई निवेदकले कुनै सक्षम निकायसमक्ष चुनौती दिएको समेत देखिएन। यस अवस्थामा निवेदकको जिकिरबमोजिम रिट जारी हुनुपर्ने अवस्था देखिन नआउने।

अतः पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६९।९।१ मा रिट निवेदन खारेज गर्ने

गरी भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम् ।

**एकल इजलास**

**मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७३-WO-०७१३, उत्प्रेषण / परमादेश, *मेघराज लम्साल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

सम्बन्धित निकायहरूले मापदण्डअनुरूप निर्माण भए नभएको सम्बन्धमा तत्तत् निकायहरूले अनुगमन गर्नुपर्ने ती निकायहरूको कानूनी कर्तव्य हो । ती निकायहरूले के कुन स्थानमा के कस्ता प्रकृति एवम् प्रयोजनका भवन बनाउन दिनेबारे आवश्यक्ता अनुसार प्रचलित कानूनको अधीनमा रही मापदण्ड इत्यादि बनाउन सक्ने र ती मापदण्डहरूको पालना भएको छ छैन भन्ने सम्बन्धमा अनुगमन गर्न सक्ने नै हुन्छ । निवेदकबाट पेस भएको काठमाडौं महानगरपालिकाको पत्रबाट सम्बन्धित निकायले कारवाही चलाएको प्रष्ट देखिइरहेको छ । निवेदकको निवेदन व्यहोरा हेर्दा विपक्षी बनाईएका सरकारी निकायहरूबाट कारवाही चलाउने विषयमा आवश्यक कारवाही गर्न सक्ने नै देखिँदा तथा निवेदकले समेत सचेत नागरिकको हैसियतले समेत तत् तत् निकायहरूबाट भएका कारवाहीको सूचना लिन सक्ने नै हुँदा तत्काल रिट क्षेत्रबाट हस्तक्षेप गर्नु उचित नदेखिएको हुँदा निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था देखिएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**